# पहिलो परिच्छेद

## शोधपरिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **साहित्यकार खेमराज ज्ञवालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

### १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग एम्. ए. दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार पारिएको हो ।

### १.३ विषयपरिचय

अर्घाखाँची जिल्लाको ठूलाखर्क गा.वि.स. वडा नं. ७ मा वि.सं. १९८७ सालमा जन्मिएका खेमराज ज्ञवाली एक कुशल स्रष्टा हुन् । मूलतः बीसको दशकदेखि साहित्यतर्फ आफ्नो कलम चलाएका ज्ञवालीले फुटकर कविता र गीतिकाव्यका साथै अनुवाद साहित्यका क्षेत्रमासमेत सफलता प्राप्त गरेका छन् । संस्कृतका साहित्य व्याकरण, वेदान्त दर्शन भागवत गीता, महापुराण जस्ता रचनाहरूको अध्ययन गरेका ज्ञवालीले अध्ययनका क्रममा काशी विश्वनाथ भगवानको स्तुति गरी रचना गरेको **श्री कृष्णनाथको जननी** (सन् १९८४) शीर्षकको कविताबाट साहित्य यात्रा प्रारम्भ गरेका थिए । यही कृतिबाट प्रारम्भ भएको ज्ञवालीको साहित्ययात्रा गीतिकाव्य हुँदै अनुवाद साहित्यसम्म विस्तारित हुन पुगेको छ । ज्ञवालीले नेपालकै प्राकृतिक सुन्दरताले भरिपूर्ण मुगु जिल्लामा रहेको राराताल र त्यहाँवरिपरिको दृश्यलाई विषयवस्तु बनाएर **राराताल** शीर्षकको गीतिकाव्य रचना गरेका हुन् भने वेदव्यासद्वारा रचना गरिएको श्रीमद्भागवत गीताको अनुवाद गरी **सजिलो गीता** महाभारतको अनुवाद गरी **श्रीशुकसुधा** र वेदको अनुवाद गरी **वेदस्तुति**जस्ता रचनाहरूलाई अनुवाद साहित्यका रूपमा

प्रकाशित गरिसकेका छन् । चारदशक लामो समयमा साहित्ययात्रा गरेका ज्ञवालीको जीवनी व्यक्तित्व र कृतित्वको बारेमा कहीँ कतैबाट पनि अध्ययन हुन नसकेको अवस्थामा प्रस्तुत शोधकार्यले ती समस्याहरूलाई समाधान गर्ने लक्ष्य राखेको छ ।

## १.४ समस्याकथन

आधुनिक नेपाली साहित्यका क्षेत्रमा देखापरेका विविध विद्याहरूमा कलम चलाउने साहित्यकार खेमराज ज्ञवाली एक कुशल स्रष्टा हुन् । एक दर्जन जति फुटकर कविताहरू रचना गरेका ज्ञवालीले **राराताल** नामक एक गीतिकाव्य र **सजिलो गीता** (श्रीमद्भागवत गीताको अनुवाद) **वेदस्तुति** (वेदको अनुवाद) **श्रीशुकसुधा** (श्रीमद्भागवत महापुराणको अनुवाद) जस्ता रचनाहरू प्रकाशनमा आइपुग्दा पनि उनका बारेमा कहीँ कतैबाट पनि अध्ययन विश्लेषण हुन सकेको देखिँदैन । अतः यस शोधकार्यले उक्त समस्यालाई मूल समस्याका रूपमा लिई उनको जीवनी र व्यक्तित्वका बारेमा अध्ययन गर्ने रहेको हुँदा यसका निम्नलिखित समस्याहरू रहेका छन् :

१. ज्ञवालीको जीवनी र व्यक्तित्व के-कस्तो छ ?

२. ज्ञवालीले के-कस्ता कृतिहरू प्रकाशित गरेका छन् ?

३. उनका कृतिहरू के-कस्तो भाव र शैलीमा प्रस्तुत भएका छन् ?

४. उनका कृतिहरूले पाठकलाई के-कस्तो सन्देश दिएका छन् ?

यस्ता मुख्य समस्याहरू र यिनीहरूसँग सम्बन्धित अन्य समस्याहरूको समाधानका निम्ति यो शोधकार्य उन्मुख रहेको छ ।

## १.५ शोधको उद्देश्य

यस शोधकार्यको उद्देश्य साहित्यकार खेमराज ज्ञवालीको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा अध्ययन विश्लेषण गर्नुका साथै उनका रचनाहरू के कस्तो भाव र सन्देशका साथ अभिव्यक्त भएका छन् तिनको खोजी गर्नु । उनका रचनाले पाठकलाई दिएको योगदान र सन्देशको खोजी गर्नु आदि रहेका छन् ।

नेपाली साहित्यका क्षेत्रमा कलम चलाउँदै आएका साहित्यकार खेमराज ज्ञवालीको जीवनी व्यक्तित्व र कृतित्वको बारेमा हालसम्म पनि कहीँ कतैबाट अध्ययन विश्लेषण हुन नसकेको अवस्थामा यस शोधकार्यको मुख्य उद्देश्यलाई बुँदागत रूपमा निम्न प्रकार रहेका छन् :

क. खेमराज ज्ञवालीको जीवनी र व्यक्तित्वको अध्ययन गर्नु ।

ख. ज्ञवालीले प्रकाशित गरेका कृतिहरूको खोजी गर्नु ।

ग. उनका कृतिमा भएका भाव र शैलीहरूको अध्ययन गर्नु ।

घ. उनका कृतिले पाठकलाई दिएको सन्देशको अध्ययन गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

लामो समयदेखि नेपाली साहित्यका क्षेत्रमा सेवारत खेमराज ज्ञवालीका **राराताल**, **सजिलो गीता**, **वेदस्तुति**, **श्रीशुकसुधा** जस्ता रचनाहरू प्रकाशनमा आइपुग्दा पनि ती रचनाहरका बारेमा कही कतैबाट पनि अध्ययन विश्लेषण हुन सकेको देखिँदैन । खासगरी उनका कृतिहरूलाई आधारमानी विस्तृत अध्ययन हुन नसकेको भए तापनि उनका कृतिको भूमिकामा लेखिएका केही टिप्पणीहरूलाई द्रष्टाले प्रस्तुत गरेको आधारमा पूर्व कार्यको समीक्षाका रूपमा लिइएको छ । तिनैलाई कालक्रमिक रूपमा यसरी नियाल्न सकिन्छ ।

**सजिलो गीता**को शुभासंसा शीर्षकको लेखमा स्वामी रामानन्द गिरी भन्दछन् "खेमराज ज्ञवालीद्धारा लिखित नेपालीमा सजिलो गीता प्रकाशित हुन लागेको छ । योग्रन्थ संस्कृत नजान्ने तर वेदान्त दर्शनसित गहिरो आस्था राख्ने भक्तजनका लागि परम सहयोगी सिद्ध हुनेछ ।"[1] भन्ने कुरा व्यक्त गरेका छन् ।

---

१. खेमराज ज्ञवाली, "शुभशंसा", **सजिलो गीता** (काठमाडौं : प्रशान्ति पुस्तक भण्डार २०६२), पृ. क ।

यसैगरी **सजिलो गीता**मा अनुरोध शीर्षकको लेखमा डा. दामोदर ज्ञवाली भन्दछन् "श्रीमद्भागवत्गीता भगवान् श्रीकृष्णको साक्षत् स्वरूप हो । यसका प्रत्येक श्लोकमा भगवान्को दर्शन प्राप्त हुन्छ । गीतामा सम्पूर्ण वेद् र उपनिषद्को सारतत्व रहेको छ । गीताका सम्पूर्ण रहस्य स्वयं भगवान् श्रीकृष्ण जान्नु हुन्छ । प्रस्तुत कृतिले मानिसहरूलाई आ-आफ्नो कर्तव्यबोध गराएर गीताको अध्ययनमा केही योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।"[२]
यी भनाइहरूबाट सजिलो गीता श्रीमद्भागवत गीताको सार हो र यसले सस्कृत नजान्ने तर गीताको बारेमा जान्न खोज्ने पाठकहरूलाई महत्वपूर्ण खुराक प्रदान गरेको कुरा स्पष्ट हुन्छ ।

ज्ञवालीको **राराताल** शीर्षकको कृतिको सम्पति २ शीर्षकमा तेज केशरी शर्मा भन्दछन् "जातीय गतिशील लय छन्दको ताल र बोधका रमझममा सुरिलो कण्ठबाट गाइएको राराताल गीतिकाव्यको मधुर तथा हृदयस्पर्शी देशप्रेम र जातिय उद्बोधनपूर्ण श्रवणबाट बहाँको उज्जवल व्यक्तित्वको परिचय मिलेको छ । यसले सबै साहित्य प्रेमी बन्धुहरूलाई आनन्द दिने छ ।"[३]

**राराताल** कृतिकै सम्पति ४ शीर्षकमा वेणी माधव ढकाल लेख्दछन् उहाँको राराताल मानव समुदायको मन र आत्मलाई काव्य रसको स्वाद प्राप्त गराओस् ज्ञवालीज्यूमा सरस्वतीको पूर्ण कृपा बनिरहोस् ।[४]

ज्ञवालीका कृतिका बारेमा यी अध्ययनहरू केन्द्रित बन्न नसकेको भए तापनि ती कृतिका बारेमा सामान्य जानकारी दिने प्रयत्न बाहेक अन्य काम हुन सकेको देखिँदैन । त्यसैकारण ज्ञवालीद्धारा रचना गरिएको कृतिका बारेमा अध्ययन विश्लेषण हुन नसकेको अवस्था स्पष्ट हुन्छ ।

---

२. खेमराज ज्ञवाली, "अनुरोध", **सजिलो गीता** (काठमाडौं : प्रशान्ति पुस्तक भण्डार २०६२), पृ. ग ।

३. खेमराज ज्ञवाली, "सम्मति २", **राराताल,** (काठमाडौं : सीमा छापाखाना, २०४७), पृ. क ।

४. खेमराज ज्ञवाली, "सम्मति" ४, पूर्ववत् ।

## १.७ अध्ययनको औचित्य र महत्त्व

मूलतः बीसको दशकदेखि नेपाली साहित्यका क्षेत्रमा कलम चलाउँदै आएका खेमराज ज्ञवालीका **राराताल** नामक गीतिकाव्य **सजिलो गीता बेदस्तुति** र **श्रीशुकसुधा** जस्ता अनुवाद गरिएका साहित्यिक कृतिहरूले नेपाली साहित्यको भण्डार भर्न सहयोग पुऱ्याएको छन् । मौलिक रचनाहरूका साथै अनुवादित रचनाहरू समेत प्रकाशनमा आइपुग्दा ती रचनाका बारेमा अध्ययन विश्लेषण गर्ने प्रयास नगरिनु एक दुःखदपूर्ण अवस्था हो । अतः सोही समस्या पूर्तिका लागि उनको जीवनी र व्यक्तित्वका साथै कृतित्वको समेत अध्ययन गर्ने यस शोधकार्यको लक्ष्य रहेको हुँदा यस अध्ययनको औचित्य स्वतः पुष्टि हुन्छ । साहित्यकार खेमराज ज्ञवालीका बारेमा अझ विस्तृत रूपमा जान्न खोज्ने पाठकका लागि यस अध्ययनले सहयोग पुऱ्याउने हुँदा यसको महत्त्व रहेको छ ।

## १.८ शोधकार्यको क्षेत्र र सीमा

साहित्यकार खेमराज ज्ञवाली नेपाली साहित्यका क्षेत्रमा बहुमुखी प्रतिभाका रूपमा परिचित व्यक्तित्व हुन् । फुटकर कविता, गीतिकाव्यका साथै अनुवाद साहित्यमा समेत आफ्नो कलम चलाउन सफल उनले **राराताल** नामक गीतिकाव्य **सजिलो गीता वेदस्तुति** र **श्रीशुकसुधा** नामक अनुवाद साहित्य प्रकाशनमा ल्याउन सफल भए तापनि तिनका बारेमा अध्ययन हुन सकेको देखिँदैन । त्यसैले खेमराज ज्ञवालीका जीवनी व्यक्तित्व र तिनले रचना गरेका कृतिहरूमा केन्द्रित भई कृतिपरक अध्ययन गर्नु यस शोधकार्यको क्षेत्र र सीमा रहेको छ ।

## १.९ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा शोधनायकसँग प्रत्यक्ष अन्तर्वार्ताका साथै पुस्तकालयीय विधि, पत्रपत्रिकाका समीक्षात्मक लेख र शोधनिर्देशकको सल्लाहअनुसार आवश्यक सामग्री सङ्कलन गरिएको छ ।

## १.१० शोधविधि

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा गीतिकाव्यलाई सैद्धान्तिक दृष्टिले र अनुवाद साहित्यलाई तुलनात्मक आधारमा अध्ययन विश्लेषण गर्नुका साथै वर्णानात्मक र विश्लेषणात्मक समालोचना पद्धतिका प्रयोग गरिएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रका संरचनालाई सङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि जम्मा पाँच परिच्छेदमा विभाजन गरिएको छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ । शोधपत्रको ढाँचा यसप्रकार रहेको छ :-

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | - | शोधपरिचय |
| दोस्रो परिच्छेद | - | खेमराज ज्ञवालीको जीवनी र व्यक्तित्व |
| तेस्रो परिच्छेद | - | **राराताल** गीतिकाब्यको अध्ययन |
| चौथो परिच्छेद | - | खेमराज ज्ञवालीको अनुवाद साहित्यको अध्ययन |
| पाचौँ परिच्छेद | - | उपसंहार |

यस बाहेक आवश्यकताअनुसार उक्त परिच्छेदहरूलाई उपशीर्षकमा पनि विभाजन गरिएको छ भने अन्त्यमा सन्दर्भसूचीका साथै परिशिष्ट भागलाई पनि समावेश गरिएको छ ।

# दोस्रो परिच्छेद

## २. साहित्यकार खेमराज ज्ञवालीको जीवनी र व्यक्तित्व

यस परिच्छेदमा साहित्यकार ज्ञवालीको जीवनी र व्यक्तित्वका विविध पाटाहरूको अध्ययन गर्ने क्रममा जीवनीको शाब्दिक बनोट र परिभाषा, नेपाली साहित्यका क्षेत्रमा जीवनी लेखनको थालनी र विस्तार कसरी भयो भन्ने कुराहरू आएका छन् । यसका साथै खेमराज ज्ञवालीको वंश परम्परा र जन्म, उनले पाएको शिक्षा-दीक्षा, दाम्पत्य जीवन, परिवारिक अवस्था र वसोबास, जागिरे जीवन भ्रमण, उनको स्वभाव तथा रुचि उनले पाएका सम्मान तथा पुरस्कार र लेखनका लागि प्रेरण प्रभाव जस्ता सामाग्रीहरू समाविष्ट भएका छन् । ज्ञवालीको व्यक्तित्वका विविध पाटाहरू औल्याउने क्रममा सामाजिक, शारीरिक, धार्मिक व्यक्तित्वका साथै स्रष्टा व्यक्तित्वका बारेमा पनि चर्चा गरिएको छ ।

### २.१ विषयप्रवेश

कवित्त्व मानवको अलौकिक गुण हो, किनभने अलौकिक प्रतिभा प्रमाणपत्र कुनै संस्थाबाट प्रदान गरिने उपहार होइन । उसलाई जगत्ले नै प्रतिभा सम्पन्न बनाएको हुन्छ । कवि तथा साहित्कारको जीवनी र सृजनाका बीचमा घनिष्ट सम्बन्ध रहेको हुन्छ । कुनै पनि स्रष्टाको व्यक्तित्व बुझ्नका लागि उसको जीवनीका बारेमा ज्ञान हासिल गर्नु नितान्त आवश्यक हुन्छ । त्यही आवश्यकतालाई ध्यानमा राखेर साहित्यकार खेमराज ज्ञवालीको जीवनी र व्यक्तित्वका बारेमा अध्ययन गरिएको छ । साहित्यकार खेमराज ज्ञवाली नेपाली साहित्यका विविध विधाहरूमा कलम चलाउने स्रष्टा हुन् । उनले **राराताल** (२०२६) (गीतिकाव्य), **सजिलो गीता** (श्रीमद् भागवत गीताको अनुवाद) **श्रीशुकसुधा** (श्रीमद्भागवत् महापुराणको अनुवाद) **वेदस्तुति** (वेदको अनुवाद) जस्ता रचनाहरू पाठकसामु पस्किन सफल भएका छन् ।

## २.२ जीवनीको शाब्दिक बनोट तथा परिभाषा

प्रस्तुत शीर्षकमा साहित्यकार खेमराज ज्ञवालीको जीवनीका बारेमा अध्ययन गर्ने क्रममा जीवनी शब्दको निर्माण कसरी भयो ? र यसका के-कस्ता परिभाषा रहेका छन् त्यसका बारेमा अध्ययन गरिएको छ । जीवनी शब्दको निर्माण जीवन् शब्दमा ई प्रत्यय लागि बनेको हो । अङ्ग्रेजी भाषामा जीवनीलाई बायोग्राफी (Biography) भनिन्छ । ग्रीसेली भाषाको बायो (Bio) र ग्राफिया (Graphia) को संयोगबाट बायोग्राफी शब्द बनेको हो । बायोले जीवन र ग्राफीयाले लेखनलाई बुझाए तापनि यसको अर्थ जीवनीनै भन्ने बुझिन्छ ।[१] नेपाली बृहत् शब्दकोशकाअनुसार "जीवनी भन्नाले कुनै पनि व्यक्तिले जीवनभर गरेका काम कुराको क्रमबद्ध लेखन वा कथनलाई बुझाउँछ ।"[२] यसैगरी समालोचक मेघराज गौतमले जीवनीलाई कुनै व्यक्ति विशेषको जीवन चरित्रका विविध पक्षको तथ्यपरक अध्ययन गरी कलात्मक शैलीमा लेखिएको रचना भनी परिभाषित गरेका छन् ।[३] यी परिभाषाहरूलाई मनन् गर्दा के ज्ञात हुन्छ भने कुनै पनि व्यक्तिको जीवनका उतारचढाव, सुख, दुःख जीवन भोगाइका क्षणहरूको अनुभूति एवम् व्यक्तिको रुचि चाहना, स्वाभाव र विविध अवस्थाका बारेमा यथार्थपरक ढङ्गले अध्ययन गरी पूर्वाग्रह रहित भई लेखिएको जीवन वृतान्त नै जीवनी हो । जीवनी कुनै पनि कल्पनिक घटनाहरूको सङ्गालो नभई यथार्थ र वास्तविकतामा आधारित हुन्छ । वास्तविक जीवनका तीता-मीठा घटनाहरूलाई तथ्यपूर्ण तवरले प्रस्तुत गर्नु जीवनीको उद्देश्य हो । यसलाई सार्थक र प्रभावकारी बनाउन जीवनीकार अत्यन्त सजग र सचेत हुनु आवश्यक मानिन्छ । अतिप्रशंसा र अतिनिन्दा गरिएका जीवनीहरूलाई जीवनीको संज्ञादिन मिल्दैन । त्यस्तो जीवनी केवल स्तुतिमूलक र निन्दापरक लेखमात्र सावित हुन्छ । अतः एवम् स्तुति र निन्दाबाट टाढा रही तटस्थतापूर्वक गरिएको जीवनीको तथ्यमूलक अध्ययन विश्लेषण नै वास्तविक जीवनी हो ।

---

१. हिमांशु थापा, **साहित्य परिचय**, (चौ.सं.), (ललितपुरः साझा प्रकाशन २०५०), पृ. २७१ ।

२. बालकृष्ण पोखरेल र अन्य, (सम्पा.) **नेपाली बृहत् शब्दकोश**, (पाँ.सं.), (काठमाडौँः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान २०५२), पृ. ४७० ।

३. मेघराज गौतम, **नन्दनहरि व्यक्ति र कृति,** (काठमाडौँ : ध्रुव अधिकारी २०५६), पृ.२ ।

## २.३ नेपाली साहित्यका क्षेत्रमा जीवनी लेखनको थालनी र विस्तार

नेपाली भाषा साहित्यका अनुसन्धाताहरूले जीवनीपरक खोजमूलक अध्ययन गरिरहेको पृष्ठभूमिमा यस शोधकार्यमा जीवनीका पूर्वोक्त विशेषताहरूलाई यथासम्भव आत्मसात् गरी साहित्यकार खेमराज ज्ञवालीको जीवनीलाई विभिन्न कोणबाट नियाल्नका लागि नेपाली साहित्यमा जीवनी लेखनको थालनी र विस्तारका बारेमा अध्ययन गरिएको छ ।

नेपाली साहित्यका क्षेत्रमा जीवनी लेखन परम्पराको श्रीगणेश लिच्छवीकालदेखि भएको पाइन्छ । विधागत सचेतका साथ लेखिएका भए तापनि ती अभिलेखी जीवनीले यस विधाको पृष्ठभूमिको कार्य अवश्य नै गरेका छन् । त्यसपछि मल्लकालमा पनि केही अभिलेखी जीवनीहरू लेखिएको पाइन्छ । शाहकालमा आएर भने सो विधाले आफ्नो स्वरूपलाई केही अङ्गालेको पाइन्छ । रामशाह र पृथ्वीनारायण शाहका जीवनीहरू लिच्छवी र मल्लकालीन जीवनीहरू भन्दा केही परिष्कृत देखिन्छन् । यति भए तापनि ती जीवनीहरूमा जीवनी विधाको नियमलाई पूर्णतः पालना गरेको पाइँदैन । अतः विधागत सचेतताका साथ जीवनी लेखन परम्पराको थालनी कवि मोतीराम भट्टका पालादेखि भएको मानिन्छ । मोतीराम भट्टले भानुभक्त आचार्यको जीवनीमा आधारित भई लेखेको **भानुभक्त आचार्यको जीवनचरित्र** (१९४८) नै नेपाली साहित्यमा जीवनी लेखन परम्परा भित्र्याउने जीवनीपरक कृति हो ।[४] यसपछि नरदेव पाण्डेको **कविवर मोतीराम भट्टको जीवनी** (१९९५) भन्ने कृतिमा पनि नामअनुसार जीवनीपरकता नै बढी देखापर्छ ।[५] यसैगरी चुडामणी बन्धुको **महाकवि लक्ष्मीप्रसाद देवकोटा** (२०१८) घट्टराज भट्टराइको **भीमनिधि व्यक्ति र कृति** २०३२ केशवप्रसाद उपाधययको **रिमाल व्यक्ति र कृति** (२०३२) आदि कृतिहरू नेपाली साहित्यको जीवनी विधामा लेखिएका उल्लेख्य कृतिहरू हुन् । यसरी विकसित हुँदै आएको जीवनी लेखन परम्परा केही दशक यता तीव्ररूपमा अगाडि बढेको पाइन्छ । वर्तमान समयमा थुप्रै समालोचकहरूले यो विधामा सशक्त रूपमा कलम चलाउँदै आएका छन् ।

---

४. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली सहित्यको संक्षिप्त इतिहास** (पाँ.सं.) (ललितपुरः साझा प्रकाशन, २०५६), पृ. १५९ ।

५. पूर्ववत्, पृ. १६० ।

सङ्ख्यात्मक रूपमा समालोचनाको यो विधा समृद्ध देखिए तापनि गुणात्मक दृष्टिले यसले आफूलाई पूर्णतः उन्नत एवम् परिपक्व बनाउन अझ केही समयसम्म पर्खनु पर्ने अवस्था देखिन्छ ।[६]

## २.४ साहित्यकार खेमराज ज्ञवालीको जीवनी

प्रस्तुत परिच्छेदमा साहित्यकार खेमराज ज्ञवालीको जीवनीका बारेमा अध्ययन गरिएको छ । उनका जीवनीका विविध पाटाहरूको अध्ययन गर्ने क्रममा उनको वंश परम्परा र जन्म, बाल्यकाल र शिक्षा दीक्षा, लेखनका लागि प्रेरणा र प्रारम्भ आदि कुराहरूको जानकारी दिइएको छ ।

### २.४.१ वंश परम्परा र जन्म

खेमराज ज्ञवालीका वंश परम्परा खोज्दैजाँदा माण्डव्य ऋषिका वंशमा याचक वंशले जन्म लिएको तर उहाँका जन्मकाल र स्थानका बारेमा पत्ता लाग्न नसकेको भए तापनि ज्ञवालीका मूल पुरुष याचक भट्ट नै रहेको कुरा ज्ञवालीको वंशवालीबाट प्राप्त गर्न सकिन्छ । याचक भट्टका छोरा हरिदत्त भट्ट गुल्मी आएपछि भट्टथर परिवर्तन भई ज्ञवाली श्री हरिदत्तको थर हुन गएको कुरा ज्ञवालीको वंशवलीमा यसरी उल्लेख गरिएको छ -

भट्टको थरमै आई सातौँ श्री नरेशले
- बैदिक विधिले यज्ञ गराए श्रीहरिदत्तले
- खुशी भै गाउँ नै वृत्ता दिनुभो श्री नरेशले ।

ज्ञवको वासले गर्दा ज्ञवाली थर यो भयो ।
पुरानो थर जो भट्ट अव त्यो वद्लियो ।[७]

यसरी ज्ञवको बासले गर्दा भट्टथर परिवर्तन भट्ट ज्ञवाली हुन पुगेको कुरा स्पष्ट भएको छ । यिनै हरिदत्तका छोरा हृषीकेश ज्ञवाली वंशवलीमा उल्लेख गरिएको छ । हृषीकेशको नाम सुमेरु

६. पूर्ववत् पृ. १६६ ।

७. ज्ञवाली वंशावली, ''ज्ञवाली वंशको उत्पत्ति र विस्तार'', (दो.सं), (काठमाडौँ: ज्ञवाली गुठी २०५७), पृ. ख ।

राखिएको र यिनै सुमेरु वंशका ज्ञवाली थरमा पद्मनिधि ज्ञवालीका नाति र चूडामणि ज्ञवालीका छोराका रूपमा वि.सं. १९८७ कार्तिक १४ गते बिहीबारका दिन ठूलाखर्क गा.वि.स. वडा नं. ७ अर्घाखाँचीमा खेमराज ज्ञवालीको जन्म भएको थियो ।[८]

## २.४.२ बाल्यकाल र शिक्षा-दीक्षा

साहित्यकार खेमराज ज्ञवालीको बाल्यकाल सुखमय तरिकाबाटै व्यतीत भएको थियो । मध्यम परिवारमा जन्मिएका ज्ञवालीलाई बाल्यकालमा कुनै पनि रोग, भोक आदि समस्याहरूले दु:ख दिएका थिएनन् । सात वर्षको उमेरदेखि आफ्नै पिता स्व. पद्मनिधि ज्ञवालीबाट घरमै अक्षरारम्भ गरेका ज्ञवालीले सानै उमेरदेखि आफूभन्दा सानालाई माया र ठूलालाई आदर गर्ने गर्दथे । अर्घाखाँची जिल्लाको खिदिम स्थित हरिहर पाठशालाबाट औपचारिक अध्ययन आरम्भ गरेका खेमराज ज्ञवालीले अध्ययनलाई सर्वोवरि ठान्दथे । कलिलै उमेरदेखि राम्रो परिवारिक वातावरण तथा संस्कारमा हुर्किएका ज्ञवालीको उपनयनादि कार्य आठ वर्षको उमेरमा आफ्नै घरमा भएको थियो ।[९] बाल्यकालमा आफ्ना साथी भाइहरूसँग लड्ने, झगडा गर्ने गरे तापनि पुन: मिल्नसक्ने मिलनसार बानी उनमा थियो । सानै उमेरदेखि अध्ययनका अलावा खेलतर्फ विशेष रुचि राख्ने ज्ञवाली विशेषगरी आफ्ना मित्रहरूसँग भ्रमण घुम्नजाने दण्डिवियो, भकुन्डो, पिटी आदि खेल्ने गर्दथे । उच्च शिष्टता प्राप्त गरी देश र समाजको सेवा गर्ने उद्देश्यका साथ अगाडि बढेका ज्ञवालीले अध्ययनलाई निरन्तरता दिने क्रममा हरिहर पाठशाला खिदिम अर्घाखाँचीबाट २००४ सालमा संस्कृत व्याकरणमा प्रथमासम्मको अध्ययन पूरा गरेका थिए । यसै क्रममा उनले हरिहर संस्कृत पाठशाला बाराणसीबाट सन् १९५२ मा मध्यमा पूरा गरेका थिए भने मध्यमा अध्ययन कै क्रममा ज्ञवालीले वृन्दावन सुकाचार्य भागवत विद्यालयबाट श्रीमद् भागवतको विशेष अध्ययन, बाँके विहारी जी.की बगैंचा गोपाल मन्दिर संस्थाबाट वैष्णव दीक्षा

८. खेमराज ज्ञवालीसँग मिति: २०६६/०९/१७ उनकै निवासमा दिउँसो २ बजे लिएको अन्तवार्ताअनुसार ।

९. खेमराज ज्ञवालीसँग उहाँकै निवास ट्याङ्लामा मिति २०६६/९/१८ गते दिउँसो लिएको मौखिक अन्तवार्ताअनुसार ।

समेत ग्रहण गरेका थिए ।[१०] अध्ययनकै सिलसिलामा ज्ञवालीले क्वीन्स कलेज वाराणसीबाट वि.सं. २०३६ सालमा लाइब्रेरी साइन्स र सन् १९५६मा शास्त्री उत्तीर्ण गरेका थिए । बाराणसी संस्कृत विश्वविद्यालयबाट सन् १९६६ मा वेदान्त विषयमा आचार्य गरेका ज्ञवालीले सन् १९६८ मा विरला संस्कृत महाविद्यालय वाराणसीबाट साहित्यका विषयमा आचार्य गरेका थिए । यसरी साहित्य र वेदान्तजस्ता विषयहरूबाट आचार्य गरेका ज्ञवालीलाई भागवत, गीता, वेद आयुर्वेद आदि विषयको पनि ज्ञान रहेको छ ।

### २.४.३ विवाह तथा दाम्पत्य जीवन

खेमराज ज्ञवालीको दाम्पत्य जीवन चौध वर्षको उमेरबाट प्रारम्भ भएको थियो । अर्घाखाँची जिल्लाको पोखराथोक गा.वि.स. वडा नं. २ चिदीपानी भन्ने ठाउँमा अत्रि गोत्रमा अर्थात् गौतम कुलमा भक्तिराम गौतमकी नातिनी र खुमानन्द गौतमकी सुपुत्रीका रूपमा जन्मिएकी ज्ञानु गौतमसँग बाजागाजाका साथ विवाह सम्पन्न भएको थियो ।[११] कुलीन शिक्षित परिवारमा जन्मिएकी ज्ञानुसँग विवाह बन्धनमा बाँधिएपछि पति पत्नीको सम्बन्ध अत्यन्त सुमधुर बन्दै गएको थियो । आठ कक्षा अर्थात् प्रथमासम्मको अध्ययन समाप्ती पश्चात् विवाह बन्धनमा बाँधिएका ज्ञवालीले विवाह पश्चात् श्रीमतीको सहयोग तथा सुझावबाट सामाजिक तथा धार्मिक क्रियाकलापमा अगाडि बढ्नु पर्छ र आफ्ना भावी सन्ततिहरूलाई सभ्य समाजको निर्माणगरी उज्ज्वल भविष्य हस्तान्तरण गर्नु पर्दछ भन्ने सकारात्मक प्रेरणा प्राप्त गरेका थिए । कुनै पनि घरायसी निर्णय लिनुपर्दा सल्लाह लिएर कामगर्ने बानी भएको पत्नीको स्वभावबाट प्रभावित भएकै कारण साहित्यतर्फ अग्रसर भएका थिए । आफ्ना सुख दुःखहरू साटासाट गर्दै अगाडि बढ्ने क्रममा श्रीमती ज्ञानुको कोखबाट दामोदर, शम्भु र गोविन्द गरी तीन पुत्र र सीता र शान्ता गरी दुई पुत्रीको जन्म भएको थियो ।[१२] छोरा छोरीहरूको जन्म पश्चात् तिनीहरूलाई उचित शिक्षा दीक्षा दिनुका साथै विवाह दान समेत गरिदिएका ज्ञवालीका तीन छोराहरू मध्ये

१०. ऐजन ।

११. एजेन ।

१२. ऐजन ।

जेठो सुपुत्र दामोदर ज्ञवालीले पि.एच.डी सम्मको अध्ययन पूरा गरेका छन् भने हाल उनी त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पस कीर्तिपुरमा शिक्षाशास्त्र सङ्कायमा अध्यापन गराइरहेका छन् । उनले त्यही शिक्षाशास्त्र केन्द्रीय विभागको प्रमुख समेत रही प्रशासनिक कार्य सम्हाल्दै आएका छन् ।[१३]

खेमराज ज्ञवालीका माइला छोरा शम्भु ज्ञवाली ले इन्जिनियरिङ् अध्ययन गरी हाल जागिरे जीवन बिताइरहेका छन् भने कान्छा गोविन्द ज्ञवालीले स्नातकोत्तर तहको अध्ययन पूरा गरी हाल अध्यापन गराउँदै आइरहेका छन् । छोराहरूलाई जस्तै छोरीहरूलाई उच्च शिक्षा सम्मको अध्ययन गराउन नसके तापनि ज्ञवालीले आफ्ना छोरीहरूलाई कुलीन शिक्षित परिवारमा विवाहदान गरिदिएका छन् ।[१४] यसरी पति पत्नी एक आपसमा सहयात्रा गर्दै अगाडि बढिरहेका ज्ञवालीको दाम्पत्य जीवन सुखमय तरिकाबाटै व्यतीत भएको देखिन्छ ।

### २.४.४ पारिवारिक अवस्था र बसोवास

सामान्य मध्यम परिवामा जन्मिएका साहित्यकार खेमराज ज्ञवालीको परिवारिक अवस्था सुखमय तरिकाबाटै व्यतीत भएको थियो । शिक्षित सभ्य परिवारमा जन्मिएका उनलाई कुनै पनि समयमा के खाउँ र के लाउँ भन्ने समस्याको चिन्ता आइपरेको थिएन । घर परिवारबाट उचित स्याहार सुसार माया प्रेम र सद्भाव पाएका ज्ञवालीले आफ्नो जन्मस्थल अर्घाखाँची जिल्लाको चिदिका गा.वि.समा पिता माताको बसोबास भए तापनि त्यहाँ विद्यालय नभएको हुँदा अध्ययनलाई निरन्तरता दिन आफ्नो भविष्यको लक्ष्य पूरागर्न अर्घाखाँची जिल्लाकै खिदिम स्थित हरिहर पाठशालामा भर्ना भई औपचारिक अध्ययन प्रारम्भ गरेका थिए ।[१५] यसरी हरिहर पाठशालाबाट अध्ययनको औपाचारिक यात्रासम्म गरेका ज्ञवालीले बनारसमा गर्दै आफ्नो अध्ययनको लक्ष्य बिन्दु पूरा गरेका थिए । अध्ययनको समाप्ति पश्चात् जागिरका सिलसिलामा वि.सं २०२९ सालमा काठमाडौँ प्रवेश गरेका ज्ञवाली हाल काठमाडौँ जिल्लाको कीर्तिपुर

---

१३.दामोदर ज्ञवालीसँग मिति २०६६/९/१७ उनकै निवासमा दिउँसो १:०० बजे लिएको अन्तवार्तानुसार ।

१४. ऐजन ।

१५.खेमराज ज्ञवालीसँग मिति २०६६/९/१७ मा उनकै निवासमा दिउँसो २ बजे लिएको अन्तवार्ताअनुसार प्राप्त जानकारी ।

नगरपालिका वडा नं. ३ ट्याङ्लाफाँट भन्ने स्थानमा बसोवास गरिरहेका छन् । बिभिन्न पाठशाला, विद्यालय, महाविद्यालयहरूमा अध्ययन अध्यापन गराउनुका साथै त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय कीर्तिपुर र महेन्द्र संस्कृत विश्वविद्यालय हाल नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गत वाल्मीकि विद्यापीठमा उपलाइब्रेरीयन पदमा रही उन्तीस वर्षसम्म दीर्घ सेवा गरी हाल सेवा निवृत भएका ज्ञवालीको परिवारिक अवस्था राम्रो र सुखमय नै देखिन्छ ।

### २.४.५ जागिरे जीवन र भ्रमण

साहित्यकार खेमराज ज्ञवालीको जागिरे जीवन वि.सं. २०१७ सालदेखि प्रारम्भ भएको थियो । सर्वप्रथम अध्ययन समाप्त गरी राष्ट्र सेवामा लाग्ने लक्ष्यका साथ अगाडि बढेका उनले विभिन्न विद्यालय तथा महाविद्यालयहरूमा अध्यापन गराउनुका साथै प्रशासनिक क्षेत्र समेत सम्हाल्न पुगेका थिए । यस क्रममा ज्ञवालीले अर्घाखाँची जिल्लाको कुरमा वि.सं. २०१८ देखि २०२० सम्म दुई वर्ष, गुल्मीको धुर्कोटमा वि.सं. २०२१ देखि २०२३ सम्म दुई वर्ष अध्यापन गराउनुका साथै नेपाली संस्कृत महाविद्यालय हरिहर पाठशाला बनारसमा सन् १९५५-५६ सम्म अध्यापन गराएका थिए । भवानी शङ्कर संस्कृत महाविद्यालय बनारसमा सन् १९५६-१९५७ सम्म दुई वर्ष अध्यापन गराएका ज्ञवालीले नेपालको दाङ जिल्लामा वि.सं. २०२५ र २६ दुई वर्ष, मुगु जिल्लामा वि.सं. २०२७-२०२८ दुई वर्षका साथै केही समय अन्य जिल्लाहरूमासमेत अध्यापन गराएका थिए ।[१६] वि.सं. २०२९ सालदेखि महेन्द्र संस्कृत विश्वविद्यालयअन्तर्गत वाल्मीकि विद्यापीठमा उपलाइब्रेरीयन पदमा रही वि.सं. २०५८ सालसम्म २९ वर्षसम्मको दीर्घसेवा गरेका ज्ञवाली हाल सेवा निवृत भएका छन् । जीवनका आरोह अवरोहसँगै जागिर सम्हाल्ने क्रममा स्वदेशका अर्घाखाँची, गुल्मी, पाल्पा, कपिलवस्तु, दाङ, मुगु, काठमाडौं लगायतका भारतका वनारस, कलकत्ता, वृन्दावन, दिल्ली, हरिद्धार, बद्रिधामजस्ता स्थानहरूको भ्रमण गरेका थिए ।[१७]

---

१६. ऐजन ।

१७. ऐजन ।

### २.४.६ स्वभाव तथा रुचि

नवजात शिशुले यस धर्तीमा जन्मलिएपछि उसमा जन्मदिने आमाकै काखबाट जीवन र जगत्का बारेमा जान्ने उत्सुकता र अभिरुचिको विकास हुँदै जान्छ । परिवारिक वातावरणमा हुर्किएको मानवप्राणी समाजमा छुट्टै विशेषताका साथ परिचित बन्न पुगेको हुन्छ । शिक्षित सभ्य परिवारमा हुर्किएका खेमराज ज्ञवाली भ्वाट्ट हेर्दा गम्भीर स्वभावका देखिन्छन् । घरायसी कामकाजले होस् या अन्य कुनै कामले होस् बाहिर निष्कने क्रममा सधैँ सफा सुकिला र समयअनुसारका पोशाक लगाएर हिड्ने ज्ञवालीलाई मन पर्ने पोशाकमा दौरा सुरवाल कोट टोपी र पटुका हो । दौरा र सुरवालमाथि सधैँ पटुकाको प्रयोग गर्न मनपराउने ज्ञवालीले पटुकालाई स्वाथ्यका लागि उपयोग वस्तुका रूपमा लिने गर्दछन् । सन्तुलित आहार स्वास्थ्य स्थितिको विचार गरी खाने कुरामा नेपाली खाना दाल, भात, रोटी, लौका र परबरको तरकारीका साथमा लप्सीको अचार खान मनपराउने नियमित रूपमा ३-४ पटक चिया पिउने गर्दछन् । मृदुभाषी ज्ञवाली आफूसँग भेटघाट गर्न आउने जुनसुकै स्तरका आगन्तुक पाहुनाहरूलाई मन, वचन र कर्मले सेवा सहयोग र सत्कार गर्दछन् । आफूले मात्र खाएर हुँदैन अरूलाई पनि खेवाउनु पर्छ भन्ने भावनाबाट उनी प्रेरित देखिन्छन् । आफूसँग सहयोगको अपेक्षा गरी भेटघाट गर्न आउने साहित्यकार बन्धु बान्धव साधु सज्जन आदिलाई प्रथमतः सुमधुर बोली बचनले सहयोग गर्ने अनि यथाशक्य जलपान गराई अथिति सत्कार गर्ने ज्ञवालीले आफूले गर्न सक्ने सहयोग गर्नका लागि पछि पर्दैनन् । विशेषतः अध्ययनमा रुचि राख्ने ज्ञवाली दण्डिवियो, भकुण्डो, पिटी आदि खेल खेल्न मन पराउँदछन् । खेल्ने क्रममा साथी भाइहरूसँग झगडा भए तापनि तत्कालै मिल्न सक्ने स्वभाव उनमा रहेको थियो ।[१८]

### २.४.७ सम्मान तथा पुरस्कार

कुनै पनि स्रष्टाले राम्रो काम गरेवापत दिइने उपहार नै सम्मान तथा पुरस्कार हो । लामो समयदेखि साहित्य र प्रशासनिक क्षेत्रमा सेवारत खेमराज ज्ञवाली विभिन्न संघ संस्थाहरूबाट सम्मानित हुने अवसर प्राप्त गरेका छन् उनले पाएका सम्मान तथा पुरस्कार यस

१८. खेमराज ज्ञवालीका साथी बाबुकृष्ण ज्ञवालीबाट प्राप्त जानकारी ।

प्रकार रहेका छन् - हरिहर पाठशाला अर्घाखाँचीबाट सम्मान (२०१०) ।[१९] दधिराम स्मृति प्रतिष्ठान काठमाडौँबाट सम्मान (२०५६) ।[२०]

### २.४.८ लेखनका लागि प्रेरणा र लेखनको प्रारम्भ

साहित्यकार खेमराज ज्ञवालीले साहित्य लेखनका लाीग प्रेरण आफ्नै माता पिता र गुरु हरिहर गौतमबाट पाउका थिए । माता पिता तथा गुरुहरूबाट साहित्य लेखनका लागि प्रेरणा पाएका ज्ञवालीले अध्ययनका क्रममा सन् १९४८ मा काशी विश्वनाथ भगवानको स्तुति गरी **श्रीकृष्ण नाथको जनजी** शीर्षकको कविता रचना गरी साहित्य यात्रा प्रारम्भ गरेका थिए ।[२१] "सरल सहज तरिकाले समाजका घटनाहरूबाट प्रेरित र प्रभावित भई गरिने रचना नै साहिय हो ।"[२२] भनी साहित्यलाई परिभाषित गर्ने ज्ञवालीले कथा, कविता, नाटक, निबन्ध आदि विधाहरूलाई निम्नानुसार चिनाएका छन् । ज्ञवालीकाअनुसार कविता भनेको "कविले देखाउने भनेको सद्भाव र सत्प्रेरणा हो जसअनुसार मनुष्य कर्तव्य पथमा लाग्न सक्दछ ।"[२३] यस परिभाषालाई हेर्दा मनुष्यलाई कर्तव्य पथमा लाग्न प्रेरणा गर्ने विधानै कविता हो भन्न सकिन्छ । कथालाई परिभाषित गर्दै ज्ञवाली भन्दछन् "कथा भनेको त्यो चिज हो, जसबाट उच्च आदर्श व्यक्तिको चरित्र जानेर आफ्नो जीवनलाई सत् मार्ग र अहिंसा धर्ममा लगाउन सहयोग पुग्दछ ।"[२४] ज्ञवालीका विचारमा "उपन्यास भनेको त्यो चिज हो, जसले मनुष्यलाई सत्य मार्गको निर्देशन गरी आफ्नो स्वरूपलाई जान्ने विषयमा प्रेरणा दिन्छ ।"[२५]

नाटकलाई परिभाषित गर्ने क्रममा ज्ञवाली भन्दछन् "नाटक भनेको त्यो चिज हो, जसले मनुष्यलाई अनुभव गर्ने बाटो देखाइदिन्छ ।"[२६]

---

१९. खेमराज ज्ञवालीसँग मिति २०६६/९/१७ मा उहाँकै घरमा दिउँसो ४ बजे लिएको अन्तर्वार्ता ।

२०. पूर्ववत् ।

२१. पूर्ववत् ।

२२. पूर्ववत् ।

२३. पूर्ववत् ।

२४. पूर्ववत् ।

२५. पूर्ववत् ।

२६. पूर्ववत् ।

निबन्धलाई परिभाषा गर्दै ज्ञवालीले "निबन्ध भनेको त्यो चिज हो, जसले मनुष्यलाई कर्तव्यमा दृढ बनाई कर्तव्य पालन गर्ने शक्ति दिन्छ भनेका छन् ।"[२७]

यसरी साहित्यका विधाहरूलाई भिन्न भिन्न तरिकाबाट परिभाषित गर्न ज्ञवालीले साहित्यमा प्रवेश गर्ने प्रेरणाको स्रोतका रूपमा हरिहर गौतमलाई मान्दछन् । पिता माताका साथै आफन्तजनहरूबाट पनि माया सद्भाव र सत्प्रेरणा पाएका ज्ञवालीका बाल्यकालका साथी तथा उनलाई सहयोग गर्ने सहकर्मी साथीहरूमा गोविन्द ज्ञवाली, बाबुकृष्ण ज्ञवाली, दिवाकर ज्ञवाली, चुडामणी ज्ञवाली, गजराज अधिकारी आदि थिए । आठ वर्षको उमेरदेखि आफ्नै पिताबाट अक्षरारम्भ गरेका ज्ञवालीले हरिहर गौतम, श्रीकृष्णमणी शास्त्री त्रिपाठी, यादवनाथ अर्याल, धनञ्जय मरासिनी आदिबाट शिक्षा ग्रहण गरेका थिए ।[२८]

## २.५ साहित्यकार खेमराज ज्ञवालीको व्यक्तित्व

प्रस्तुत शीर्षकमा साहित्यकार खेमराज ज्ञवालीको व्यक्तित्वका विविध पाटाहरूलाई केलाइएको छ । कुनै पनि व्यक्तिको वैयक्तिक विशेषतालाई देखाउने गुणलाई व्यक्तित्व भनिन्छ । अथवा एउटा व्यक्तिले अरूलाई पार्ने व्यक्ति विशेषमा निहित विशेषता वा व्यक्तिको निजी विशेषताको बोध नै व्यक्तित्व हो । सामान्यतया व्यक्तित्व भन्नाले व्यक्ति विशेषमा निहित गुण वा दोष भन्ने बुभिन्छ । नेपाली वृहत् शब्दकोशका अनुसार "कुनै एक व्यक्तिले अरुलाई प्रभावित पार्ने वैयक्तिक विशेषता नै व्यक्तित्व हो ।"[२९] व्यक्तित्वका स्रष्टा र द्रष्टा गरी दुई पाटाहरू हुन्छन् । जसमध्ये यहाँ ज्ञवालीको स्रष्टा व्यक्तित्वका बारेमा मात्र जानकारी दिइएको छ । कुनै पनि व्यक्तिको व्यक्तित्वका बारेमा ज्ञान हासिल गर्नका लागि उसको बाहिरी रूप हेरेर जानकारी लिन सकिँदैन प्रत्येक व्यक्ति आफैँमा विभिन्न व्यक्तित्वको समीकृत रूप हो । उसका बारेमा विस्तृत ज्ञान प्राप्त गर्नका लागि एक पक्षीय अध्ययन मात्र पर्याप्त प्रयत्न हुँदैन त्यसैले यहाँ साहित्यकार खेमराज ज्ञवालीका बारेमा जानकारी लिनका लागि उनका जीवनका विविध पाटाहरूलाई भिन्न भिन्नै रूपमा अध्ययन गर्नु उपयुक्त देखिन्छ ।

२७. पूर्ववत् ।

२८. पूर्ववत् ।

२९. वालकृष्ण पोखरेल र अन्य, (सम्पा.) पूर्ववत्, पृ. ११७५ ।

खेमराज ज्ञवाली नेपाली साहित्यका क्षेत्रमा कलम चलाउने एक स्रष्टा हुन् । सङ्ख्यात्मक हिसावले हेर्दा **राराताल** नामक एक गीतिकाव्य **सजिलो गीता** (श्रीमद् भागवत् गीताको अनुवाद) **श्रीशुकसुधा** (श्रीमद्भागवत महापुराणको अनुवाद) **बेदस्तुति** (वेदको अनुवाद) जस्ता कृतिहरू प्रकाशनमा ल्याउन सफल भएका छन् । यी रचनाहरूका अलावा विभिन्न पत्र-पत्रिकाहरूमा फुटकर कविताहरू समेत प्रकाशनमा ल्याउन सफल ज्ञवालीको व्यक्तित्वलाई चिनाउनु पर्दा साहित्यिक, सामाजिक, धार्मिक, राजनीतिक आदि व्यक्तित्वका रूपमा चिनाउन सकिन्छ ।

### २.५.१ शरीरिक व्यक्तित्व तथा स्वभाव

कुनै पनि व्यक्तिलाई रूप, प्रकार, आकार, रुचि, स्वभाव, आचरण, र प्रवृत्तिले नै शारीरिक वा भौतिक व्यक्तिको रूपमा निर्मित गरेको हुन्छ । यस आधारमा शारीरिक बनावटका दृष्टिले उपयुक्त देखिने खेमराज ज्ञवालीको शरीर झ्वाट्ट हेर्दा पातलो खालको देखिए तापनि स्वच्छ खाना र फलफूल खाने हुनाले निरोगी र सुन्दर देखिन्छ । समयलाई त्यसै वित्न दिनु भन्दा आफूलाई कुनै कार्यमा लगाएर समय व्यतीत गर्ने ज्ञवालीले खाली समयमा पत्रपत्रिकाका साथै धार्मिक पुस्तकहरू हेर्ने गर्दछन् भने यी कार्यका अलावा व्यवहारिक क्रियाकलापमा संलग्न भइरहनु साहित्यकार ज्ञवालीको वैयक्तिक गुण हो । सरल सहज व्यवहार एवं मिलनसारिता र मृदुभाषी स्वभाव पनि यिनमा पाइने वैयक्तिक विशेषताहरू हुन् । विहानै उठेर नुवाई धुवाई पूजापाठ गरिसकेपछि समयअनुसार आइपरेका हरेक कार्यमा निष्ठापूर्वक स्वार्थ रहित भावनाले समर्पित हुने ज्ञवालीले आफूभन्दा मान्यजनलाई आदर सम्मान र सानालाई माया गर्ने हुनाले उनी सबैका प्रियपात्र पन्न पुगेका छन् ।

### २.५.२ सामाजिक व्यक्तित्व

साहित्यकार खेमराज ज्ञवाली समाजसेवी व्यक्ति हुन् । उनले आफ्नो योग्यता र क्षमताले भ्याएसम्म समाजका विभिन्न क्षेत्रमा सहयोग गर्दै आएको तथ्याङ्क यथेष्ट रूपमा भेट्न सकिन्छ । उनी आफ्नो व्यक्तिगत स्वार्थमा भन्दा पनि सामाजिक कार्यमा बढी मात्रामा लागि पर्ने गर्दछन् । मानिस भएर जन्मेपछि सामाजिक सेवा परोपकार, मन वचन कर्मले कसैलाई दुःख नदिनु हिंसा नगर्नु, देशका लागि राजनीति गर्नु, जनताको सेवा गर्नु पर्दछ भन्ने विचार राख्ने ज्ञवालीले गाउँ

फर्क राष्ट्रिय अभियान तम्घास गुल्मीको कार्यालय निर्माणका लागि गुल्मीको तम्घास, बामिटक्सार, धुकोट आदि ठाउँमा प्रवचन गरेका थिए भने अर्घाखाँचीको कुरमा रहेको प्राथमिक विद्यालयमा विद्यालय निर्माण र प्रजातन्त्रका लागि धार्मिक प्रवचन गरेका थिए ।

### २.५.३ धार्मिक व्यक्तित्व

साहित्यकार खेमराज ज्ञवालीका व्यक्तित्वका विविध पाटाहरूमध्ये धार्मिक व्यक्तित्व पनि एक हो । मानिसले कुनै पनि पुण्य कमाउनका लागि धर्म गर्दछ । त्यही पुण्य कमाउनका लागि ज्ञवालीले पनि परोपकार गर्नु, मनवचन कर्मले कसैलाई दुःख पीडा नदिनु, सद्व्यवहार गर्नु, परमात्माको पूजा पाठ गर्नु, पितृको सेवा गर्नु, मानिसले आफ्नो सदाचार पालना गर्नु, गौतम बुद्धको पञ्चशीलतामा आधारित रही सात्विक, धार्मिक कार्य गर्नु पितृको सेवा गर्नु मानिसले आफ्नो सदाचार पालना गर्नु, गौतम बुद्धको पञ्चशीलतामा आधारित रही सात्विक, धार्मिक कार्य गर्नु पर्छ भनेर अरूलाई शिक्षा दिनुका साथै आफूले पनि ती कुराहरूलाई पूर्ण रूपले पालना गर्दछन् । जसको कारणले उनलाई धर्मका पुजारी भन्न सकिन्छ । विशेषगरी वैष्णब धर्ममा विश्वास राख्ने ज्ञवाली अन्य धर्ममा पनि आस्था राख्दछन् । आफ्नो नित्यकर्म समाप्ति पश्चात् दैनिक रूपमा पिटी, योगाशान, व्यायाम गर्ने र तत्पश्चात् स्नान गरी पुर्खाहरूको स्मरण अनि देवी देवताहरूको ध्यान गर्ने ज्ञवालीले भगवान् श्रीकृष्ण, विष्णु, राम बुद्ध आदि देवताहरूले मानव जीवनको रक्षा गर्न सक्ने र इच्छा पूरा गर्न सक्ने भएका हुनाले यी देवताहरूमा बढी विश्वास गर्दछन् । श्रीमद्भागवत गीता, महापुराण, उपनिषद्जस्ता ग्रन्थहरूको अध्ययनबाट मनुष्यले आफ्नो धर्म, परोपकारको रहस्य र मानवको कर्तव्य बुझ्न सक्ने र त्यहीअनुसार जीवन चलाएका सबैबाट प्रिय बन्न सकिने धार्मिक विश्वास ज्ञवालीमा रहेको छ । विशेषगरी सङ्गीत भजन आदिमा रुचिराख्ने ज्ञवालीले आर्य सभ्यता गौतम बुद्धको पञ्चशीलता हिन्दू आर्य संस्कृति र वैष्णव धर्ममा सदाचार, सादा जीवन उच्च विचार आदिमा आस्था राख्दछन् ।[३०]

---

३०. खेमराज ज्ञवालीसँग मिति २०६६/९/१७ मा उहाँकै घरमा दिउँसो ४ बजे लिएको अन्तर्वार्ताअनुसार ।

### २.५.४ स्रष्टा व्यक्तित्व

'सृज' धातुबाट स्रष्टा शब्दले सिर्जना गर्ने व्यक्ति विशेषतालाई बुझाउँछ । साहित्यकार खेमराज ज्ञवालीको स्रष्टा व्यक्तित्वको पहिचान गर्न सर्वप्रथम उनले गरेका सिर्जनात्मक विधाहरूलाई नियाल्नु पर्ने हुन्छ । सामान्यतयाः साहित्यकार खेमराज ज्ञवालीलाई स्रष्टा व्यक्तित्वका रूपमा अध्ययन विश्लेषण गर्दा यिनलाई गीतिकाव्यकार र अनुवादकका रूपमा हेर्नु पर्ने हुन्छ । यसका अलावा कवि व्यक्तित्वका रूपमा पनि उनलाई चिन्न सकिन्छ ।

### २.५.४.१ गीतिकाव्यकार व्यक्तित्व

मनुष्यलाई सत्मार्गतर्फ निर्देशन गरी आफ्नो कर्तव्य पथमा हिड्न सिकाउने तत्त्व साहित्य हो' ।[३१] भनेर साहित्यलाई परिभाषित गर्ने खेमराज ज्ञवालीलाई गीतिकाव्यकार व्यक्तित्वका रूपमा लिन सकिन्छ । उनले वि.सं. २०२७ सालमा नेपालको मुगु जिल्लामा रहेको रारातालमा पुगी त्यहाँ रहेका प्राकृतिक सौन्दर्यका वस्तुहरूलाई यथार्थ रूपमा टिपेर **राराताल** नामक गीतिकाव्यको रचना गर्न सफल भएका छन् । प्राकृतिक सौन्दर्यसँग रमाउने कवि ज्ञवालीलाई उक्त कृतिले गीतिकाव्यकारका रूपमा परिचित गराउन सफल भएको छ ।

### २.५.४.२ अनुवादक व्यक्तित्व

साहित्यकार खेमराज ज्ञवालीमा गीतिकाव्यकार व्यक्तित्वका साथै अनुवादक व्यक्तित्व पनि रहेको छ । पूर्वीय साहित्यमा प्रख्यात रहेको श्रीमद्भागवत गीताको नेपालीमा अनुवाद गरी **सजिलो गीता** श्रीमद् भागवत महापुराणको नेपालीमा अनुवाद गरी **श्रीशुकसुधा** वेदको अनुवाद गरी **वेदस्तुति** जस्ता रचनाहरू प्रकाशनमा ल्याउन सफल भएका छन् । जसका कारण उनी नेपाली साहित्यका क्षेत्रमा एक अनुवादक व्यक्तित्वका रूपमा चिनिन सफल भएका छन् ।

---

३१. खेमराज ज्ञवालीसँग मिति २०६६/९/१७मा उनकै निवासमा दिउँसो २ बजे लिएको अन्तर्वार्ताअनुसार ।

### २.५.४.३ कवि व्यक्तित्व

कविताका क्षेत्रमा कलम चलाई कविताबाटै साहित्ययात्रा प्रारम्भ गरेका ज्ञवालीलाई एक कवि व्यक्तित्वका रूपमा चिन्न सकिन्छ । "कविले देखाउने मनको सद्भाव र सत्य प्रेरणा नै कविता हो । जसअनुसार मनुष्य कर्तव्यमा लाग्न सक्दछ ।"[३१] भनेर कवितालाई परिभाषित गर्ने ज्ञवालीले विभिन्न पत्र-पत्रिकाहरूमा आफ्ना कविताहरू प्रकाशित गराएका छन् । कुनै सङ्ग्रहहरूका रूपमा सङ्ग्रहित नभए तापनि यिनै फुटकर कविताहरूले ज्ञवालीलाई कवि व्यक्तित्वका रूपमा परिचित गराउन पुगेका छन् । त्यसैले उनको साहित्यिक विधाको एक पाटोका रूपमा कवि व्यक्तित्व रहेको छ ।

## २.६ उपसंहार

पण्डित पिता स्व. चूडामणी ज्ञवाली र माता खुमाकान्ता ज्ञवालीको कोखमा वि.सं. १९८७ साल कार्तिक १४ गते बिहीबारको दिन अर्घाखाँची जिल्लाको ठूलाखर्क भन्ने स्थानमा जन्मिएका साहित्यकार खेमराज ज्ञवालीको बाल्यकाल सुखमय तरिकाबाटै व्यतीत भएको देखिन्छ । सानै उमेरदेखि पिता माताको माया प्रेम र सद्भाव पाएका ज्ञवालीलाई बाल्यकालमा कुनै पनि दुःख आइपरेको थिएन । आफ्ना पिताका साथै गुरुहरूबाट साहित्यमा प्रवेश गर्ने प्रेरणा पाएका ज्ञवालीले आठ वर्षको उमेरमा आफ्नै घरमा पिता स्व. चूडामणि ज्ञवालीबाट अक्षरारम्भ गरेका थिए । अर्घाखाँची जिल्लाको खिदिम स्थित हरिहर पाठशालाबाट अध्ययनको औपचारिक यात्रा प्रारम्भ गरेका ज्ञवालीले क्विन्स कलेज वाराणसीबाट पुस्तकालय विज्ञान वृन्दावन सुकाचार्य भागवत् विद्यालयबाट श्रीमद्भागवतको विशेष अध्ययन बाँके बिहारी जी.की बगैचा गोपाल मन्दिर संस्थाबाट बैष्णव दीक्षा मन्त्र ग्रहण गरेका थिए । अध्ययनको समाप्ति पश्चात् जागिरका सिलसिलामा अर्घाखाँची, गुल्मी, कपिलवस्तु, दाङ, मुगु आदि जिल्लाहरूको भ्रमण गरेका ज्ञवालीको उपनयनादि कार्य आठ वर्षको उमेरमा आफ्नै घरमा भएको थियो । चौध वर्षको उमेरमा पोखराथोक गा.वि.स. वडा नं. २ चिदीपानी निवासी खुमान्द गौतमकी सुपुत्री ज्ञानु गौतमसँग विवाह बन्धनमा बाँधिन पुगेका खेमराज ज्ञवालीलाई विवाह पश्चात् आफ्नी श्रीमतीबाट सहयोग मिलेको थियो । श्रीमान् श्रीमती दुवैको सर सल्लाहबाट काम गर्ने र आफ्ना भावी सन्ततिहरूलाई उज्ज्वल भविष्य प्रदान गर्ने लक्ष्य लिएर अगाडि बढ्ने क्रममा श्रीमती

ज्ञानुका कोखबाट तीन पुत्र र दुई सुपुत्रीको जन्म भएको थियो । ज्ञवालीले आफ्ना सन्ततिहरूलाई उच्चशिक्षा सम्मको ज्ञान हासिल गराई विवाहदान समेत गरिदिएका छन् । जागिरका सिलसिलामा काठमाडौँमा प्रवेश गरेका ज्ञवालीको परिवारिक अवस्था मध्यम खालकै देखिन्छ भने हाल उनी कीर्तिपुर नगरपालिका वडा नं. ३ ट्याङ्लाफाँट भन्ने स्थानमा बसोवास गरिरहेका छन् । अध्ययनका साथै जागिरका सिलसिलामा भारतका कलाकत्ता, बनारस, काशी आदि स्थानहरूका साथै नेपालका अर्घाखाँची, पाल्पा, गुल्मी, कपिलवस्तु, मुगु, दाङ् बर्दियाजस्ता जिल्लाहरूको भ्रमण गर्ने अवसर प्राप्त गरेका ज्ञवाली महेन्द्र संस्कृत विश्वविद्यालयअन्तर्गत वाल्मीकि विद्यापीठमा वि.सं २०२९ देखि २०५८ सम्म उन्नतीस वर्ष लामो दीर्घ सेवा गरी हाल सेवा निवृत्त भएका छन् । मृदुभाषी स्वभाव भएका ज्ञवालीले आफूसँग भटघाट गर्न आउने इष्टमित्र बन्धु बान्धवहरूलाई सभ्य भाषा र राम्रो व्यवहारले स्वागत गर्दछन् । साहित्यमा विशेष रुचि राख्ने ज्ञवालीले सामाजिक क्षेत्रमा आफूसमेत सहभागी भई आर्थिक सहयोग जुटाउँदै आएका छन् । भ्वाट्ट हेर्दा पातलो र अग्लो सुन्दर अनुहारका देखिने ज्ञवालीले धर्मलाई आस्था अनुशासन र संस्कृतिका रूपमा लिने गर्दछन् । आफ्नो दैनिक नित्यकर्म समाप्ति पश्चात् पिटी व्यायाम गर्ने र स्नान गरी पूजा पाठमा व्यस्त हुने ज्ञवाली भगवान् श्रीकृष्ण, विष्णु, गौतमबुद्ध आदि देवताहरूमा बढी विश्वास गर्दछन् । साहित्यका क्षेत्रमा फुटकर कविताहरूका साथै **राराताल** नामक गीतिकाव्य, **श्रीशुकसुधा** सजिलो **गीता** र **वेदस्तुति** जस्ता अनुवादक गरिएका रचनाहरू पाठकसामु पस्किन सफल भएका छन् ।

# तेस्रो परिच्छेद

## ३. साहित्यकार खेमराज ज्ञवालीको *राराताल* गीतिकाव्यको अध्ययन

यस परिच्छेदमा खेमराज ज्ञवालीद्वारा रचना गरिएको **राराताल** नामक कृतिको अध्ययन गरिएको छ । यस कृतिलाई अध्ययन गर्ने क्रममा गीतिकाव्यका तत्त्वहरूलाई आधार मानिएको छ ।

### ३.१ विषय प्रवेश

नेपाली साहित्य साधना र सेवामा आफूलाई निरन्तर समर्पित गर्ने खेमराज ज्ञवालीद्वारा रचना गरिएको प्रस्तुत विवेच्य **राराताल** गीतिकाव्य वि.सं. २०४७ सालमा प्रकाशित भएको हो । नेपाली गीतिकाव्यका स्रष्टा माधवप्रसाद घिमिरेद्वारा नेपाली गीतिकाव्यको धारा प्रवाह रूपमा मनोरम प्रस्तुति भइरहेको परिप्रेक्षमा ज्ञवालीद्वारा २०४७ सालमै नेपालको दर्शनीय एवम् पर्यटकीय स्थल **राराताल** (रारादह) को रोमाञ्चक एवम् मनोरम सौन्दर्यरूपलाई नेपाली लोकछन्दमा अत्यन्त माधुर्यपूर्ण रूपमा प्रस्तुत गरिएको छ । यद्यपि यो काव्य २०२७ सालतिर रचना गरिएको हो तापनि प्रथम पटक २०४७ सालमा प्रकाशनमा आएको हो । लेखनका दृष्टिले यो काव्य नेपाली गीतिकाव्य परम्परामा एउटा कडी ठहर्ने देखिन्छ ।

खेमराज ज्ञवालीमा प्रशस्त जनभावना भएर काव्यसुधा रचना गर्ने भन्दा पनि धार्मिक काव्यसूक्तहरूबाट आम जनतालाई सुसूचित पार्ने र मूलतः भागवतीय ज्ञानकुञ्ज छहारीमा शीतलता प्रदान गर्न सकिने विषयलाई जन समक्ष प्रस्तुत गर्ने उद्देश्य रहेको देखिन्छ । उनका **सजिलो गीता**, **वेदस्तुति** र **श्रीशुकसुधा**जस्ता भागवतीय काव्य कृतिहरूले यस कुराको पुष्टि गर्दछन्, तर प्रस्तुत **राराताल** गीतिकाव्य ज्ञवालीको एकमात्र मौलिक रचना हो । **राराताल** गीतिकाव्यमा नेपालको मुगु जिल्लाअन्तर्गत पर्ने रारागाउँ परिसरमा रहेको रारादहको प्राकृतिक तथा मनोरमपूर्ण छटाको वर्णन गर्नु र त्यसको प्रचार गरी यसको महत्वलाई देशदेशान्तरसम्म पुऱ्याउनु तथा यसको उपयुक्तमात्रमा विकास गर्न सके देशले आर्थिक विकासमा काँचुली फेर्न सक्नेतर्फ सबैको ध्यान खिच्नु रहेको देखिन्छ ।

## ३.२ शीर्षक सार्थकता

प्रस्तुत विवेच्य **राराताल** गीतिकाव्यको शीर्षक अभिधात्मक तथा प्रतीकात्मक अर्थमा दुवै रूपबाट सार्थक देखिन्छ । अभिधात्मक रूपबाट नेपालको कर्णाली अञ्चलअन्तर्गत मुगु जिल्लामा अवस्थित **राराताल**को प्रकृतिक तथा मनोरम छटालाई विषयवस्तु वनाएर यसमै विषय केन्द्रित भएकाले यसको शीर्षक सार्थक देखिन्छ । त्यस्तै प्रकृतिकी प्रेमिका राधा एवम् प्रेमका उपासक श्रीकृष्णसमेत 'राराताल'को दर्शन गर्न द्वापर युगमा त्यहाँ पुगेको र राधासँग अनेक लीला गरेको जनश्रुतिअनुसार लेखकले यसको बैकल्पिक नाम राधाताल समेत राखेबाट यसको शीर्षक प्रतीकात्मक रूपमा पनि सार्थक देखिन्छ ।[३२] शीर्षकको मुख्य उपादेयता विषयवस्तुको केन्द्रक भई विषयवस्तुलाई आफू वरिपरि रिगाउन सक्नु र विषयवस्तुलाई आद्यान्त पूर्णता दिन सक्नु हो । यसर्थमा पनि रारातालको शीर्षक अर्थपूर्ण छ किनकि रारातालको प्राकृतिक संरचना र किवदन्ति जनश्रुति तथा वस्तु सत्यलाई समेत अवलम्वन गरी प्रकृति चित्रण गरिनुले यसको शीर्षक सार्थक रहेको छ ।

## ३.३ संरचना

**राराताल** गीतिकाव्य मूलतः ४ वटा खण्ड र विभिन्न उपखण्डहरूको संयोजनमा संरचित छ । लेखकले प्रत्येक खण्डहरूलाई विमर्शको संज्ञा दिएका छन् । उपखण्डलाई प्रथम पुष्प, द्वितीय पुष्प आदि नामबाट चिनाएका छन् ।

प्रथम विमर्शमा त्रिपन्नवटा गीति श्लोकमा रारातालको परिचय दिइएको छ । प्रथम बिमर्शकै द्वितीय पुष्पमा सातवटा गीति श्लोकमा राराताल गीत उपशीर्षकमा श्रीकृष्ण ताल, प्रकृति ताल र संस्कृति ताल आदि नामले सम्बोधन गरी रारातालको माधुर्यपूर्ण वर्णन गरिएको पाइन्छ । तृतीय पुष्पमा पाँचवटा श्लोकमा रारातालको गीत उपशीर्षकमा रारातालमा प्रकृति र संस्कृति दुवैको मनोरम वर्णन गर्नुका साथै रारालाई देख्नेवित्तिकै साङ्गीतिक मूर्छना उत्पन्न हुने भाव व्यक्त गरिएको छ ।

---

३२. शोधनायकसँग मिति २०६६/१०/१७ गते उनकै निवासमा दिउँसो ४ बजे लिएको अन्तवार्ताअनुसार ।

द्वितीय विमर्शमा चारवटा उपशीर्षकहरू दिइएको छ । जसमा प्रथम पुष्पमा राराताल नाम गीतको प्रस्तुतिबाट राराको नाम र दर्शनले जन्ताहरू प्रशन्न हुने भएकाले यसको सम्वर्धन र विकास गर्नुपर्ने विषयलाई मिठासपूर्ण चित्रण गरिएको छ । दोस्रो पुष्पमा रारालाई स्वर्गकी अप्सरासँग तुलना गरी मनोरम वर्णन गरिएको छ । त्यस्तै तृतीय पुष्पमा राराताल विजय गीत शीर्षकमा ईश्वरको प्रीतले विजय प्राप्त गरेको र चतुर्थ पुष्पमा राराको प्राकृतिक सुन्दरता र भौगोलिक स्थितिको मनोरम वर्णन गरिएको छ ।

तृतीय विमर्शमा दुईवटा उपशीर्षकहरू छन् । प्रथम पुष्पमा प्रसिद्ध र ऐतिहासिक नदी सिञ्जाको वर्णन गरिएको छ भने द्वितीय पुष्पमा चारकोशे (चारकोशबराबरको)तथा चारकुने आकारमा फैलिएको राराको प्राकृतिक सुन्दरताबाट मानवले मानसिक विकृति हटाउन सक्नु पर्ने धारणा व्यक्त भएको छ ।

चतुर्थ विमर्शमा लेखकले आफ्ना स्वर्गीय माता पिताको स्मरण गरी उनकै नाममा गीतिकाव्य समर्पण गरेको लेखकीय भाव प्रकट भएको छ । यसरी जम्मा चार विश्रान्ति र चालीस पृष्ठमा विश्रान्ति लिएको राराताल गीतिकाव्यको अन्त्य खण्डमा क्रान्ति र शान्ति गीत जागौंन हामी गीत तिमीहामी गीतम्, श्रीकृष्ण ब्रह्मगीतमा जस्ता छुट्टै विषयक गीतहरू समावेश भएका छन् । अन्तमा सर्वेश्वरी विजय शीर्षकको निम्वार्क महामुनिद्वारा रचिएको गीत संस्कृतमा राखिएको छ । **राराताल** गीतिकाव्यको संरचना मुख्यतः चार विमर्श र उपशीर्षकहरूमा विभाजित भई राराको विषयवस्तुसँग सम्बन्धित सय श्लोक र मातृपितृ समर्पण तेह्रवटा श्लोकको समायोजनमा समाप्त भएको छ ।

## ३.४ विषयवस्तु / भावविधान

राराताल गीतिकाव्यको मुख्य विषयवस्तु मुगु जिल्लाको रारागाउँमा स्थित रारादहको प्राकृतिक छटाको मनोरमपूर्ण वर्णन गर्नु र यसको महत्त्व तथा उपादेयता र यसको संरक्षण एवम् सम्बद्धनबाट राष्ट्रलाई पुग्ने फाइदाको साङ्गीतिक वर्णन गर्नु रहेको देखिन्छ ।

**रारातालको** प्रथम विमर्श तालकै परिचय र सौन्दर्य वर्णनमा खर्च गरिएको छ । वरिपरिबाट धुपि सल्लाले घेरिएको बिहानीमा रवि रक्तिम किरणको प्रतिविम्ब तालमा पर्दा राराको अपूर्व शोभा झल्कने कुरा व्यक्त गरिएको छ ।

प्राकृतिक सौन्दर्य छटाको अपूर्व नमुना भएको रारातालको महत्वको प्रचार प्रसार गर्न सकेमा र त्यसको परिवेश वरिपरि फल्ने स्याउको विक्रिवितरण गरेर आर्थिक विकास गरेको कुरा कवि यसरी व्यक्त गर्दछन् :

गाउँ घर घरमा स्याउ फल झुलेका
स्याउफल बेचेर अर्थ विकास गरेका ॥[३३]

त्यसैगरी गाउँघरका छानाहरूमा भेडाको उनको विकासका साथै राडी पाखी कम्बल, गलेवन्ध स्वीटर जस्ता वस्तुहरूको निर्माण भएको भाव कवि यसरी व्यक्त गर्दछन् :

गाउँघरको छानामा भेडाऊन विकास
राडी पाखी फरेवा, कम्वलको विकास ॥[३४]

शिक्षाविना विकासको कल्पना पनि सम्भव हुन सक्दैन भन्दै रारागाउँबासीहरूलाई शिक्षित तुल्याउन सके उनीहरूको अज्ञानता हट्ने र उनीहरूका माध्यमबाट राराको विकास हुने कुरा यहाँ व्यक्त गरिएको छ :

शिक्षा विकास गरेर, ज्ञानज्योति बालन ।
सफा सुग्घर गरेर कालो मैलो फालन ॥[३५]

---

३३. खेमराज, श्रीकृष्ण शरणः ज्ञवाली, **राराताल,** (काठमाडौँः सीमा छापाखाना २०४७), पृ. ३ ।

३४. पूर्ववत्, पृ. १४ ।

३५. ऐजन ।

रारातालको दर्शन पाएपछि संसारका मानिसहरूले तालगान गर्ने र त्यहीँ तालको दर्शनले उनीहरूमा सुख शान्ति मिल्ने कुरा पनि अभिव्यक्त भएका छन । रारातालको तीनतिरबाट बग्ने पानीबाट निस्किएको आवाज त्यही पानीबाट चलेका कुट्ने पिस्ने घट्टहरूको ध्वनि राराको पवित्र जलमा पक्षीहरूबाट गरिएको जलक्रीडा आदिबाट राराको दर्शन गर्न जाने दर्शनार्थी र पर्यटकहरू पनि मन्त्र मुग्ध भई फर्कने कुरा उल्लेख गरिएको छ । त्यहाँ भएका मठ मन्दिरका साथै नारायणको प्रतिमूर्ति विष्णुशीलाको दर्शन गरेर फर्कने कुराको राम्रो वर्णन गरिएको छ । द्वापर युगमा श्रीकृष्ण र राधा घुम्दै रारातालमा पुगेको र उनीहरूले त्यहाँ रास लीला गरेको मिथकीय प्रसङ्ग पनि यहाँ जोडिएको छ । श्रीकृष्णको अपूर्व चक्षु यसमा परेकाले कृष्णप्रेमी लेखकले यसलाई राधाताल तथा श्रीकृष्णताल भनेर वैकल्पिक नामबाट सम्बोधन गरेका छन् ।

सांस्कृतिक सम्पदाको रूपमा रहेको राराताल सांस्कृतिक सम्पदाको बाहक हुनुका साथै विकृति र विसङ्गतिका र छलकपटका विरुद्ध सङ्गति र पवित्रताको प्रतीकका रूपमा शान्त सौम्य र स्निग्ध भई रहेको कुरा यसको विषयवस्तुमा व्यक्त गरिएको छ । रारा आफ्नो पवित्रता र सुन्दरताको अवर्णनीय छटा फिजाउँदै बुद्धको नाउमा शान्तिको कामना गर्दै नाचेको प्रसङ्ग यसरी व्यक्त गरिएको छ :

बुद्धको नाउँमा शान्तिको गीतमा
राराको माझामा नाचेकी अप्सरा ।[३६]

राराको आयतन चारकोश भएको अन्दाज लेखकको रहेको छ । चारकोशे तालमा र गहिराइको सम्बन्धमा वि.सं. २०२७ सालमा लेखक जब रारागाउँ पुगे त्यतिबेला त्यहाँका ९५ वर्षीय एक बृद्ध क्षेत्रीसँग यसको गहिराइका बारेमा सोद्धा बृद्ध क्षेत्रीले एउटा भयानक ठूलो मरेको

३६. खेमराज, कृष्णशरण ज्ञवाली, **राराताल,** पूर्ववत् पृ. १४ ।

राँगाको पुरै छाला काढेर मसिनो रसी बनाई त्यसको टुप्पोमा पत्थर बाँधेर त्यहाँ डुबाउँदा राराको भूईं भेटिएको किम्बदन्ती लेखकले सुनेका थिए ।[३७] यस प्रसङ्गले राराको गहिराइ निकै गहिरो रहेको कुरा पुष्टि हुन्छ । लेखकअनुसार सरकारी स्तरबाट हालसम्म पनि यसको गहिराइको मापन कार्य हुन नसकेको देखिन्छ ।

प्रकृतिले सदा नृत्य गरिरहने रारातालमा दिव्यशक्ति सम्पन्न राधाकृष्णको सवारी भएको संस्कृति नाचिरहेकी, राधिका नाचेकी सूर्यको अस्ताचल तर्फ हुने डुवान (सन्ध्या) को गोधुली अवस्था जडिबुटीले भरिभराउ भएको राराको प्राकृतिक छटा र सङ्गीतले हरसमय तरङ्गदिइरहने राराको अपूर्व शोभालाई लेखकले व्यक्त गरेका छन् । राराको अपूर्व सौन्दर्यबाट प्रभावित भई वि.सं. २०२० सालमा श्री ५ महेन्द्र राजा समेत त्यहाँ पुगी दर्शन गरेको प्रसङ्ग लेखकले ठाउँठाउँमा उल्लेख गरेका छन् । यसबाट लेखकले देश चलाउनेहरूका गहिरा आँखा राराको सम्बद्धनमा पर्ने हो भने यो संसारकै अद्वितीय दर्शनीय र पर्यटकीय स्थल बन्ने कुरा लेखकले यहाँ प्रस्तुत गरेका छन् ।

चारकुना आयातनमा फैलिएको रारा आफ्नो मधुरी शोभा लिएर प्राकृतिक खेल खोलिरहने प्रसङ्ग र मानवको दुष्छलता हरण गर्ने पूर्ण मनशाय लिएकी राराको सुन्दरता लेखक यसरी व्यक्त गर्दछन् :

माधुरी शोभा लिएर खेल्छिन देवी प्रकृति ।
कृपापूर्ण दृष्टिले हेर्छिन दैवी प्रकृति ॥[३८]

---

३७. शोधनायकसँग मिति २०६६/१०/१७ गते उनकै निवासमा दिउँसो ४ बजे लिएको अन्तवार्ताअनुसार ।

३८. खेमराज, कृष्णशरण ज्ञवाली, **राराताल**, पूर्ववत्, पृ. ६ ।

राराको चारकुने आकार र यसको वरिपरि फुल्ने फूल तथा झुल्ने लता वल्लरीहरू एवम् तिनमा लटरम्म फलेका असङ्ख्य फलहरूलाई सुरम्य पवनले हल्लाउँदाको मनारम दृश्यलाई लेखकले सजीव बनाएर उतारेका छन् । राराको यस्तो शोभा र सुन्दरताबाट प्रविन नहुने र आनन्दित नहुने मानव हृदय हुँदैन किनभने प्रकृतिको सृष्टि गर्ने ब्रह्मले समेत कैयौ दिन लगाएर यसमा कलाचातुरी भरेको काल्पनीक प्रसङ्ग यस्तो छः

ब्रह्माजीले सृष्टिको कालपूर्ण भरेका ।
सुनचाँदी  हिरामोती औ मणिखानी भरेका ॥[३९]

यसरी नेपला राष्ट्रको गौरव मनमोहनी नेपालकी प्रकृतिक अप्सरा राराको प्राकृतिक र नैसर्गिक वस्तुस्थितिको कलात्मक वर्णन लेखकले रारातालमा गरेका छन् । त्यस्तै राराको मूल विषयवस्तुमा यसको प्राकृतिक सौन्दर्य र यसले नेपाल राष्ट्रको अर्थतन्त्रमा पुऱ्याउन सक्ने सम्भावनाको सुनौलो सङ्केत गरेको कुरा स्पष्ट हुन्छ ।

### ३.५ छन्दालङ्कार

प्रस्तुत विवेच्य **रारताल** गीतिकाव्यमा नेपाली लोक छन्द, झ्याउरे छन्द प्रयोग गरिएको छ । गीतिलयमा गाउन सकिने लोक छन्दका साथमा विभिन्न अलङ्कारहरूको प्रयोगले यस काव्यलाई मिठासपूर्ण बनाएको छ । जस्तै :

राराको तालमा प्रकृति गीतमा ।
के राम्रो तालमा नाचेकी अप्सरा ॥[४०]

उपमा, रूपक, अतिशयोक्तिजस्ता अलङ्कारको मधुर प्रयोग यस काव्यमा भएको छ । रूपक अलङ्कारको एउटा नमुना यसप्रकार छ :

---

३९. पूर्ववत्, पृ. १ ।

४०. पूर्ववत्, पृ. ३ ।

प्रतिविम्व जस्तो छ उस्तै रूप लिएर
शान्ति दिन्छ तालले ब्रह्मारस दिएर ॥[४१]

त्यस्तै : सिजानदी सिजाका जनतालाई ।
दूध धारा बर्साई बगेकी ॥[४२]

सिजा नदीले त्यस क्षेत्रका जनतालाई दूध दिनु जस्तो अतिशयपूर्ण वर्णन गरिएको अतिशयोक्ति अलङ्कार पनि यस काव्यमा प्रयोग भएको छ । जसको एउटा नमुना यसप्रकार छ :

वरिपरि हरिया डाँडालाई ।
शङ्ख ध्वनि सुनाउँदै गुफामा ।[४३]

यसरी विभिन्न अलङ्कारहरूको प्रयोग गरिएको यस काव्यमा रूपक अलङ्कार प्रवलता बनेको पाइन्छ । सरल सरस भाषाशैलीका माध्यमबाट आफ्ना भावनाहरू व्यक्त गर्ने ज्ञवालीले आफ्ना रचनामा अलङ्कारको पनि समुचित प्रयोग गरेको पाइन्छ ।

### ३.६ गीतात्मकता

गीतिकाव्यलाई अन्य काव्यहरूबाट पृथक् बनाउने तत्त्व गीतात्मकता हो । प्रस्तुत **राराताल** गीतिकाव्यमा ज्ञवालीले गीतात्मकता र सङ्गीतात्मकताको सुमधुर प्रयोग गरेका छन् ।

जस्तै : प्रकृति बसेकी रारातालमा ।
संस्कृति नाचेकी रारातालैमा ॥[४४]

---

४१. पूर्ववत्, पृ. १ ।

४२. पूर्ववत्, पृ. ३ ।

४३. पूर्ववत्, पृ. १८ ।

४४. पूर्ववत्, पृ. १० ।

त्यस्तैः बोलाउन संस्कृति हटाउन विकृति ।

बसेकी तालैमा नाचेकी अप्सरा ।

के राम्रो तालैमा ...॥[४५]

यस्तै : सङ्गीतात्मकता झल्काउने मधुर प्रयोग यसरी गरिएको छ :

राराको तालमा प्रकृति पादमा

भक्तिको भावमा नाचेकी अप्सरा ।

बोलाउन...। [४६]

यसरी साङ्गीतिक झङ्कार ल्याउन दोहोऱ्याउने पदविन्यासले काव्यमा गीतात्मकताको झङ्कार झङ्कृत भएको छ । ठाउँ ठाउँमा रिरिक शब्दले सङ्गीतिकता ल्याउन पदहरू पुनरावृत्त गर्ने सङ्केत दिएको छ । नेपाली लोकदन्दको छन्दमाधुर्यमा गीतात्मकताको चमत्कृति यहाँ चर्किएको छ ।

## ३.७ निष्कर्ष

यसरी **रारताल**को प्रकृतिक सौन्दर्यतालाई विषयवस्तु बनाएर एकसय श्लोकमा समाहित गरिएको प्रस्तुत राराताल गीतिकाव्य ज्ञवालीले वि.सं. २०४७ सालमा प्रकाशनमा ल्याउन सफल भएका थिए । माधवप्रसाद घिमिरेद्वारा प्रारम्भ भएको गीतिकाव्य परम्परामा ज्ञवालीले आफ्नो कलम चलाएर अगाडि बढाउने प्रयास गरेका छन् । कर्णाली अञ्चलको मुगुजिल्लाअन्तर्गत रारा गाउँमा अवस्थित रारादहको प्राकृतिक नैसर्गिक वर्णन गरेर यसको महत्त्व दर्शाएका मात्रै छैनन् अपितु यसको प्रचार प्रसार र सम्वद्धन गर्न सके नेपालको अर्थतन्त्रमा सुधार आउने सम्भावित पर्यटकीय वा पुण्य तीर्थस्थलका रूपमा चिनाएका छन् । द्वापर युगका श्रीकृष्ण र राधाको आगमन भएको यस तालको महत्त्व अतिप्राचीन रहेको बताउँदै ज्ञवालीले राराको विकासमा जोड दिनुपर्ने भाव व्यक्त गरेका छन् ।

४५. पूर्ववत्, पृ. १३ ।

४६. पूर्ववत., पृ. १५ ।

राराको प्रागैतिहासिक महत्त्व र  हाल यसको संरक्षण र सम्वर्धन गर्नु पर्ने मूल भाव बोकेको प्रस्तुत गीतिकाव्य नेपाली गीतिकाव्य परम्पराको ऐतिहासिक महत्त्वको रचना मान्न सकिन्छ । यद्यपी लेखकमा गीतिकाव्य रचनामा हुनुपर्ने आवश्यक प्रविधिप्रति पूर्ण ध्यान पुग्न सकेको छैन । यो कृति उनको प्रथम मौलिक प्रयास भएको हुनाले पनि त्यसो भएको हुन सक्छ । कतिपय स्थानहरूमा विषयवस्तुको पुनरावृत्तिले गर्दा पाठकलाई कतै नमीठो आभाष भएको हुन सक्छ । लेखक संस्कृत भाषाका प्रकाण्ड विद्वान् भएको कारणले संस्कृतका अप्रचलित शब्दहरूको पनि यहाँ प्रयोग भएको पाइन्छ । जसले गर्दा कृति पढ्ने पाठकलाई केही सङ्कट परेको छ । जीवनको उत्तरार्द्ध अवस्थामा आइपुगेका तर आँटिला र जोशिला लेखकबाट यसका अलावा अन्य रचनाहरूको पनि आशा गर्न सकिन्छ । जे होस् नेपालको प्रसिद्ध र ऐतिहासिक ताल राराको नैसर्गिक वर्णन र यसको सम्बद्धन र प्रचार गरी राष्ट्रिय अर्थतन्त्रमा केही उपलब्धी हुन सक्ने सम्भावनाप्रति सबैको ध्यान खिच्न सक्नु लेखकको मूल लक्ष्य भएकाले यस कृतिले नेपाली गीतिकाव्यका फाँटमा महत्त्वपूर्ण भूमिका खेलेको छ ।

# चौथो परिच्छेद

## ४. साहित्यकार खेमराज ज्ञवालीका अनुवाद साहित्यको विश्लेषण

चौथो परिच्छेदमा साहित्यकार खेमराज ज्ञवालीद्वारा अनुवाद गरिएका **सजिलो गीता**, **श्रीशुकसुधा** र **वेदस्तुति** जस्ता रचनाहरूको अध्ययन गरिएको छ । यी कृतिहरूका अध्ययन गर्ने क्रममा आवश्यक पर्ने विषयवस्तु, संरचना, सारवस्तुजस्ता तत्त्वलाई आधार मानिएको छ ।

४.१ साहित्यकार खेमराज ज्ञवालीको **सजिलोगीता** कृतिको अध्ययन

यस शीर्षकमा साहित्यकार खेमराज ज्ञवालीद्वारा अनुवाद गरिएको कृति सजिलो गीतालाई विभिन्न विषयवस्तु, संरचना अदि तत्त्वका आधारमा अध्ययन गरिएको छ ।

### ४.१.१ विषय प्रवेश

नेपाली साहित्यको श्रीवृद्धिमा आफूलाई साधनारत राख्ने खेमराज ज्ञवालीको साहित्यिक व्यक्तित्व जति मौलिक छ त्यो भन्दा कैयौँ बढी कुशल अनुवादक व्यक्तित्व रहेको छ । संस्कृतका कठीनतम ग्रन्थहरू **श्रीमद्भागवत महापुराण, श्रीमद्भागवत गीता** र भागवत अन्तर्गतकै **वेदस्तुति**जस्ता कृतिहरूको नेपाली भाषामा अनुवाद गरी ज्ञवालीले अनुवाद साहित्यका फाँटमा ठूलो टेवा पुऱ्याएका छन् । अनुवादका अनेक तरिका भावानुवाद खण्डानुवाद र छायानुवाद आदि मध्ये भावानुवादलाई मुख्य रूपमा आत्मसात् गरी ज्ञवालीले अनुवाद कौशलतालाई प्राप्त गरेका छन् ।

संस्कृतमा रहेका **श्रीमद्भागवत गीता**को नेपाली भाषामा सरल र सुवोध्य अनुवाद गरी ज्ञवालीले गीतामा रहेको विषादयोग, ज्ञानयोग, साङ्ख्य योग, सन्यास योग, कर्मयोग, ब्रह्मयोग, मोक्ष योग आदिको ज्ञान सर्वसाधारण नेपाली पाठकहरूमा सम्प्रेषण गर्ने मूल उद्देश्य लिएको देखिन्छ । ज्ञवालीले यस सजिलो गीतालाई वि.सं. २०६२ सालमा नेपालीमा अनुवाद गरेका हुन् । यद्यपि यसभन्दा पहिला पनि नेपाली भाषामा **नेपाली गीता, कोमल गीता** जस्ता श्लोकवद्ध र

भावानुवाद गरिएका मोटा मोटा ग्रन्थहरू प्रकाशित भइसकेका थिए तर ज्ञवालीद्वारा भावानुवाद गरिएको **सजिलो गीता**, सर्वसाधारण पाठकले समेत सजिलै बुझ्न सक्ने खालको सरल भाषामा भएकोले यसको महत्त्व छुट्टै रहेको छ ।

गीता ज्ञान र मोक्षको पवित्र गङ्गा मात्र होइन राजनीति र धर्मनीतिको अमोध साधना समेत मानिएको छ । सम्पूर्ण वेद र उपनिषद् पुराणहरूको सार भगवान् श्रीकृष्णले यसमा खिचेका छन् । त्यसैले भनिएको छ -

सर्वो पनिषदोगावो दोग्ध गोपाल नन्दन ।
पार्थोवत्स सुधीर्मोक्ता दुग्धं गीता मृतंमहत् ॥[४७]

## ४.१.२ विषयवस्तु

सजिलो गीताको मूल विषयवस्तुका रूपमा धनुर्धारी अर्जुन र भगवान् श्रीकृष्णका बीचमा चलेको संवाद आएको छ । पूर्णरूपले महाभारतको युद्धको उद्घोष र युद्ध तैयारी भइसकेपछि युद्ध मैदानमा अग्र पङ्क्तिमा उत्रिएका योद्धा अर्जुनद्वारा युद्धमा आफ्ना आफन्त र गुरुहरूलाई मात्र देखेपछि विषद गरी गाण्डीवधनु भुईमा राखेर युद्ध नगर्ने मनस्थिति बनाएका अर्जुन र उनलाई युद्ध धर्ममा तत्पर बनाउने उनकै सारथी श्रीकृष्ण बीचको संवाद नै गीताको मुख्य विषयवस्तु हो । विषाद् योगदेखि मोक्षशास्त्रसम्म वेद, गीता युद्ध नीति, कर्मनीति, राजनीति, योगनीति र मोक्ष नीतिजस्ता मानिसका अभिन्न सामाजिक संस्कारसँग गाँसिएको छ । कर्मको फलमा भन्दा कर्ममा आशक्त रहन गीताका पद पदमा भनिएको छ । यसर्थमा गीताले मानवलाई सच्चा कर्मयोगी बन्न अभिप्रेरित गर्दछ । यस प्रकारको अमोध कर्मसाधना र मोक्ष साधनाको पावन गंगाधारा छचल्काउने गीतालाई नेपाली सर्वसाधरण पाठक तथा गीताको अर्थ बोध गर्न चाहने जिज्ञासुहरूको जिज्ञासा मेटाउनका लागि ज्ञवालीले सरल सरस भाषाशैलीका माध्यमबाट गीतालाई अनुवाद गरेका छन् ।

---

४७. खेमराज ज्ञवाली, 'लेखकीय', **सजिलो गीता,** (काठमाडौँ: प्रशान्ति पुस्तक भण्डार, २०६२), पृ. ग ।

गीताको महत्त्व र उपादेयता पूर्वीय समाजमा मात्र हैन अपितु पश्चिमी सभ्यता र समाजले पनि यसको महत्त्व र उपयोगीतालाई आत्मसात् गर्दै आएका छन् । पूर्वीयहरूको अमोध दर्शको रूपमा स्थापित गीता केवल संस्कृत भाषामा मात्र सीमित नरही संसारका धेरै भाषाहरूमा अनुवाद भइसकेको छ । नेपाली भाषा र संस्कृत भाषाको पुस्तेनी साइनो रहेको छ । संस्कृतमा रहेको श्रीमद्भागवत गीतालाई यसभन्दा पहिला **कोमल गीता नेपाली गीता** आदि नाममा अनुवाद गरिएका कृतिहरू पाइन्छन् । जसले संस्कृत भाषामा लेखिएको गीतालाई बुझ्नका लागि आज सस्कृत भाषानै जान्नु पर्ने अवस्थालाई समन गरिदिएको छ । यही सिलसिलामा ज्ञवालीले पनि श्लोकहरूलाई जस्ताको तस्तै राखी ती श्लोकका तल त्यसको भावार्थ सटिक रूपमा दिएर ज्ञवालीले अनुवादकको भूमिका पूरा गरेका छन् ।

अन्धा धृतराष्ट्रलाई कोठाभित्रै बसी सम्पूर्ण युद्धको इतिवृत ज्ञान हुने ब्रह्मज्ञान सञ्जयले युद्धको प्रत्येक अवतर्णिकाहरू बताइएको विषयवस्तुका अन्तगर्ममा भगवान् श्रीकृष्ण र धनुर्धारी अर्जुनका बीचको संवाद नै गीताको मूल विषयवस्तु बनेको छ । **सजिलो गीता**मा पनि उक्त विषयवस्तुलाई मूलमा जस्तो छ त्यस्तै रूपमा उतारिएको छ । युद्ध मैदानमा उत्प्रेरित अर्जुनले बीपक्षीको युद्ध मोर्चामा सम्पूर्ण आफ्ना गुरुजन तथा मान्यजनहरू एवम् निर्दोष जनसमूह मात्र देखेपछि मनमा विषद गरी उनीहरूको जगतमा राज्य नगर्ने बरु भिक्षाटन गरी हिड्ने बताएपछि सारथी श्रीकृष्णद्वारा अर्जुनको विषदरूपी शङ्काहरू हटाई कर्मठ कर्मयोगी बनाएर युद्धमा उत्प्रेरित गर्ने महान् वाणीहरूको श्रृङ्खलावद्ध समायोजनबाट गीताको विषयवस्तु निर्माण भएको छ ।

### ४.१.३ संरचना

मूल संस्कृत गीताको संरचनागत प्रविधि अनुरूप नै **सजिलोगीता**मा पनि उक्त शैली अपनाइएको छ । १८ वटा अध्याय र ७०० श्लोकमा संरचित मूल गीतामा जस्तै यसमा पनि संस्कृत गीताका श्लोकहरूलाई माथि राखी तल त्यसको भावार्थ दिइएको छ । अर्जुनको विषाद योगबाट आरम्भ भई मोक्ष सन्याससम्मका १८ वटा अध्यायमा गीताको सम्पूर्ण शरीर संरचना तयार भएको छ । **सजिलो गीता**को अन्त्यमा परिशिष्टका रूपमा सप्तश्लोकी गीताको महिमा

चारवेदका महावाक्यहरू एवम् स्तुति र कीर्तन आदि राखिएको छ । यसले गीताको महिमा र अर्थ बोधमा सघाउ पुऱ्याएको छ ।

### ४.१.४ गीताको भावसार

सजिलो गीता को मूल सारवस्तुका रूपमा कृष्ण र अर्जुन बीचको युद्धको प्रसङ्ग रहेको छ । गीताको पहिलो अध्यायमा धर्म भूमि कुरु क्षेत्रमा युद्धको तैयारी भइरहेको बेलामा रथबाट ओर्लेर विपक्षी कौरवको युद्धमोर्चा तर्फ एक नजर डुलाएका अर्जुनले त्यहाँ सम्पूर्ण आफन्त गुरुजन प्रियजन मान्यजन र निर्दोष जनसमूह देखेपछि मनमा विषदगरी श्रीकृण अगाडि गण्डिवधनु राखेर युद्ध नगर्ने कुरा व्यक्त भएको छ । यसर्थ गीताको प्रथम अध्यायलाई अर्जुन विषद् योग भनिएको हो ।

दोस्रो अध्यायमा धर्म युद्धको अन्तिम सङ्घारमा अर्जुनमा आएको विषद तथा कायरताको समन गर्न श्रीकृष्णले साङ्ख्य दर्शनका अनेक युक्तिहरूको प्रयोग अर्जुनलाई युद्धमा उत्प्रेरित गरिएको छ । साथै नाशवान क्षणभङ्गर शरीर र आत्माको सम्बन्ध, मानवमा देह र आत्माका बीचमा रहेको भ्रमात्मक सम्बन्धका बारेमा प्रष्ट पारिएको छ । यहाँ देह र आत्मा श्रेष्ठ हो भनी बताइएको छ ।

तेस्रो अध्यायमा आशक्त रहित कर्म गर्न श्रीकृष्णले अर्जुनलाई प्रेरित गरेका  छन् ।

अन्नाद् भवन्ति भूतानि पर्जन्यादन्नसम्भवः ।
यज्ञाद् भवति पर्जन्यो यज्ञ : कर्मसमुद्भाव ॥[४८]

सृष्टिको चक्रको सञ्चालनका निमित्त पनि कर्तव्यकर्म अवश्य नै गर्नु पर्दछ । किनभने सम्पूर्ण प्राणी अन्नबाटै पैदा हुन्छन् वर्षाबाट अन्न पैदा हुन्छ वर्षा चाहिं यज्ञवाट हुन्छ र यज्ञचाही निष्कामभावले गरिएको कर्मद्वारा हुन्छ । यसरी बुद्धिभन्दा पनि पर रहेको कामलाई वश गर्न

---

४८. खेमराज ज्ञवाली, **सजिलो गीता,** (काठमाडौंः, प्रशान्ति पुस्तक भण्डार, २०६२), पृ. २३ ।

पहिला मनलाई वश गर्नुपर्ने र कठोर कामरूपी शत्रुलाई मारी निष्कामकार्यमा जुट्नु प्रेरित गरिएको छ ।

चौथो अध्यायमा भगवान् श्रीकृष्णले आफ्नो अवतारी स्वरूपको अनेक जन्म जन्मान्तरको स्थिति, अर्जुनका अनेक जन्मान्तरको परिचय र उक्त जन्मान्तरका भएका केही परिघटनाहरू बताएर अर्जुनलाई ज्ञानकर्म योगको दीक्षाद्वारा युद्धमा तत्परहुन अपील गरेका हुन् ।

पाँचौं अध्यायमा कर्म योग र सन्यास योगको भेद एवम् सहकारी भूमिकाको श्रीकृष्णद्वारा स्पष्टिकरण गरिएको छ । त्यसैगरी छैठौमा आत्मसन्यास, योगको वर्णन सातौँमा ज्ञान विज्ञानयोगको वर्णन आठौँमा अक्षरब्रह्म योगको वर्णन नवौँमा राजविद्या एव राजगृहयोगको वर्णन गरिएको छ । दसौँमा अध्यायमा विभूतियोग एघारौँमा श्रीकृष्णको गृह्य अध्यात्म दर्शनको दीक्षाबाट मोह हटेका अर्जुनले भगवान्को विराट रूप हेर्ने इच्छा जाहेर गर्दछन्  र उक्त विराट् रूपको दर्शन गर्दछन् । बाह्रौं भक्तियोग, तह्रौँमा क्षेत्र क्षेत्र विज्ञानयोग चौधौमा गुणत्रयविभागयोग पन्ध्रौँमा पुरुषेत्तम योग सोह्रौँमा दैवासुरसंपद् विभागयोगका वर्णन गरिएको छ । त्यसैगरी सत्रौ अध्यायमा सत्व, रज, तम आदि श्रद्धात्रयको वर्णन गरिएको छ भने अन्तिम अर्थात् अठारौँ अध्यायमा सन्यास मोक्ष सन्यास र कर्मयोगको छुट्टाछुट्टै ज्ञान गर्न चाहने अर्जुनको जिज्ञासा श्रीकृष्णबाट मेटाइएको छ । यसर्थ यस अध्यायलाई मोक्ष सन्यास योगध्याय भनिएको हो । ब्राहमण कर्म, क्षेत्री कर्म बैश्य कर्म र शुद्र कर्मको यथोचित वर्णन गरी अर्जुनका सम्पूर्ण जिज्ञासालाई हटाई महाभारतको युद्धमा तत्पर बनाइएको छ ।

यसरी खेमराज ज्ञवालीले श्रीमद्भागवत् गीतालाई अनुवाद गरी **सजिलो गीता** सर्व बोधगम्य भावार्थ लेखी साँच्चै सजिलो बनाएका छन् । जसबाट गीतामा के छ ? भन्ने जिज्ञासा हुने आम पाठकलाई यो गीता उपयोगी सिद्ध भएको छ ।

युद्धमा होमिएका अर्जुनले आफ्ना पिता, पितामह तथा आचार्य मामा, भाइ, छोरा, नाति र त्यस्तै साथीहरूलाई देखेपछि बिषादग्रस्थ बनेको कुरा यसरी व्यक्त गरिएको छ :

तत्रापश्यात्स्थितान् पार्थः पितृनाथ पितामहान् ।

आचार्यान्मातुलान्भ्रतृन्पुत्रान्यौत्रान्सखीस्तथा ॥[४९]

कुलको विनाश भएपछि नाश हुने कुनै कुरा बाँकी नरहने प्रसङ्गलाई यसरी व्यक्त गरिएको छ :

कुलक्षये प्रणश्यन्ति कुलधर्माः सनातनाः ॥

धर्मे नष्टे कुलै कृन्स्न मधर्मोऽभिमवन्युत ॥[५०]

युद्ध गर्नबाट डराइरहेका अर्जुनलाई श्रीकृष्णले सम्झाएको कुरालाई ज्ञवालीले यसरी अनुवाद गरेका छन् :

कुतस्त्वा कुश्मलमिदं विषमे समुपस्थितम् ।

अनार्यजुष्टमस्वर्ग्यमकीर्तिकरमर्जुन ॥[५१]

हे अर्जुन ! विषम अवस्थामा रहेका तिमीलाई यी दुःख कष्ट र कायरता कहाँबाट आए ? यस्तो कायरता श्रेष्ठ पुरुषद्वारा सोध्य हुँदैन । यसले स्वर्गलोक पनि दिँदैन यसले कीर्ति अथवा यश पनि दिँदैन । तिमीमा आएको यो कष्ट र दुःख अनर्थले सेवा गरिएको स्वर्गलोक नदिने र अपयश वा अकीर्ति फैलाउने हुन्छ ।[५२]

त्यस्तै क्षत्रीय भएर युद्ध मैदानमा उत्रिएका अर्जुनले त्यस्ता बखतमा के कुरा सोध्नु पर्दथ्यो र उनले के सोचे त्यसलाई यसरी बताएका छन् :

अशोच्यानन्वशोचस्त्वं प्रज्ञावादांश्च भाषसे ।

गतासूनगतासूच्य नानुशोचन्ति पण्डिताः ॥[५३]

---

४९. पूर्ववत्, पृ. ५ ।

५०. पूर्ववत्, पृ. ८ ।

५१. पूर्ववत्, पृ. १० ।

५२. पूर्ववत्, पृ. १२ ।

५३. ऐजन ।

यसलाई ज्ञवालीले यसरी अनुवाद गरेका छन् :

हे अर्जुन ! तिमी शोक गर्न अयोग्य भएका पुरुषहरूलाई शोक गर्दछौ । साथै बुद्धिवाद अर्थात् पाण्डित्य पनि छाँट्दछौ । मारिसकेका प्राणीहरू र बाँचिरहेका प्राणीहरूका निमित्त पनि पण्डितहरू शोक गर्दैनन् ।[५३] यसै क्रममा सारथी कृष्णले अर्जुनलाई भनेको श्लोक यस्तो छः

देहिनोऽस्मिन यथा देहे कौमार यौवनं जरा ।
तथा देहान्तरप्राप्तिर्धीरस्तत्र न मुह्यति ॥[५४]

जसलाई ज्ञवालीले यसरी अनुवाद गरेका छन् :

हे अर्जुन ! जसरी देहीको यस शरीरमा कुमार युवा तथा वृद्धावस्था हुन्छन् त्यसरी नै देहीलाई दोस्रो शरीर प्राप्त हुन्छ । यस विषयमा धीर पुरुष मोहमा पर्दैन ।[५५]

आत्मा र शरीरको सम्बन्धका बारेमा श्रीकृष्णले अर्जुनलाई भनेको कुरा श्लोक सहित ज्ञवालीले यसरी अनुवाद गरेका छन् :

य एनं वेत्ति हन्तारं यश्चैनं मन्यते हतम् ।
उभौ तौ नविजानीतौ नायं हन्ति न हन्यते ॥[५६]

जसले यस अविनाशी आत्मालाई अरू कसैलाई मार्नेवाला भनेर जान्दछ, जसले यस आत्मालाई अरूद्वारा मारिएको भनेर जान्दछ अर्थात् जसले यस आत्मालाई हन्ता (मार्नेवाला) ५४.

---

५४. पूर्ववत्, पृ. १३ । ।

५५. ऐजन ।

५६. पूर्ववत्, पृ. १४ ।

भनेर जान्दछ अथवा यस आत्मालाई मरेको वा मारिएको भनेर जान्दछ ती दुवै नै जान्दैनन् किनभने यस आत्माले न कसैलाई मार्दछ  न यो कसैद्वारा मारिन्छ । यो आत्माले कसैलाई मार्दैन र यो आत्मा कसैद्वारा मारिन्न । त्यसैले गीतामा नायं हन्ति न हन्यते यो स्पष्ट वाणी भनिएको छ ।[५७]

न जायते मृयते वा कदाचिन्नायं भूत्वा भविता वा न भूयः ।
अजो नित्य : शाश्वतोऽयं पुराणो नहन्यते हन्यमाने शरीरे ॥[५८]

यो जीवन न कहिल्यै पैदा हुन्छ र न कहिल्यै मर्छ । यो पैदा भएर रहनेवाला पनि होइनः फेरि पैदा हुने वाला पनि होइन । जो शरीरलाई मारेमा पनि यो आत्मा मारिँदैन ।[५९]

वेदाबिनाशिनं नित्यं य एनमजमन्ययम् ।
कथं स पुरुषः पार्थ क. घातयति हन्ति कम् ।[६०]

हे पार्थ ! जसले यस शरीर (आत्मालाई) अविनाशी, नित्य जन्मरहित र अव्यय जान्दछ त्यस पुरुषले कसरी कसैलाई मार्न लगाउन सक्तछ वा कसरी कसलाई मार्दछ ।[६१]

वासांसि जीर्णानि यथा विहाय नवानि गृह्णाति नरोऽपराणि ।
तथा शरीराणि विहाय जीर्णान्यन्यानि संयाति नवानि देही ॥[६२]

---

५७. ऐजन ।

५८. ऐजन ।

५९. ऐजन ।

६०. पूर्ववत्, पृ. १५ ।

६१. ऐजन ।

६२. ऐजन ।

जसरी मानिसले पुराना वस्त्रहरू त्यागेर अरु नयाँ बस्त्रहरू ग्रहण गर्दछ त्यस्तै यस देहले पनि जीर्ण शरीलाई छोडेर अरू नयाँ शरीरलाई प्राप्त गर्दछ । अर्थात् ऊ नयाँ शरीरमा प्रवेश गर्दछ ।[६३]

नैनं छिन्दन्ति शास्त्राणि नैनं दहति पावकः ।
न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः ॥[६४]

यस शरीरलाई काट्न सकिँदैन, यसलाई डढाउन सकिँदैन तथा भिजाउन र सुकाउन पनि सकिँदैन किनभने यो नित्य सर्वव्यापक स्थिर स्वभावको र अचल तथा अनादि छ ।[६५]

अव्यक्तोऽयमचिन्त्योऽयमविकार्योऽयमुच्यते ।
तस्मादेवं विदित्वैन नानुशोचितुमर्हसि ॥[६६]

यो देही (आत्मा) इन्द्रियादिको विषय हुन सक्तैन, यो अन्त करणको विषय पनि हुन सक्दैन तथा यो आत्मा अविकारी कहिन्छ । त्यसकारण यस आत्मालाई यस प्रकारको हो भन्ने जानेर तिमी शोक गर्न योग्य हुँदैन ।[६७]

जीवन मरणका चक्रबाट प्लावित भएका अर्जुनलाई सारथी श्रीकृष्णले सम्झाएको श्लोकलाई ज्ञवालीले यसरी अनुवाद गरेका छन् :

अव्यक्तादीनि भूतानि व्यक्तमध्यानि भारत ।
अव्यक्त निधनान्येव तत्र का परिवेदना ॥[६८]

---

६३. ऐजन ।

६४. ऐजन ।

६५. ऐजन ।

६६. पूर्ववत्, पृ. १६ ।

६७. ऐजन ।

६८. पूर्ववत्, पृ. १७ ।

हे भारत ! यावत् प्राणीहरू जन्मनुभन्दा पहिले अप्रकट नै थियो । बीचमा प्रकट भएका देखिन्छन् तथा अन्तमा फेरि अप्रकट नै हुँदै जानेछन् तसर्थ यसमा शोक गर्ने कुरा नै के भो त ?[६९] अर्जुनजस्ता वीर पुरुषका लागि युद्ध नगर्नु न्यूँदै मर्जुजस्तो हुने बताउँदै श्रीकृष्ण भन्दछन् :

अकीर्तिं चापि भूतानि कथयिष्यान्ति तेऽव्ययाम् ॥
सम्भावितस्य चाकीर्तिमरणादतिरिच्यते ॥[७०]

जसलाई ज्ञवालीले यसरी अनुवाद गेका छन् :

हे अर्जुन तिमीले युद्ध गरेनौं भने सबै मानवले तिम्रो धेरै दिन स्थायी रहने अपकीर्तिमात्र भन्नेछन् त्यो अपकीर्ति आदरणीय र सम्माननीय पुरुषका लागि मृत्यु भन्दा पनि बढी दुःखदायी हुन्छ ।[७१] यसैगरी अर्जुनमा रहेको सांसारिक कामनाहरूको पठन गर्ने र स्थित प्रज्ञा बन्न उत्प्रेरित गर्दै श्रीकृष्ण भन्दछन् :

प्रजाहाति यदा कामान् सर्वान् पार्थ मनोगतान् ।
आत्मन्योवात्मना तुष्ट : स्थितप्रज्ञस्तदोच्यते ॥[७२]

भागवान्ले भन्नुभयो - हे पार्थ ! जब साधकले मनमा रहेका सम्पूर्ण कामनाहरूलाई त्याग गर्दछ र आफू नै आफूमा सन्तुष्ट रहन्छ त्यसवेला त्यो स्थितप्रज्ञा बन्दछ ।[७३]

६९. ऐजन ।
७०. पूर्ववत्, पृ. १७ ।
७१. ऐजन ।
७२. पूर्ववत्, पृ. २२ ।
७३. ऐजन ।

त्यस्तै कामनाको आशा गर्ने पुरुषले जीवनमा कदापि शान्ति प्राप्त गर्न सक्दैन भन्ने कुरालाई आलङ्कारिक तरिकाले श्रीमद्भागवत गीतामा श्रीकृष्णले अर्जुनलाई सम्झाएको प्रसङ्गलाई ज्ञवालीले यसरी अनुवाद गरेका छन् :

जसरी आफ्नो मर्यादामा अचल रहने तथा सबैतिरबाट टम्म पानी भरिएका समुन्द्रमा चारै तर्फबाट सम्पूर्ण नदीहरूको धेरै जलराशि आएर प्रवेश गर्दछन् तर समुद्रमा कुनै विकार हुँदैन त्यसरी नै त्यस संयमीका सामुन्ने संसारका सबै भोगादि एकैचोटि प्राप्त हुन आउँछन् तापनि त्यसमा कुनै विकार पैदा गर्न सक्दैनन् यस्तै साधक पुरुषले शान्ति अर्थात् परमात्मतत्वलाई प्राप्त गर्दछ । कामनाको इच्छा गर्ने पुरुषले शान्ति प्राप्त गर्न सक्दैन ।[७४]

तेस्रो अध्यायको कर्मयोग विषयअन्तर्गत अर्जुनलाई कर्मरत रहन आग्रह गरिएको कुरा यसरी प्रस्तुत गरिएको छ :

नियतं कुरु कर्म त्वं कर्म ज्यायो ह्यकर्मणः ।
शरीरयात्रापि च ते न प्रसिद्ध्येदकर्मणः ॥[७५]

तिमी नियतकर्म गर किनभने कर्मै नगर्ने भन्दा कर्म गर्नु नै श्रेष्ठ छ । अर्थात् अकर्मभन्दा कर्म नै श्रेष्ठ छ । कर्तव्य कर्म नगरेमा तिम्रो शरीरको यात्रा पनि सिद्ध नहोला वा यस शरीरको निर्वाह पनि हुन नसक्ला यसकारण तिमीले कर्तव्य कर्महरू गर्नै पर्दछ ।[७६]

आशक्ति रहित कर्मले नै भगवान् प्राप्ति हुने कुरा बताउँदै श्रीकृष्ण भन्दछन् :

तस्मादसक्तः सततं कार्य कर्म समाचर ।
असक्तोहियचरन्कर्म परमात्नोति पुरुषः ॥

---

७४. ऐजन ।

७५. पूर्ववत्, पृ. २७ ।

७६. पूर्ववत्, पृ. ३० ।

त्यसकारणले तिमी निरन्तर आशक्तिरहित भएर कर्तव्य कर्म गर किनभने अशक्ति रहित भै कर्तव्यकर्म गर्ने पुरुषले परमात्माको प्राप्ति गर्दछ ।[७७]

नक्कल गर्न योग्य परधर्म किन नहोस् तर त्यो भन्दा महान् गुणरहित स्वधर्म हुन्छ । आफ्नो धर्ममा डर र भय हुँदैन भन्दै अर्जुनलाई श्रीकृष्णले तत्कालीन धर्म युद्धमा उत्प्ररित गर्दै क्षत्रीय कर्मको परिभाषाबारे भन्दछन् :

श्रेयास्वधर्मो विगुणः परधर्मात्स्वनुठितात् ।
स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः ॥

राम्रोसँग अनुष्ठान गरिएको परधर्माभन्द गुणरहित स्वधर्म श्रेष्ठ हुन्छ । आफ्नो धर्ममा रहेर मर्नु पनि श्रेय हुन्छ । परधर्मा भय दिने हुन्छ । अर्थात् आफ्नो धर्म गर्दागर्दै यदि मृत्युनै हुन जान्छ भने पनि त्यो कल्याण गर्ने हुन्छ । अरूको धर्म जतिसुकै गुणयुक्त छ तापनि त्यो भय दिने नै हुन्छ ।[७८]

चौथो अध्यायमा श्रीकृष्णले आफ्नो स्वरूपको वर्णन यसरी गर्दछन् :

बहूनि मे व्यतीतानि जन्मानि तव चार्जुन ।
तान्यहं वेद सर्वाणि नत्वं र्बेत्थ परन्तप ॥

भगवान्ले भन्नुभयो हे अर्जुन ! यो कुरा मेरो यसै जन्मको होइन, मेरा र तिम्रा पनि धेरै अवतार भइसकेका छन् । ती सबैलाई म जान्दछु अर्थात् कुन कुन जन्ममा मैले र तिमीले केके गऱ्यौ, ती सबै कुरालाई जान्दैनौं ।[७९]

---

७७. ऐजन ।

७८. पूर्ववत्, पृ. ३४ ।

७९. पूर्ववत्, पृ. ३७ ।

अजोऽपि सन्नव्ययात्मा भूतानामीश्वरोऽमि सन् ।

प्रकृति स्वांमधिष्ठाय संभवाम्यात्ममायया ।

हे अर्जुन ! म चाहिँ अजन्मा , अविनाशी तथा सम्पूर्ण प्राणीहरूको ईश्वर छु तापनि आफ्नै प्रकृतिलाई वश गरेर आफ्नो योगमायाद्वारा प्रकट हुन्छ ।[८०]

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ।

अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ॥

हे भरतवंशी अर्जुन ! जबजब धर्मको नाश तथा अधर्मको बृद्धि हुन्छ, त्यसबेला मैले आत्मालाई सृष्टि गर्दछु अर्थात् म अवतार लिन्छु ।[८१]

पाँचौँ अध्यायामा कर्मसन्यासयोग बारेमा बताउँदै श्रीकृष्ण भन्दछन् :

कामक्रोधवियुक्तानां यतीनां यतचेतसाम् ।

अभिते ब्रह्मनिर्वाणं वर्तते विदितात्मनाम् ।

काम र क्रोधले रहित भएका, मनलाई वश गरेका, आत्म साक्षात्कार गरेका यतिहरूको अर्थात् साङ्ख्ययोगीहरूको चारैतर्फ ब्रह्म निर्वाण स्वरूप मोक्ष रहन्छ  अर्थात् यस्ता योगीहरूलाई प्राण हुँदा र मृत्युपछि पनि निर्वाणब्रह्म नै प्राप्त हुन्छ ।[८२]

अठारौँ अध्यायमा ब्रह्मकर्मलाई आत्मसात् गर्ने मात्र ब्राह्मण कहलाउने र कर्मले मान्छेको जात प्रकृति आदिको निर्धारण हुनेकुरा बताउँदै ब्राह्मणका केही स्वभाविक कर्मबारे श्रीकृष्णले अर्जुनलाई जानकारी दिंदै भन्दछन् :

---

८०. ऐजन ।

८१. ऐजन ।

८२. पूर्ववत्, पृ. ५२ ।

शमो दमस्तपः शौचं क्षान्तिरार्जवमेव च ।
ज्ञान विज्ञानमास्तिक्यं ब्रह्मकर्म स्वभावजम् ॥

शाम अर्थात् मनलाई वशमा राख्नु दम अर्थात् बाह्य इन्द्रियहरूलाई वशमा राख्नु, तप गर्नु, अनुभवद्वारा विशेष ज्ञान गर्नु अर्थात् मोक्ष विषयमा ज्ञान गर्नु अनुभवद्वारा विशेष ज्ञान प्राप्त गर्नु परमात्मा वेद शास्त्र आदिमा आस्तिक भाव राख्नु यी सबै ब्राह्मणका स्वाभाविक कर्म हुन् ।[८३]

त्यसैगरी क्षत्रीय, बैश्य र शुद्रका स्वभावबारे र कर्मबारे श्रीकृष्ण भन्दछन् :

शौर्य तेजो धृतिर्दाक्ष्यं युद्धे चाप्यपलायनम् ।
दानमीश्वरभावश्च क्षात्रं कर्म स्वभावजम् ॥

शूर्‍याँइ, तोजिलोपना, धैर्य, प्रजाको सञ्चालनमा क्षमता अर्थात्  चतुरता, युद्धमा नभाग्नु, दान दिनु र ईश्वर भाव हुनु अर्थात्  शासन गर्ने भाव हुनु, यी सबै क्षत्रियहरूका स्वभाविक कर्म हुन् ।[८४]

कृषि गौरक्ष्यवाणिज्यं वैश्यकर्म स्वभावजम् ।
परिचर्यात्मकं कर्म शूद्रस्यापि स्वभावजम् ॥

खेती गर्नु, गाईहरूको रक्षा गर्नु र शुद्ध व्यापार गर्नु वैश्यका स्वभाविक कर्म हुन् । चारै वर्णको सेवा गर्नु शुद्रको स्वभाविक कर्म हो ।[८५]

राम्रोसँग अनुष्ठान गरिएको परधर्माभन्दा अर्थात् गुणयुक्त परधर्म भन्दा विग्रह अर्थात् दोषयुक्त स्वधर्म (आफ्नै धर्म) कल्याणकारी हुन्छ । स्वभावले नियत गरिएको कर्म गर्दै मनुष्यले

८३. पूर्ववत्, पृ. १४८ ।

८४. ऐजन ।

८५. पूर्ववत्, पृ. १४९ ।

पापलाई प्राप्त गर्दैन अर्थात् स्वधर्मानुसार कर्म गर्ने मनुष्य पापको भागी हुँदैन । भन्दै श्रीकृष्ण भन्दछन् :

श्रेयान्स्वधर्मो विगुणः परधर्मास्वनुष्ठितात् ।
स्वभावनियतं कर्म कुर्वान्ताप्नोति किल्विषम् ॥[८६]

यसरी श्री कृष्णका अमृत रूपी वाणि एकाग्र चित्तले सुनेका अर्जुनको मोहभङ्ग भई युद्धमा पुनः क्रियाशील भएर महाभारतको युद्ध जस्तो विराट अद्वितीय युद्ध लडेको रोमाञ्चक विषयवस्तु यहाँ उतारिएको छ ।

## ४.२ खेमराज ज्ञवालीको **वेदस्तुति** कृतिको अध्ययन

प्रस्तुत शीर्षकमा साहित्यकार खेमराज ज्ञवालीद्वारा रचना गरिएको कृति **वेदस्तुति**का बारेमा अध्ययन गरिएको छ । वेदस्तुति श्रीमद्भागवतको एक अंश भएको हुनाले यसलाई विस्तृत रूपमा अध्ययन गरिएको छैन् ।

### ४.२.१ विषय प्रवेश

नेपाली साहित्यका क्षेत्रमा अनुवाद र मौलिक गरी दुवैतर्फ कलम चलाउने खेमराज ज्ञवालीद्वारा वि.सं. २०५८ सालमा रचना गरी प्रकाशनमा ल्याइएको **वेदस्तुति** कृतिमा श्रीमद्भागवतको कथासार उतारिएको छ । **वेदस्तुति** भागवतको सातासियौ अध्याय अर्थात् भागवतको एक अंश हो । यो कृति पढ्न निकै कठिन तर अनि नै आकर्षक छ । यसलाई मिलाएर सुन्दा मानिस जीवनलाई ब्रह्मानन्द प्राप्त हुने भएकाले आफ्ना पुत्र दामोदर ज्ञवालीको अनुरोधमा ज्ञवालीले यसलाई अनुवाद गरेका थिए ।

---

८६. पूर्ववत्, पृ. १५० ।

### ४.२.२ सारवस्तु

वेदस्तुतिको मुख्य सारवस्तु श्रीमद्भागवत महापुराणको दशम् स्कन्धको सातासियौँ अध्यायमा रहेको कथावस्तु र सम्पूर्ण भागवतको सार पनि हो । कसैले  भागवतको सारलाई रासलीला हो भन्ने गर्दछन् । तर अविरल ब्रह्माको सृष्टि स्थिति प्रलयादिको र साक्षात् शोषासयी नारायण स्वरूप श्रीकृष्णको अवतार लीला तथा उनका जन्मान्तरको प्रसङ्गलाई गरिएको स्तुति नै भागवतमा वेदस्तुतिका नामले चिनिन्छ । ज्ञवालीले आम पाठकहरूलाई सजिलो होस् भन्नका निम्ति उक्त अध्यायलाई नै सरलीकृत गरी नेपाली भाषामा वेदस्तुति नामक कृतिको निर्माण गरेका हुन् । यस कृतिमा वेदहरूले भगवान् श्रीकृष्णको स्तुति गरेको कुरालाई ज्ञवालीले यसरी अनुवाद गरेका छन् :

स्वकृतपुरेष्वमीष्वबहिरन्तरसंवरणं
तव पुरुषं वदन्त्यरिवलशक्तिधृतोंऽशकृतम् ।
इति नृगतिं विविच्य कवयो निगमावपनं
भवत उपासतेऽङ्घ्रिमभवं भुवि विश्वसिताः ॥

हे भगवान् यी आफूले रचना गरेका पुरुषहरूमा भित्र र बीचमा ढाकिएको सम्पूर्ण शक्तिलाई धारण गरेका हजुरको अंशबाट रचना गरिएको पुरुषलाई भन्छन् : यस्तो मनुष्यको गतिलाई विचार गरेर पृथ्वीमा जीवित रहेका कविहरूले वेदहरूलाई उत्पन्न गने जन्मरहित हजुरका चरणकमलको उपासना गर्दछन् ।[८७]

क इह नु वेद बतावरजन्मलयोऽग्रसरं
इत उदगादृषिर्यमनु देवगणा उभये ।
तहि न सन्न चासदुभयं न च कालजवः ।
किमपि न तत्र शास्त्रमवकृष्य शषीत यदा ॥

८७. खेमराज ज्ञवाली **वेदस्तुति, (काठमाडौँः, विद्यार्थी पुस्तक भण्डार, २०५८)**, पृ. ४७ ।

हे भगवान् ! यो संसारमा श्रेष्ठ नभएको जन्म र मृत्यु भएका कुन प्राणीले अग्रसर नित्यस्वरूपी हजुरलाई जान्दछ ? यसमा खेद छ । जुन हजुरबाट मन्त्रद्रष्टा ऋषि प्रकट भए जसको समयमा शेषशायी नारायण सम्पूर्ण शास्त्रलाई आफूमा लीन गरेर जलमा शयन गर्नुहुन्छ, यस समयमा संसारमा केही पनि रहँदैन । त्यस वखत न सत् रहन्छ न असत् रहन्छ, न सत् असत् दुवै रहन्छ । न कालको वेग रहन्छ । अर्थात् केही पनि शेष रहँदैन ।[८८]

त्वमकरणः स्वराडाखिलकारकशक्तिघर -
स्तव बलिमुद्वहान्ति समदन्त्यजयानिमिषाः ।
वर्षभुजो अखिलक्षितिपरीव विश्वसृजो
विदधाति यत्र यो त्वधिकृता भबतश्चकिताः ॥

हे प्रभो ! हजुर मन बुद्धि आदि इन्द्रीय र विषयादिले रहित हुनुहुन्छ । सम्पूर्ण कारकशक्तिलाई धारण गर्नुभएको छ । ब्रह्मादि र इन्द्रादि देवताहरूले मायाद्वारा हजुरको पूजालाई प्राप्त गर्दछन् र भक्तहरूले हजुरलाई अपर्ण गरेको नैवेध प्रसाद खान्छन् ।

प्रान्तीय भुरे राजाहरूले सम्पूर्ण पृथ्वीका पति चक्रवर्ती राजाको आज्ञा पालना गरेजस्तै विश्वको सृष्टिगर्ने ब्रह्मादि देवताहरू जहाँ जुन अधिकृत भई नियक्त भएका छन् : ती सबै हजुरदेखि चकित भएर आफ्नो आफ्नो कार्य गर्दछन् । यसप्रकार सबै हजुरको सेवामा तत्पर रहन्छन् ।[८९]

अपरमिता ध्रुवास्तनुभृतो यदि सर्वगता-
स्तर्हि न शास्यतेति नियमो ध्रुवनेतरथा ।
अजनि च यनमन्यं तदविमुच्य नियन्तृ भवेत् ।
सममनुजानतां यदमतं मतदुष्टनया ॥

८८. पूर्ववत्, पृ. ९ ।

८९. पूर्ववत्, पृ. ११ ।

हे अटल ब्रह्म परमेश्वर ! यदि असङ्ख्य शरीरधारी जीवहरू स्थिर तथा सर्वव्यापक र सर्वशक्तिशाली हुन्छन्  भने त्यस समयमा शासन गर भन्ने नियम चलन सक्दैन । जगत्का नियत्ता एवम. शासक भगवान् नै हुनुहुन्छ र भगवान्ले नै यस जगत्लाई शिक्षा दिनुहुन्छ र पालन पनि गर्नुहुन्छ । भगवान्द्वारा सञ्चालित यो नियम अन्यथा हुन सक्दैन जुन ब्रह्म स्वरूप अज्ञात हुन्छः मैले ब्रह्म जाने भने मत खराव हुँदा जसले ब्रह्मलाई जान्दिन भन्छ, त्यसले ब्रहामलाई जान्दछ, जसले ब्रह्मलाई जान्दछु भन्छ, त्यसले ब्रह्मलाई जान्दैन केनोपनिषद् मा भनेको छ - यस्यामतं तस्य मतं मतं तस्य न वेद सः । अविज्ञातं विजानतां विज्ञातमविजानताम् जानेको छैन भन्छ त्यसले ब्रह्मलाई जानेको हुन्छ । जसले ब्रह्मलाई जानेको छु भन्छ त्यसले ब्रह्मलाई जानेको हुँदैन । जानेको  भन्ने मानिसका लागि ब्रह्म अज्ञात हुन्छ र जानेको छैन भन्ने मानिसहरूका लागि ब्रह्म विज्ञात हुन्छ ।[९०]

यसरी वेदस्तुति कृतिमा ज्ञवालीले सर्वबोध्य नेपाली भाषामा वेदहरूले नरनारायण स्वरूप भगवान् श्रीकृण्ष्णको आरधना गरेको प्रसङ्गलाई विस्तुत रूपमा व्याख्या गरेका छन् । जसबाट आम सर्वसाधारण पाठकलाई भागवतको कठिन रूप वेदस्तुति बुझ्न र लीलाधारी भगवान् श्रीकृष्णको अनादि दिव्य व्यक्तित्वको जानकारी प्राप्त गर्न सजिलो भएको छ ।

## ४.३ सहित्यकार खेमराज ज्ञवालीको **श्रीशुकसुधा** कृतिको अध्ययन

प्रस्तुत शीर्षकमा साहित्यकार खेमराज ज्ञवालीद्वारा श्रीमद्भागवत् महापुराणको सारवस्तुलाई खिचेर अनुवाद गरिएको **श्रीशुकसुधा** कृतिका बारेमा अध्ययन गरिएको छ । यहीँ क्रममा विषयका बारेमा जानकारी दिँदै शीर्षकको सार्थकता, विषयवस्तु र यस कृतिमा रहेको सार वस्तुलाई औंल्याउने प्रयास गरिएको छ ।

९०. पूर्ववत्, पृ. १२ ।

### ४.३.१ विषयप्रवेश

साहित्यकार खेमराज ज्ञवालीद्वारा अनुवाद गरिएको **श्रीशुकसुधा** एक त्यस्तो रचना हो, जसमा श्रीमद्भागवतमहापुराणको सम्पूर्ण कथासारलाई उतारिएको छ । नेपाली साहित्यका क्षेत्रमा फुटकर कविता र गीतिकाव्यका साथै अनुवाद साहित्यमा समेत आफ्नो कलम चलाउने गरेका ज्ञवालीले वेदव्यासद्वारा रचना गरिएको श्रीमद्भागवतमहापुराणको अनुवाद गरी आफ्ना मौलिक अवतर्णिकाहरूसमेत यस कृतिमा समावेश गरेका छन् । श्रीकृष्ण परव्रह्म मरमात्माका चरणकमलमा समर्पण गरी वि.सं. २०६३ सालमा प्रकाशनमा ल्याइएको प्रस्तुत कृतिले पूर्वीय धर्ममा विश्वास राख्ने पाठकहरूको मनलाई आकर्षित गर्न सफल बनेको देखिन्छ ।

### ४.३.२ शीर्षकको सार्थकता

प्रस्तुत **श्रीशुकसुधा** कृतिको शीर्षक अभिधार्थ रूपमा सार्थक देखिन्छ । यस कृतिमा श्रीमद्भागवतमहापुराणको कथासारलाई सरल रूपमा प्रस्तुत गरिएको छ । जसले गर्दा वेदव्यासद्वारा विरचित महापुराणलाई अर्थ लगाएर पढ्न नसक्ने पाठकलाई यस कृतिले सहयोग पुऱ्याएको छ ।

मानिस एक मरणशील प्राणी भएको हुनाले उसलाई अमृतको महत्त्व सर्वोपरि रहेको हुन्छ । त्यसै कारणले यस जीवनमा अमृतको प्राप्ति गर्नु मानिसको लक्ष्य बनेको छ । अज्ञानताबाट पूर्ण रूपमा निवृत भई शाश्वत शान्ति र परम कल्याणको अवस्था नै अमृतत्वको स्थिति भएको र त्यो अमृतत्वको प्राप्ति केवल श्रीमद्भागवतमहापुराणबाट मात्र हुने भएकाले भागवतलाई शुकसुधा भनिन्छ । ज्ञवालीले पनि उही भागवतको कथासारलाई अनुवाद गरी प्रस्तुत गरेको हुनाले यस कृतिको नाम **श्रीशुकसुधा** राखेको देखिन्छ । नेपाली साहित्यका पाठक तथा सहृदयी भक्तजनहरूलाई र संस्कृतमा अर्थ लगाएर पढ्न नसक्ने पाठकहरूलाई यस **श्रीशुकसुधा** कृतिले अवश्यनै सुधापान गराउन हुनाले शीर्षक सार्थक देखिन्छ ।

### ४.३.३ विषयवस्तु

**श्रीशुकसुधा** श्रीमद्भागवत महापुराणको अनुवाद गरिएको कृति हो । यसमा मूलतः संसारको सृष्टि, सृष्टिको विकास, ऋषिवंश र राजवंशको वर्णन यस्तै मनान्तर र सूर्यवंशी तथा चन्द्रवंशी राजाहरूको जीवन वृतान्तसँग सम्बद्ध सामग्रीलाई मूल विषयवस्तु बनाइएको छ । शुकदेव राजाद्वारा परीक्षितलाई सुनाइएका कथाहरू यस कृतिमा समाविष्ट भएका छन् ।

खेमराज ज्ञवालीद्वारा अनुवादित **श्रीशुकसुधा** पूर्वीय हिन्दु दर्शनमा आधारित अर्थात् पूर्वीय सभ्यताको बारेमा ज्ञान दिएको ग्रन्थ श्रीमदभागवत् महापुराणरूपी विन्दु हो, जसको आश्वादन मात्रले पनि सम्पूर्ण भागवतपुराणको विस्तृतिभित्र रमण गर्न सकिन्छ । पूरा अपि नवम् विग्रहबाट निष्पन्न शब्दले प्राचीन भएर पनि नवीन र सार्वभौम सन्देश वहन गर्न सक्ने गुण विशेषलाई धोतन गर्दछ । त्यसैले पुराणले प्राचीन आख्यान उपाख्यानका माध्यमबाट सार्वभौम र सार्वकालिक दर्शन दिने गरेका छन् । पुराण पूर्वीय संस्कृति र सभ्यताको महत्तम स्मरक ग्रन्थ हो । वैदिक भाषा दुर्बोध्य भएकाले वैदिक वाङ्मयमा अन्तर्निहित सूक्ष्म रूपमा व्याख्या गरिएका विषयवस्तुलाई सबैले बुझ्न सकुन भन्ने उद्देश्यले वेदव्यासले महाभारत र पुराणको रचना गरेका थिए तर यस कार्यबाट सन्तुष्टि प्राप्त गर्न नसकेका वेदव्यासालाई ऋषि नारदले भगवद्गुण कीर्तनयुक्त कृतिको अभावमा मानसिक विक्षिप्तता आएको उल्लेख गरी तदनुरूपको कृति सिर्जना गर्न दिएको सल्लाहपछि वेदव्यासले सृष्टिको विकास र राजाहरूको वर्णन गर्दै महापुराणको रचना गरेका थिए ।

**श्रीशुकसुधा** श्रीमद्भागवतगीता र वेदहरूको अनुवाद भन्दा भिन्न रहेको देखिन्छ । यस कृतिमा आइपुग्दा ज्ञवालीको अनुवादकला निकै सरल, सरस र सहज बन्न पुगेको छ । भगवान कथा भन्न चाहने तर, विविध कारणवस असमर्थ भएर जिज्ञासुहरूको जिज्ञासालाई शान्त गर्न सक्ने क्षमता यस कृतिले राखेको छ ।

पुराणमा जगतगुरु वेदव्यासकले दुईवटा मुख्य सन्देशलाई अगाडि सारेका छन् ती हुन् पुण्य निम्ति परोपकार गर्ने र पापका निम्ति परपीडा अर्थात् अरूलाई दुःख दिने पुराणहरूमध्ये

श्रीमद्भागवत वेदरूपी कल्पवृक्ष हो । कृष्णकथा यसको पाकेको फल हो जुन शुकदेवका मुखारविन्दबाट महाराज परीक्षितलाई मोक्ष दिलाउनका निमित्त प्रारम्भ भएको थियो । यो परमानन्दमयी सुधा अर्थात् अमृत हो । त्यसैले श्रीमद्भागवतको मङ्गलाचरणमा भनिएको छ :

निगमकल्पतरोर्गलितं फलं शुकमुखादमृतद्रवसंयुतम् ।
पिवत भागवत रसमालयं मुहुरहो रसिका भुवि भावुकाः ॥[९१]॥

वेदव्यासले सबैभन्दा पछि रचना गरेको हुनाले बैद्धिक र भाषिक दृष्टिले श्रीमद्भागवतमहापुराणको महत्त्व पुराणहरूमा सर्वोपरि रहेको छ । त्यसैले भागवत अन्य पुराणभन्दा अर्थबोधमा कठिन छ र यसको सही मर्म बुझ्न सक्ने मानिसहरू ज्यादै कमी छन् । यसैले 'विद्यावतां भागते परीक्षा' विद्वान्हरूको परीक्षा भागवत्मा हुन्छ भनेर बौद्धिक कृतिका रूपमा भागवतलाई लिने गरिन्छ । यसरी भाषिक प्रस्तुतिका कारण दुर्वोध्य तर त्यस भित्रको विषयवस्तु मानव जीवनका लागि अत्यन्त उपयोगी भएकाले यसको तुलना नरिवलको फलसँग गर्न सकिन्छ । जसरी नरिवलको जटालाई फुटाएपछि त्यसभित्र भएको कोमल वस्तु पाउन सकिन्छ त्यसरी नै भागवतको अर्थ लगाएर पढ्न सकियो भने त्यस भित्र पनि नरिवलको फलजस्तै मीठो कुरा पाउन सकिन्छ । त्यसैले भागवत्को विषयवस्तु मानव जीवनका लागि अत्यन्त उपयोगी रहेको देखिन्छ । मानव जीवनका सृष्टि, सृष्टिविकास आदि कुराहरू यसको मूल विषयवस्तु बन्न पुगेको छ ।

### ४.३.४ सारवस्तु

कुनै पनि कृतिको सारवस्तु भन्नाले त्यसमा प्रयोग भएको मूल तत्त्वलाई लिने गरिन्छ । प्रस्तुत श्रीशुकसुधा कृतिको सारवस्तु श्रीमद्भागवत्महापुराणमा प्रयोग भएको विषयवस्तु हो । मूल ग्रन्थका प्रत्येक अध्यायमा आफ्ना अवतर्णीहरू राखी ज्ञवालीले ती अध्ययहरूको सार खिचेर

९१. वेदव्यास, **श्रीमद्भागवत महापुराण,** चौवीसौं संस्करण, (गोरखपुरः, गीता प्रेश, सं २०६०), पृ २१ ।

**श्रीशुकसुधा** निर्माण गरेका हुन् । श्रीमद्भागवत महापुराणको कुन अध्ययमा के कुरा भनिएको छ त्यसको अटुट प्रवाह नै **श्रीशुकसुधा**मा आएको छ । 'विद्यावतां भागवते परीक्षा' भन्ने प्राचीन संस्कृतको उक्तिअनुसार विद्धान्हरूको परीक्षा भागवतमा हुन्छ अर्थात् भागवतमा पोक्त भएपछि मात्र विद्धान् विद्धान् कहलिन्छ । यो विद्धान्हरूको कसौटीका रूपमा प्रचीन कालदेखि हालसम्म पनि अध्यनरत जगतमा रहँदै आएको छ । **श्रीशुकसुधा**का रचनाकार ज्ञवालीपनि भागवत् रूपी कसौटीमा भाग लिएका एक स्रष्टा हुन् । उक्त परीक्षामा उनी सामेल भई उत्कृष्ट स्थान प्राप्त गरेका छन् । यसको नमुनाका रूपमा **श्रीशुकसुधा** कृतिलाई नै लिन सकिन्छ । यो कृतिमा ज्ञवालीले श्रीमद्भागवत महापुराणको भावार्थ अनुवाद गरेका छन् । अनुवादका क्रममा आएका संस्कृतकै तीनसय एकचालीसवटा अवर्तर्णिका लेखकका मौलिक श्लोकहरू हुन् । महापुराणको प्रत्येक स्कन्धको प्रत्येक अध्यायमा रहेको विषयवस्तुलाई मुख्य सारवस्तुका रूपमा एउटै श्लोकमा खिचेर प्रस्तुत गरेका छन् ।

श्रीमद्भागवतमहापुराण स्तुति मूलक यस्तो अनुपम सुधा हो, जसको रसपानले भक्तहरू यस लोक र परालोकमा समेत सुध्रन्छन् भन्ने मान्यता रही आएको छ । सत्य, त्रेता, द्धापर, कलि यी चारयुगहरू मध्ये कलियुगका मानव मूलतः दुराचार र दुष्कर्म बढ्दै जाने र त्यसको प्रभावबाट सम्पूर्ण सृष्टिचक्र प्रभावित भई अन्त्यमा प्रलय हुने कुरा यहाँ वर्णन गरिएको छ । त्यही दुराचार र दुष्कर्मको चक्रबाट बच्न अर्थात् मानवमा नैतिक चरित्र निर्माण गर्न र आधात्मिक चेतनाको विकास गर्न भगवत पुराणमा वर्णित बिभिन्न कथा उपकथाका दृष्टान्तहरू प्रस्तुत गरेर गुमेको मानव आचार र मानव चित्रमा स्थिरता ल्याउन भागवत कीर्तन र भक्ति नै सर्वोपरि छ भन्ने विश्वासले नवधा भक्ति पनि गरिएको छ । लेखक भन्दछन् -

श्रवणं कीर्तनं विष्णोः स्मरणम् पादसेवनम् ।
अर्चनं वन्दनं दास्यं सख्यामात्मनिवेदनम् ॥[१२]

श्रवण- कथा सुन्नु, कीर्तनं - कीर्तन गर्नु, विष्णो स्मरणम् - विष्णुको स्मरण गर्नु, पादसेवनम्- प्रभुका चरणकमलको सेवा गर्नु, अर्चनं - पूजा गर्नु, बन्दनं - बन्दना गर्नु, दास्यं - दास्यमभावले भक्ति गर्नु, सख्यं- सखाजस्तै मानेर प्रेम गर्नु, आत्मनिवेदनम् - आत्मनिवेदन गर्नु अर्थात् पूरै आफूलाई भगवान्मा समर्पित गर्नु । जुन माध्यमद्वाराभक्ति गरे पनि त्यो निःस्वार्थ भावले गर्नु पर्दछ अर्थात् सशर्त नभएर त्यो निशर्त हुनुपर्दछ । यहाँ श्रवणमा परीक्षित, कीर्तनमा भीसुकदेव, स्मरणमा प्रहलाद, पादसेवनमा लक्ष्मी पूजा गर्नमा पुष्पराज वन्दनमा अकर दास्य भावमा हनुमान, सख्याभावमा अर्जुन र आत्म निवेदनमा महाराज वलिको मुख्य चर्चा भएको पाइन्छ । यसर्थमा भागवतमहापुराण भक्तिज्ञान, वैराग्य र नामसङ्कीर्तनको माध्यमले उच्च मानवता प्राप्त गर्न सकिने अमोक्ष साधन हो । **श्रीशुकसुधा**मा ज्ञवालीले यी सबै कुराहरूलाई आत्मसात् गरी सात दिन सम्म लगाएर पूर्ण पठन गर्न सकिने भागवत कथालाई यस कृतिमा प्रस्तुत गरेका छन् ।

**श्रीशुकसुधा**को महात्म्यका छ अध्यायहरूमा मूलतः भक्तिज्ञान र वैराग्यका रोचक कथा, गोकर्ण एवम् धुन्धुकारीका जीवनकथाका साथै चरित्रको वर्णन तथा तिनीहरूको मोक्षको कथा प्रस्तुत गरिएको छ । त्यसैगरी **श्रीशुकसुधा**को प्रथम स्कन्धमा चौरासीहजार शौनकादि ऋषिहरूले सूतजीसँग सोधेका छ वटा प्रश्नहरूको व्याख्या रहेको छ । शौनकादि ऋषिले सूतजीसँग गरेका प्रश्नहरूलाई ज्ञवालीले नेपालीमा यसरी अनुवाद गरेका छन् । उनको पहिलो प्रश्न छ -

> पुरुषहरूको कल्याण गर्ने निश्चित साधन के छ ?[९३]
>
> दोस्रो :- कलियुगमा मन्दबुद्धि र अल्पायु भएका दुःखि पीडित जनहरूले सुन्न योग्य सारभूत तत्त्व के हो ?[९४]

---

९२. खेमराज ज्ञवाली, 'नवधाभक्ति' **श्रीशुकसुधा,** (काठमाडौँः विद्यार्थी पुस्तक भण्डार २०६३), पृ. ङ ।

९३. पूर्ववत्, पृ. ३३ ।

९४. ऐजन ।

तेस्रोः- सर्वसमर्थ भगवान् कृष्णले वासुदेवकी पत्नी देवकीका गर्भबाट पृथ्वीमा किन अवतार लिनुभयो ?[९५]

चौथोमा भगवान् कृष्णका उदारकर्महरू केके हुन् ?[९६]

छैठौंमा धर्म रक्षक भगवान् श्रीकृष्ण गोलोकधाम गएपछि धर्म कसका शरणमा गयो ?

जस्ता प्रश्नहरूको विस्तृत व्याख्या भागवतमा गरिएको छ भने त्यसैको सारवस्तु **श्रीशुकसुधा**मा खिचिएको छ । यस कृतिमा सरल सरस भाषाशैलीका माध्यमबाट नैमिषाख्यामा सूतजीको आगमन अवतार वर्णन व्यासको असन्तोष, नारदद्वारा व्यासलाई आफ्नो जीवन वृतान्त सुनाइएको, राजा परीक्षितको जन्मकथा, परीक्षितद्वारा कलियुगलाई दण्डदिनु, परीक्षितद्वारा ऋषिलाई मरेको सर्प घाँटीमा हालिदिनु र उनको श्राप भोग्नु, नदीतटमा परीक्षित रहँदा शुकदेवको आगमन हुनुजस्ता रोचक कथाहरूको माला प्रथम स्कन्दमा उनिएको छ ।[९७]

द्वितीय स्कन्दमा शुकदेवद्वारा विराटरूपको वर्णन, ईश्वरको स्थूल र सूक्ष्म रूपको वर्णन, चौवीस अवतारको कथा, परीक्षितको प्रश्न, चुतश्लोकी भगवतको उपदेश, भागवतका दशलक्ष्यको वर्णन आदि मुख्य विषयहरूलाई समेटिएको छ ।[९८]

विदुर उद्धव संवाद, उद्धवद्वारा हरिलीलाको वर्णन सूचकको रूपमा यदुवंशको संहार सुनेर विदुर मैत्रेयकहाँ जानु, मैत्रेयद्वारा विदुरले सृष्टिक्रम तथा विराटरूपको ज्ञान पाउनु र अन्य जिज्ञासा शान्त गराउनु ब्रह्मद्वारा भागवत स्तुति, वराह अवतारको कथा, हीरन्याक्ष र वराह अवतारको युद्धमा हीरन्याक्षको वध, कपिलमुनिको जन्म, कपिलद्वारा विभिन्न तत्त्वको वर्णन, अष्टाङ्ग योगको वर्णन, भक्तिको मर्म र काल महिमाको वर्णन, मनुष्ययोगीका जीवहरूका कष्टको वर्णन, धुममार्ग र अन्य मार्गबाट जाने जीवको गति र भक्ति वर्णन, देवहुतीलाई मोक्षप्राप्तिजस्ता विषयवस्तुहरू तृतीय स्कन्दमा समाविष्ट भएका छन् ।[९९]

---

९५. पूर्ववत्, पृ. ३३ ।

९६. ऐजन ।

९७. पूर्ववत्, पृ. ३४-५५ ।

९८. पूर्ववत्, पृ. ५६-६५ ।

९९. पूर्ववत्, पृ. ६६-९२ ।

यसगरी चतुर्थ स्कन्दको पहिलो अध्ययमा आकूतिले जगत्को कल्याण गर्ने सुयज्ञ भगवान्लाई पैदा गरेको, देवहुतिले नै कन्याहरू पैदा गरेको र प्रसूतिले दक्षबाट सोह्र कन्याहरू पैदा गरेको प्रसङ्ग, दोस्रो अध्यायमा शिवको अनादरबाट रिसाएका दक्षले शिवलाई श्राप दिएको त्यसको प्रतिवादमा नन्दीले दक्षप्रजापतिलाई प्रतिश्राप दिएको कारण शिव र दक्षप्रजापति बीचमा वैरभाव भएको कुरा उल्लेख भएको छ । तेस्रो अध्यायमा शिवले आफ्नो पिता दक्षको यज्ञोत्सव हेर्ने इच्छाले माइत जान इच्छा गर्ने भएकी सतीलाई नीतिका कारणले रोकेको प्रसङ्ग, चौथोमा आफ्ना पति शिवलाई त्याग गरेर माइत गएकी र आफ्नो पिता दक्षले तिरस्कार गरिएकी सतीदेवीले पिता दक्षलाई निन्दा गरेर यज्ञमा समाधिद्वारा देहत्याग गरेको प्रसङ्ग, पाँचौंमा शिवले सतीको देहत्याग सुनेर वीरभद्रलाई दक्षको यज्ञमा पठाएको र वीरभद्रद्वारा दक्षलाई मारेको प्रसङ्ग छैटौंमा ब्रह्म देवगणहरूका साथ कैलाश गएर दक्ष प्रजापति आदिको जीवनका निमित्त आदरपूर्वक शिवलाई प्रार्थना गरेको प्रसङ्ग सातौमा यज्ञस्थलमा आएका विष्णुले दक्ष, शिव आदि देवताले स्तुति गरिएका हुँदा दक्षद्वारा यज्ञको सञ्चालन  गर्नुभयो भन्ने कथाको प्रसङ्ग रहेको छ । सौतेनी आमा सुरुचिको वाणीले पीडित भएका ध्रुव नगरबाट बाहिर निस्केर मधुवनमा तपस्या गर्न जाने विचारले हिडिरहेका अवस्थामा बाटामा नारदसँग भेट भएको, नारदका उपदेशद्वारा मधुवनमा तपस्या गरी तपस्याद्वारा हरिलाई खुसी पारेको ध्रुवले भगवान् हरिलाई स्तुति गरेर ती भगवान् हरिबाट वर प्राप्त गरी घरमा आएर बाबुलेदिएको राज्य गरे, ध्रुव अलकापुरी गएर पुरुषार्थ देखाएर आफ्नो भाइ उत्तमलाई मार्ने यक्षगणहरूको वध गरेको, कुवेरबाट अभिनन्दन गरिएका ध्रुव नगरमा आएर यज्ञद्वारा पूजा गरी हरिको स्थान परमपदलाई प्राप्त गरेको प्रसङ्ग, ध्रुवका वंशमा जन्मेका अङ्ग राजाले पुत्रेष्टियज्ञद्वारा उत्पन्न गरिएका पुत्र वेनलाई खराव शील स्वभाव भएको देखेर विरक्त भई वनमा गएको, आफ्नो पुत्र वनको भयबाट अङ्ग राजा बनमा गएपछि राज्यमा अभिषेक गरिएका वेनको ब्राह्मणहरूद्वारा वध गरिएको, ब्राह्मणहरूद्वारा बनेको शरीर मन्थन गर्नाले बनको दाहिने हातबाट उत्पन्न भएका पृथु महाराजको राज्यभिषेक, पूजा आदि सत्कर्म भएको प्रसङ्ग आठौं अध्यायदेखि स्रोह्रौं अध्यायसम्म वर्णन गरिएको छ । चतुर्थ स्कन्दको सोह्रौं अध्यायदेखि एकतीसैं अध्यायसम्म सम्पूर्ण लोकपालहरूले आदर गरिएका अर्चि नामकी पतिले युक्त भएका पृथु राजालाई मुनिहरूले प्रेरणा गरिएका सुत मागध आदि वृन्दगणहरूले स्तुति गरेको, लोकको भोकलाई नाश गर्ने भएका पृथु महाराज वीजलाई लीन

गरेकी पृथ्वीलाई मार्न तत्पर भएपछि भयभीत भई पृथ्वीले पृथु महाराजको स्तुति गरेको, पृथ्वीले स्तुति गरिएका धीर पृथुमहाराजले औषधीहरू दुहेको र देवादिहरूले गोरूपी पृथ्वीलाई दुहेको, इन्द्रले अश्वमेधयज्ञको घोडा चारी गरेका हुनाले इन्द्रलाई मार्न तत्पर भएको पृथु महाराजलाई ब्रह्वाले रोकेको, विष्णु भगवानले बुझाइएका इन्द्र महाराजमा क्रोधत्याग गरेका, पृथुले प्रेमले वर दिन इच्छा गर्नु भएका विष्णु भगवान्को स्थिर भक्तिलाई वरण गरेको, पृथु राजाले आफ्ना यज्ञको सभामा आफ्ना प्रजाहरूलाई अनुशासन, शिक्षा, विष्णु भक्ति, धर्मको प्रेम ब्रह्महरूको आदर गर्नुपर्छ भन्ने उपदेश दिएको, भगवान सनत्कुमारले शुभकर्म गर्ने भएका पृथु महाराजलाई श्रेष्ठ तत्त्व ज्ञानको उपदेश भएको । पृथु महाराज पुत्रहरूलाई राज्यमा स्थापना गरेर वनमा गई तपस्या गरेपछि योगनिष्ठ भई देहत्याग गरेको र महारानी आर्चि पृथुको पछि गएपछि दुवै दम्पती मुक्त भएको, पृथु महाराजका पनाति प्राचीन वर्ही राजालाई ज्ञान दिने कथा भनेको, पुरञ्जन राजाले नगरी प्राप्त गरेर कामिनी स्त्रीमा लम्पट भएको, बनमा सिकार गरी फर्केर आएका पुरञ्जन राजाले विरक्त भई रिसले मालिन भएकी स्त्रीलाई शान्त पारेको, स्त्रीको वंशमा परेका पुरञ्जन राजाले सन्तानको वृद्धि गर्दै बुढ्याइँ र रोगादिले पीडित भई कालको गतिलाई जान्न नसकेको, यवनेश्वर मृत्युद्वारा राम्रोसँग नष्ट भएका पुरञ्जन राजा नारी भई जन्मेको र त्यस समयमा आफ्नो साथीद्वारा ज्ञान प्राप्त गरी मुक्त भएको जीव देहको अभिमानद्वारा संसारमा घुम्दछ र सत्सङ्गद्वारा हरि भगवान्को प्रभु स्वरूप प्राप्त गर्ने, तपस्याबाट सन्तुष्ट भएका भगवान् हरिबाट वर प्राप्त गरेका प्रचेताहरूले घरमा आएर वाक्षी कन्यालाई विवाह गरेर मनोरम राज्य प्राप्त गरेको र आफ्नो पुत्र दक्षमा राज्य स्थापना गरेर वनमा गएका प्रचेताहरूले नारदको उपदेशद्वारा मुक्ति प्राप्त गरेको घटनाहरू रहेका छन् ।[१००] यिनै घटनाहरूको अन्त्यसँगै चौथो स्कन्द पनि समाप्त भएको छ ।

**श्रीशुकसुधा**को पाँचौं स्कन्दको पहिलो अध्यायमा प्रियव्रतले राज्य गरेर आफूले निर्माण गरेका दीपहरूमा सात भाइ छोराहरूलाई नियुक्त गरे भन्ने कुरा उल्लेख भएको छ । यसरी नै अध्यायहरू क्रमशः अगाडि बढ्दै जाँदा दोस्रोमा आग्नीध्र नामका राजाले पूर्वाचिति अप्सरामा रत

१००. पूर्ववत्, पृ. ९३-११६ ।

भई नाभि आदि नौ पुत्रहरू जन्माएर पृथ्वीलाई त्याग गरेको, तेस्रोमा नाभि राजाको श्रेष्ठ मङ्गलकारी चरित्र देखेर भगवान् हरि नामिका पुत्रका रूपमा जन्मिएको, चौथोमा आफ्नो पुत्रलाई राज्य दिएर सन्यास लिएका नामिले हरिको पद र मोक्ष प्राप्त गरेको, नाभिका पुत्र ऋषभ भगवान्ले राजाहरूको रक्षा गर्दै भरत आदि सयभाइ छोरा प्राप्तगरेको जस्ता घटनाहरू आएका छन् ।[१०१] घटनाक्रम अगाडि बढ्दै जाँदा ऋषभ भगवान्ले आफ्ना पुत्रहरूलाई मोक्षको मार्ग बताएर भरतलाई राज्यमा स्थापना गरी आफू स्वयमले योगमार्ग प्राप्त गरेको, इन्द्रिय विषय आदिले रहित भएका सबैतिरबाट प्रमत्तजस्ता देखिने पवित्र चरित्र भएका ऋषभ भगवान्ले दावानल अग्निमा देहत्याग गरेको, भरतले राज्य गर्दै पाँच भाइ छोरा उत्पन्न गरेको र त्यसपछि सन्यास लिएर शालग्रामक्षेत्र पुलहाश्रममा गएर परमात्मा हरिको सेवा गरेको, आमा नभएको मृगको शिशुलाई संरक्षण गर्दै वासनाको वलले भरतले मृगयोनि प्राप्त गरेको र त्यसपछि कृष्णगण्डकी नदीमा आफ्नो देहत्याग गरेको, भरतले देहत्याग गरेपछि दोस्रो जन्ममा ब्राह्मणका पुत्र भएर जन्मेका, आफ्नो पालकी बोक्न तत्पर भएका जड भरतलाई रहूगण राजाले उनका वचनद्वारा ज्ञानी जानेर डराएका हुँदा क्षमायाचना गर्दै नमस्कार गरेको, तत्त्व ज्ञानको रहस्य सोहने भएका रहुगण राजालाई योगी ब्राह्मण जडभरतले श्रेष्ठ तत्त्वज्ञानको उपदेश दिएको, राजा रहुगणले संशयका साथ फेरि सोधिएका ती योगी ब्रह्मणले रहुगण राजाका सबै सन्देहरूलाई नाश गरिदिएको, अविरक्त पुरुषहरूलाई ज्ञानको उपदेश गर्नु व्यर्थ हुन्छ यस प्रकारले वैराग्य प्राप्तिका निमित्त भवाटविको विचार गरिएको, भवाटवीलाई प्राप्त गरेको जीव ब्वाँसाले झैँ र दुष्ट डाँस आदि जन्तरले झै आफ्नो परिवारले पीडित भई वेदना प्राप्त गरेको, भरतको वंशमा विष्णुपरायण गय नामका राजा जन्मेको र ती गयका चित्ररथ आदि गरिएका पुत्रपौत्रादि सन्तानहरू जन्मिएको, पृथ्वी, कमल, कर्णिका र जम्बोदीपका माझमा देवताहरूले आश्रय गरिएको सुमेरु पर्वत र त्यसका चारैतिर वर्ष पर्वतहरू वृक्षहरू र टहराहरूको स्थिति वर्णन गरिएको विष्णुका पाउबाट उत्पन्न भएकी गङ्गा चार रूपले समुद्रलाई प्राप्त गरेको र शिवले इलावृतमा शेषशायी सङ्कर्षण भगवान्को स्तुति गरेको, भद्रश्रवा आदि भक्तहरूले तत्तत्

१०१. पूर्ववत्, पृ. ११७-१३७ ।

वर्षहरूमा ह्याग्रीव आदि देवताहरूलाई स्तुति गर्दै उपासना गरेको, अनुमानले किम्पुरुष वर्षमा सधैँ रामचन्द्र भगवानको स्तुति गर्दछन् । र नारद मुनिले पनि सधैँभरि भारतवर्षमा नारायण भगवान्को स्तुति गरेको नाना किसिमका पर्वत र नदीले युक्त भएका र लक्ष्य आदि छ द्रीपहरूमा भक्तहरूले वायु, सूर्य, जल आदि देवताहरूलाई पूजा गरेको श्रीशूर्यनारायण भगवान् एक चक्र भएको स्थललाई आश्रय गरेर सुस्त गति शीघ्र गति र समान गतिले हिँड्दै सधैँ स्वर्ग, मर्त्य र पाताल यी तीनै लोकलाई तताएको, चन्द्रमा शुक्र आदि नौ ग्रहकहरूको स्थानका बारेमा उत्तरोत्तर वर्णन गरिएको र ग्रहहरूको तत्तत् गतिअनुसार मनुष्यहरूको शुभ र अशुभ फल प्राप्त हुने ज्योतिश्चक्रद्वारा सुरक्षित रहेको ध्रुवको स्थान शिशुभारस्वरूप हरिको शक्तिले रहने, स्वर्गभन्दा तल अन्तरिक्ष, अन्तरिक्ष भन्दा तल पृथ्वी र पृथ्वी भन्दा तल अतल आदि सम्पन्न सात लोकहरू रहेको, पातालदेखि तल प्रलयको समयमा यो जगत्लाई नाश गर्ने भएका शेष भगवान्को स्थिति वर्णन गरिएको, पापीहरूद्वारा निमित्त दुःखदिने नरकहरू रहेको र कर्मीजीवहरू नरक र स्वर्ग भोग गरेर भूमिमा जन्म लिन आउने सम्मका घटनाहरू पाँचौँ अध्यायदेखि छब्बीसौँ अध्यायसम्म आएका छन् ।[१०२] यी घटनाहरूको अन्त्यका साथै पञ्चम स्कन्द पनि समाप्त भएको छ ।

छैठौँ स्कन्धको प्रथम अध्यायमा दूतहरूले पापी अजामिलको मोक्षका विषयमा कुरा गरेपछि यमराजका दूतहरूले अजामिलको पाप कथन गर्नका निमित्त धर्म आदिको लक्षण बताएको प्रसङ्ग उल्लेख गरिएको छ भने दोस्रोमा विष्णुदूतले यमदूतहरूलाई भगवान्को उत्तम नामको महात्म्य सुनाएर आजमिल ब्राह्मणलाई यमनाशबाट मुक्त गरेर त्यस ठाउँमा अन्तध्यान भएको कुरा चर्चा गरिएको छ । यसैगरी तेस्रो अध्यायदेखि चौवीसौँ अध्यायसम्म क्रमशः आज्ञाको विनाशले मलिन भएका दूतहरूले निवेदन गरिएका यमराजले विष्णुको माहात्म्यलाई स्तुति गरेर ती यमदूतहरूलाई वैष्णवभक्त बनाएको, दक्षप्रजापतिले तपस्या र हंसगुह्यस्तोत्रद्वारा प्रजाको सृष्टि गर्न भगवान् हरिको सेवा गरेको भन्ने कथा, नारद मुनिले वचनरूपी कुटद्वारा विनाश गरिएका पुत्रहरूलाई सुनेर दक्षले नारद मुनिलाई श्राप दिएको

१०२. पूर्ववत्, पृ. १३८-१५६ ।

कथा, दक्षद्वारा जन्मिएका साठी कन्याहरूमा भिन्न भिन्न वंशहरू कहलिएको र त्यही वंशमा अदितिका पुत्र विश्वरूप जन्मेको कथा गुरु बृहस्पतिले त्याग गरिएका र दैवताहरूले बरण गरिएका विश्वरूपले पौरोहित्य कर्म गरेको, नारायणकवचले सुरसित भएका इन्द्रले दैत्यहरूललाई जितेको, इन्द्रले क्रोधले विश्वरूपलाई मारेपछि त्वष्ट ऋषिले वृत्रासुर पैदा गरेको र देवताहरू डराएर हरिको स्तुति गरेको, भगवान् विष्णुले बनाइएका दधिचिको आस्थिबाट बनेको बज्र धारण गरेका देवताले युक्त भएका इन्द्रले दैत्यले युक्त भएका वृत्रासुरसँग युद्ध गरेको, इन्द्रसँग युद्ध गर्ने भएका वेत्रासुरका बल, भक्ति र ज्ञानले युक्त भएका विचित्र वाणीहरूको वर्णन गरिएको, अत्यन्त खिन्न भएका स्वयम् उत्साहित भएका इन्द्र महाराजले महायुद्धमा वृत्रासुरको बध गरेको कथा विस्तार गरिएको, वृत्रासुरको ब्रह्मह्त्याको भयले चिरकालसम्म मानस सरोवरमा गई कमलको नालको तन्तुभित्र लीन भई बसेको इन्द्रलाई भगवान् हरिले रक्षा गरेको, चित्रकेतु राजाले कृपालु अङ्गिरा ऋषिबाट प्राप्त भएको पुत्र विषले मरेपछि अत्यन्त दुःखित भई विलाप गरेको, अङ्गिरिसहित भएका नारद मुनिले ज्ञानको उपदेशद्वारा चित्रकेतु राजाको पुत्रशोकको विनाश गरेको, चित्रकेतु राजाका पुत्रको जीवद्वारा राजालाई शोकरहित गरेर नारदले शेषनारायणलाई प्रसन्न गर्ने महाविद्याको आदेश दिएका अर्थात् चित्रकेतुलाई ब्रह्मविद्याको उपदेश दिएको, चित्रकेतु ब्रह्मविद्याद्वारा आकाश भ्रमण गर्दै कुनै समय शिवलाई हास्य गरेर पार्वतीको श्रापबाट वृत्रसुर भई जन्मेको, दिति र अदितिका नाना वंशहरूको वर्णन गरिएको र त्यसमा इन्द्रले दितिको भयबाट दितिको व्रतको छिद्र भएको अवस्था फेलापारी गर्भलाई काटेर उनन्चास सोमरस पान गरेको, कश्यपले आफ्नी पत्नी दितिलाई जुन पुसवन नामको व्रत बनाउनु भयो हरिलाई खुशीपार्ने त्यही पुसबनव्रत लोकका निमित्त बताइएका यावत् घटनाक्रमहरू आएको कुरा ज्ञवालीको यस कृतिबाट प्राप्त गर्न सकिन्छ ।[१०३] यिनै घटनाहरूको अन्त्यसँगै छैठौँ स्कन्द पनि समाप्त भएको छ ।

१०३. पूर्ववत्, पृ. १२०-१३७ ।

सप्तम स्कन्धको पहिलो अध्यायमा नारदले शिशुपालको मुक्तिका विषयमा तर्क गरिएको विषमता परब्रह्मा परमेश्वरकमा छैन भन्ने कुरा युधिष्ठिरलाई बताउनु भएको कुरा उल्लेख गरिएको छ । दोस्रो अध्यायमा हिरन्यकशिपुले विष्णुका रिसले दानवहरूद्वारा लोकलाई पीडा गरेर आफ्ना बन्धुहरू र आफ्नी आमालाई इतिहासद्वारा सान्त्वना दिएको प्रसङ्ग छ भने तेस्रोमा ब्रह्माले हिरन्याकशिपुको तपस्याले सन्तप्त भएका जगत्लाई देखेर दैत्यको समीप गएर चकित भई त्यस दैत्यले स्तुति गरिएका हुँदा दैत्यलाई वर दिनुभयो भन्ने कुरा आएको छ ।[१०४] यसरी घटनाक्रमहरू अगाडि बढाउँदै लैजाने क्रममा चौथो अध्यायदेखि अध्यायसम्ममा क्रमशः हिरन्यकशिपुले ब्रह्माबाट वरदान प्राप्त गरेर सबै लोकपालहरूलाई जितेर हरिका साथ द्वेष गरेर ती सबै लोकपालहरूलाई पीडा दिएको, हिरन्यकशिपुले गुरुका मुखबाट सुनेर जानेको ज्ञानलाई त्याग गरी विष्णुको स्तुतिमा दृढ भएका पुत्र प्रह्लादलाई हात्ती र सर्पद्वारा मार्न लगाए पनि समर्थ नभएको, पढाउने गुरु घरमा व्यस्त भएपछि प्रह्लादले कृपा गरेर दैत्यवालकहरूलाई नारदले बताएको श्रेष्ठ ज्ञानको उपदेश गरेको, आफ्नी आमाको गर्भमा रहेका प्रह्लादले नारद मुनिले बताएको धर्म तत्त्व र ज्ञान असुर बालकहरूलाई वर्णन गरेको, अति रिसाले पुत्रलाई मार्न लागेको हिरन्यकशिपु दैत्यलाई नृसिंह भगवान्को स्तुति गरेको भक्त प्रह्लादलाई कृपा गरेर भगवान् नृसिंह अन्तर्ध्यान भएपछि प्रसङ्गवश भगवान् हरिले शिवमा अनुग्रह गर्नु भएको, मानवहरूका साधारण धर्महरू र विशेष गरेर वर्णधर्महरू संक्षेपमा बताइएको ब्रह्मचारी र वानप्रस्थाको धर्म र चार आश्रमहरूको सामान्य रूपले केही धर्म वर्णन गरिएको, सन्यासी राम्रोसँग परब्रह्मा तत्पर भई भ्रमण गरे र श्रेष्ठ अजगर मुनिले आफ्नो वृतान्त प्रह्लादलाई भनेको, गृहस्थहरूले परिवारहरूमा लम्पट नभई शुभ कर्महरू गर्दै पुण्य देशहरूको आश्रय गरेको सबै वर्ण आश्रमका धर्मको विरूपण गरिएको मोक्षको लक्षण सङ्क्षेप गरेर सङग्रहका साथ वर्णन गरिएका सम्पूर्ण घटनाहरू आएका छन् ।[१०५]

अष्टम स्कन्धको पहिलो अध्यायमा स्वायम्भुव, स्वारोणि उत्तम र तामस नामका चार मनुहरूको निरूपण गरिएको छ भने दोस्रो अध्यायमा गजेन्द्र हात्ती ढोइहरू अर्थात्

१०४. पूर्ववत्, पृ. १३८-१५६ ।
१०५. पूर्ववत्, पृ. १५७-१५९ ।

हात्तीमुनीहरूका साथ जलमा विहार गर्दै दैवसंयोगले ग्रहले पक्रेपनि त्यस हात्तीले हरिको स्मरण गरेको प्रसङ्ग उल्लेख भएको छ ।[१०६] तेस्रो अधयायमा गजेन्द्रले स्तुति गरिएका हरि भगवान् गजेन्द्रको समीपमा आएर ग्रह अर्थात् गोहीबाट गजेनद्रका उद्धार गरेको र त्यसका साथै देव मुनिको श्रापबाट गोहीको पनि उद्धार भएको कुरा आएको छ । घटना क्रमहरू अगाडि बढ्दै जाँदा चौथो अध्यायमा गोहीले गन्धर्वस्वरूप प्राप्त गरेको र हात्तीलाई श्रापबाट मुक्त गरेर हरिले आफ्नो पद् प्राप्त गरेको पाचौँमा श्रापले युक्त भएका दैत्यहरूद्वारा पराजित भएका आफ्नो कल्याण गर्ने सम्पूर्ण देवगणहरूले हरिको स्तुति गरेको छैठौंमा भगवनान् विष्णु प्रकट भएपछि देवताहरूले विष्णुको स्तुति गरेको र भगवान्को सरसल्लाहबाट दानवहरूको साथ मिलेर देवताहरूले अमृत प्राप्तिका निमित्त ठूलो उद्यम गरेको सातौँमा समुन्द्रमन्थनबाट उत्पन्न विषको भयले सम्पूर्ण मनुष्यहरूले स्तुति गरिएका शिवले कृपा गरेर विष पिएको प्रसङ्ग, आठौंमा समुद्रबाट कामधेनु गाई आदि वस्तु उत्पन्न भएको लक्ष्मी उत्पन्न भएर विष्णुलाई वरण गरिएको, समुन्द्रमा उत्पन्न अमृत कलश दैत्यले हरण गरेपछि भगवान् विष्णुले मोहिनी अवतार लिएको नवौँमा मोहित दैत्यहरूले अमृतको कलश मोहिनीलाई दिएको र मोहिनीले दैत्यहरूलाई मोहित गरेर अमृत देवताहरूलाई पान गराएको दसौँमा देवता र दैतयहरूको रिसले गरेको युद्धमा दैत्यको मायाले पीडित भएका देवताहरूका समीपमा भगवान् हरि प्रकट भएको एघारौँमा इन्द्रले जम्भ आदि दैत्यहरू मरेपछि नारदले देवताहरूलाई शान्त गनुभएको र शुक्राचायले दैत्यहरूलाई जीवित गराएको बाह्रौँमा भगवान् हरिले आफ्नो मोहिनीरूपको विलासको दर्शनमा उत्सुक शिवलाई मोहित पारी सान्त्वना दिएको, तेह्रौंमा सातौं आदि र छ प्रकारका सबै मन्वन्तरहरू पृथक्पृथक् गरेर क्रमसँग कहेको चौधौमा सबै मनुहरू क्रमअनुसार भगवान्का वशमा पृथक्पृथक् कर्महरू गरेको पन्ध्रौँमा शुक्राचार्यले बालीलाई विश्वजितयज्ञ गराएको र त्यसपछि बालिले स्वर्गलोक जितेपछि देवताहरू स्वर्गबाट भागेको सोह्रौँमा पुत्रको नाशले शोकगर्ने दितिलाई कश्यपले कृपा गरेर पयोब्रत बताएको सत्रौँमा अदितिले पयोब्रत गरेपछि भगवान् हरि अदीतिको इच्छा पूर्ण गर्नका निमित्त अदिदतको पुत्र भई जन्मनु भएको अठारौँमा कश्यपकी पत्नी अदितीमा विष्णु वामन भगवान् प्रकट हुनुभयो । देवताहरूले सत्कार गरेपछि

---

१०६. पूर्ववत्, पृ. १६०-१७२ ।

वरमाग भनी बलिले सत्कार गरिएका वामन वलिको यज्ञमा गएको उन्नाइसौँमा बामन भगवान्‌ले तीन पाउ पृथ्वी मागेको र वलिले प्रतिज्ञा गरेको बीसौँमा बलिले सत्यको रक्षा गर्न दानको सङ्कल्प गरेको र वामन भगवान् बढेर दुई पाउले आकाश र पृथ्वी ढाकेको एकाइसौँ अध्यायमा बामन भगवान्‌ले पदपूर्तिको बाहाना गरी मनुष्यमा बलिको उत्कर्ष प्राप्त गर्नका निमित्त बलिलाई बाधेको बाइसौँमा वामन भगवान् राम्रोसँग प्रसन्न हुँदै बलिलाई सुतललोकमा पठार वरदान दिएर बलिको द्धारपाल भएको तेइसौँमा बलि सुतलोकमा गएको र वामन भगवान्‌का साथ स्वर्ग गएर इन्द्र महाराज पहिले जस्तै प्रसन्न रहेको चौबीसौँमा मत्सरूपधारी भगवान् हरिले प्रसङ्गले ह्यागृीव दैत्यबाट देवहरूको रक्षा गरेर सत्यव्रत राजाको रक्षा गरेको कुरा उल्लेख भएको छ ।[१०७] यिनै घटनाहरूको अन्त्यका साथै अष्टम स्कन्ध पनि समाप्त भएको छ ।

नवम स्कन्धको पहिलो अध्यायमा वैवस्वत मनुका छोराको वंशमा चन्द्रमाका वंशको प्रवेशका निमित्त सुधुम्नको स्त्रीत्व वर्णन गरिएको छ । दोस्रो अध्यायमा मनुका बालक पुत्रहरूमा दुई तत्त्वज्ञान प्राप्त गरी पुत्रहीन भएको प्रसङ्ग आएको छ भने तेस्रोमा शर्याति राजाले आफ्नी सुकन्या नामकी छोरी च्यवन ऋषिलाई दिएको एवम् ककुदभीले आफ्नी रेवती नामकी कन्या भगवान् बलरामलाई दिएको प्रसङ्ग उल्लेख भएको छ ।[१०८] कथावस्तु अगाडि बढ्दै जाँदा चौथो अध्यायदेखि दसौँ अध्यायसम्मक्रमशः नाभागका पुत्र अव अम्वरीषलाई मार्न चाहने दुर्वासा सुदर्शन चक्रले स्तुति गरेर प्राणशङ्कटबाट अम्वरीष राजाले दुवासाको रक्षा गरे पछि अम्बरीष वनमा गएको, अम्वरीष राजाका वंशहरूको वर्णनसाथै सौभरि ऋषिको विवाह मन्धाता राजाका छोरीहरूसँग भएको, मान्धाता राजाको सुन्दर वंशको प्रसङ्गमा पुरुकुत्सको आख्यान र हरिश्चन्द्र राजाको वर्णन, रोहितको कुलमा सगर नामका राजा भएको र ती सगरका पुत्रहरू कपिल मुनिको श्रापले भष्म भएको, अंशुमानको वंशमा खट्वाङ्ग नामका राजा भएको श्रीराम खट्वाङ्ग राजाको शुभ कुलमा नन्मिएको र श्रीराम पिताको आज्ञाअनुसार वनमा गई रावणलाई मारेर अयोध्या आएको प्रसङ्ग उल्लेख भएको छ ।[१०९] राम अयोध्यामा आई भाइहरूका साथ रामले

१०७. पूर्ववत्, १७६-१९४ ।

१०८. पूर्ववत्, १९५-१९७ ।

१०९. पूर्ववत्, १९८-२०४ ।

यज्ञादि कार्य गरेको वर्णन एघारौँ अध्यायपछि भएको छ । बाह्रौँ अध्यायमा रामका पुत्र कुशको वंश र बृहद्‌बलको वंशमा बृहद्रण आदि सुमित्रसम्मको प्रसङ्गको वर्णन र तेह्रौँमा इवाकुपुत्र निमिको वंश वर्णन गरिएको जुन वंशमा ब्रह्मज्ञानी जनक आदि राजाहरू जन्मेका प्रसङ्ग उल्लेख भएको छ ।[११०] यसैगरी चौधौँ अध्यायदेखि चौबीसौ अध्यायसम्म क्रमशः बृहस्पतिकी पत्नी तारामा चन्द्रमाबाट जन्मेका बुध र उनबाट जन्मेका इलाका पुत्र पुरुरवाले उर्वशीमा आयु आदि छ पुत्र जन्माएको, गाधि पुरुरवाका पुत्रको कुलमा जन्मेको र उनका नातिका छोरा परशुरामले कोपले कार्तवीर्यलाई मारेको अर्जुनका पुत्रहरूले जमदाग्निलाई मारेपछि परशुरामबाट क्षत्रीयहरूको बध र विश्वामित्रको वंश वर्णन, पुरुखाका जेठा पुत्र आयुका पाँच भाइ पुत्रहरूमा क्षत्रवृद्ध आदि चार भाइहरूको वंश वर्णन ययातिले देवयानीलाई विवाह गरेको, ययातिका राजाले बोकाको उपमा भएको आफ्नो जीवन देवयानीलाई सुनाएर विरक्त भई मोक्ष प्राप्त गरेको, दुष्यान्तका पुत्र भरतले श्रीयमुनाको तीरमा यज्ञहरू गरेको वर्णन, भरतको वंश वर्णन दिवोदासको वंश वर्णन गरेर ऋक्षको वंशमा जरासन्ध भीष्म पाण्डव र कौरवहरूको वर्णन ययातिका पुत्र अनु द्रुध्यु र तुर्वसुको वंश र यदुको वंश अन्तिम जयामधतक क्रमैसँग वर्णन गरिएको छ । नवम स्कन्धको चौबीसौँ अध्यायमा विदर्भका तीन पुत्रहरूले उज्ज्वल भएका नाना किसिमका वंशहरू वलराम र कृष्णको अवतार पर्यान्त वर्णन गरिएको छ ।

दशम स्कन्धलाई मूलतः पूर्वार्द्ध र उत्तरार्द्ध गरी दुई भागमा विभाजन गरिएको छ । पूर्वार्द्ध भागमा पहिलो अध्यायदेखि उन्पचासौँ अध्यायसम्मलाई समावेश गरिएको छ भने पचासौँ अध्यायदेखि नब्बे औ अध्यायसम्मको भागलाई पूर्वार्द्धमा विभाजन गरिएको छ । दशमा स्कन्धको प्रथम अध्यायमा कंशले बहिनी देवकीका पुत्रबाट आफ्नो मृत्यु हुने कुरा सुनेर डराई उनका छ गर्भहरू मारेको कथा उल्लेख भएको छ । दास्रो अध्यायमा कंसले नाश गर्न देवकीको गर्भमा प्रवेश गरेका हरिलाई ब्रह्मादि देवताहरूले स्तुति गर्नुभयो र देवकीलाई सान्त्वना दिनुभयो भन्ने कथा निरूपण गरिएको छ । तेस्रो अधयायमा चतुर्भुज भगवान् हरि स्वयम् आफ्नो स्वरूपले प्रकट भएको र मातापिता देवकी-वासुदेवले स्तुति गरेपछि कंसका डरले बसुदेवले कृष्णलाई गोकुलमा लगेको प्रसङ्ग उल्लेख भएको छ ।[१११] चौथो अध्यायमा योगमायाको वाणी सुनेर डरले

११०. पूर्ववत् २०५-२०६ ।

१११. पूर्ववत् पृ. २०७-२१८ ।

अत्यन्त विह्वल भएको कंसले दुष्ट मन्त्रीहरूको सल्लाह लिए बालकको हत्यागर्ने कर्मलाई शुभ मानेको र पाचौँमा नन्दले पुत्रको जन्मोत्सव गरी मधुरा गएर वसुदेव सगँ भेट गरेको कुरा उल्लेख गरिएको छ । यसैगरी घटनाहरू क्रमशः अगाडि बढ्दै जाँदा छैठौँमा मित्र बसुदेवको वाणीद्वारा नन्द गोकुलमा जाँदा बाटामा मरेकी पुतना राक्षसीलाई देखेर त्यस राक्षसीको मृत्यु भएको सुनेर चकित भएको, सातौमा कृष्ण भगवानले गाडालाई आकाशमा उफर्दै तुणावर्त दैत्यलाई मारेको र आफ्नो मुखभित्र विश्वलाई देखाउँदै क्रीडा गरेको आठौँमा श्री गर्गाचार्यले श्रीकृष्ण र वलरामको नामकर्म गरेको र कृष्णमाता यशोदाले कृष्णको माटो खाने लीला र विश्वरूप लीला देखेको नवौँमा चुलामा तातिरहेको दूध उतार्न यशोदा गएपछि कृष्णलाई दाम्लाले बाँध्नुभएको दसौँमा भगवान् कृष्णले यमलार्जुन वृक्षका बीचमा धुम्दै ती दुवै वृक्षलाई पल्टाएपछि त्यहाँ रहेका देवता नलकुबर र मणिग्रीवले भगवान् कृष्णको स्तुति गरेको एघारौँमा कृष्ण भगवान् बालकहरूका साथ बृन्दावन गएर बाहारूलाई पालन गर्दै बकासुर र सत्सासुर दैत्यलाई मारेको बाह्रौँमा कृष्ण भगवान् वनभोज गर्न वनमा गएर गोपालहरूलाई खाने भएको अघासुर दैत्यलाई मुखमा प्रवेश गरी मारेर गोपलहरूलाई बचाउनुभएको तेह्रौँमा ब्रह्माले छलकपटद्वारा बाछाहरू र गोपालहरूलाई हरण गरेको अवस्थामा कृष्ण भगवान्ले त्यस्तै वाछा र गोपालको स्वरूप धारण गरी एक वर्षसम्म पहिलेको जस्तै आचरण गरेको, चौधौँमा श्रीकृष्ण भगवान्लाई स्तुति गरेर ब्रह्मा स्वर्ग जानुभएको र श्रीकृष्णभगवान् बाछा र गोपालहरूका साथ आफ्नो घर गएको पन्ध्रौँमा भगवान् कृष्णले गाईका रक्षा गर्नुभएको वलरामद्वारा धनुकासुरलाई मारेको र कालिय नागको विषबाट गोपालहरूको रक्षा गरेको कथा वर्णन गरिएको छ । सात्रौँ अध्यायमा कृष्ण भगवान्ले कालिय नागको दमन गर्नु भएको र पत्नीहरूद्वारा स्तुति गरिएका कृष्णले त्यसलाई अनुग्रह गरेको सत्रौँमा कृष्ण भगवान्ले कालिया नागको दमन गर्नु भएको र पत्नीहरूद्वारा स्तुति गरिएका कुष्णले त्यसलाई अनुग्रह गरेको सत्रैंमा कृष्ण भगवान्ले त्यस कालियालाई दहबाट निकाली दावाग्निले पीडित बन्धुहरूलाई अग्निपान गरेर रक्षा गर्नुभएको अठारौँमा वसन्त ऋतुको गुणले शोभित ग्रीष्म ऋतुमा कृष्ण भगवान्ले दाजु वलरामद्वारा लीलापूर्वक प्रलम्बासुर दैत्यलाई मारेको उन्नाइसौँमा भगवान् कृष्णले ढङ्डीको बनमा प्रवेश गरेका गोपाल र गाईहरूको समूहलाई अग्निपान गरी वनको अग्निबाट रक्षा गर्नु भएको बीसौँमा

गोपाल र वलरामका साथ बस्ने कृष्णका वर्षा ऋृतु र शरद ऋृतुको शोभाको वर्णनद्वारा वनमा उचित भएका वर्षा ऋृतुका खेलहरूको निरूपण गरिएको एकाइसौँमा भगवान् कृष्ण शरद् ऋृतुले दिव्य बानेको वृन्दावनमा गएपछि कृष्णको वंशीको शब्द सुनेर गोपिनीहरूले हर्षले गीत गाएको बाइसौँमा कात्यायनी व्रतको उपलक्ष्यमा वस्त्रहीन भई यमुनामा स्नान गरिरहेका गापिनीहरूलाई देखेर कृष्ण भगवान्ले बस्त्रहरू हरण गर्नुभएको तेइसौँमा यज्ञशालामा गएर गोपालहरूले अन्न याचना गरेको चौबीसौँमा कृष्ण भगवान्ले कारणद्वारा इन्द्र महाराजको यज्ञलाई हटाएर गोवद्धनको यज्ञोत्सव सञ्चानल गर्नुभएको पच्चीसौमा क्रोधले व्रज नाश गर्न सातदिनसम्म इन्द्रले वर्ष गरेपछि मुसलधारे वर्षाबाट गोवद्धन पर्ततलाई धारण गरेर भगवान् कृष्णले गोकुलको रथ गर्नुभएको छब्बीसौमा कृष्णका अद्भूत कमर्महरूद्वारा चकित गोहरूलाई नन्दले गर्गमुनिको वचन सुनेर कृष्णको ऐश्वर्यलाई वर्णन गर्नुभएको सत्ताइसौँमा कामधेनु गाईका साथ इन्द्र महाराज बज्रमा आई कृष्णलाई स्तुति गरी अभिषेक गरेर ती कृष्णलाई गोविन्द पद्वी दिएको अट्ठाइसौँमा कृष्ण नन्दलाई बरुणको घरबाट ल्याएपछि गोपालहरूलाई वैकुण्ठको दर्शन गराएको उन्तीसौँमा कृष्णको गीतलाई सुनेर अत्यन्त विह्वल भएका गोपिनीहरू वृन्दावन गएको तर कृष्ण भगवान् त्यही अन्तध्यान भएको तीसौँमा विरहसन्तप्त गोपिनीहरूले कृष्णका लीला गाउँदै कृष्णलाई वन वनमा खोज्दै हिंडेको एकतीसौँमा कृष्णको आगमनको इच्छा गरेको बत्तीसौँमा विरहवाणीले हृदय भिजेका हरि यमुनाको तटमा प्रकट भई गोपिनीहरूलाई सम्झाउनु भएको तेत्तीसौँमा भगवान् कृष्ण गोपिनीहरूको समूहका बीचमा गई रासलीलाको महोत्सवद्वारा ती गोपिनीहरूलाई रमण गर्नुभएको चौतीसैँमा सर्पले निलेका नन्द र विद्याधरलाई मुक्त गरी शङ्चूडलाई मारेको पैतीसौँमा भगवान् कृष्ण वनमा गएपछि व्रजका गोपिनीहरूले युगल गीत गाउँदै बडो कष्टसित दिनहरू व्यतीत् गरेको, भगवान् कृष्णले वेषभासुरलाई मार्नु भएको, सैतीसौँमा कृष्णले केशीलाई मारेपछि नारदले भावी कर्महरूद्वारा कुष्णको स्तुति गरेको अठ्तीसौँमा जसरी अक्रुर कृष्णको ध्यान गदै श्री गोकुल जानुभयो त्यसरी नै कृष्ण बलरामले घर गएर राम्रोसँग उहाँको सत्कार गरेको उन्चालीसौँ अध्यायमा कृष्ण भगवान् मथुरा जान लागेपछि कृष्णसँग गोपिनीहरूले विरहवचन भनेको र अक्रूरले यमुनामा स्नान गर्दा विष्णुरूपको दर्शन प्राप्त गर्नुभएको चालीसौँमा कृष्णलाई सर्वेश्वर प्रभु जानेर अक्रूरले भक्तिले नमस्कार सगुण र निगूण भक्तिद्धारा स्तुति गरेको एकचालीसौँमा कृष्णले मथुरा प्रवेश गरेर धोवीलाई

मानुएभएको र अत्यन्त सन्तुष्ट भई सुदामा पाली तथा वायक दर्जीलाई वरदान दिनुभएको, बयालीसौँमा महेश्वर कृष्णले कुब्जालाई सोझा बताउनुभयो र शिवधनु भाँचेपछि त्यसको चिन्ताले निन्द्राहीन कंश रङ्गशालमा गएको त्रिचालीसमा कुवलयापीड हात्तीलाई मारेर बलराम र कृष्णको मल्ल युद्धमा प्रवेश गरेको सौभाग्य र चाणूरका साथ वार्तालाप गरेको कथा चौबवालीसमा पहलवान्  र कंस आदि राक्षसलाई भारी कंसका पत्नीहरूलाई आश्वासन दिई मातापिता देवकी र वसुदेवको दर्शन दिएको पैतालीसौँमा पितामाता वसुदेव एवं नन्द आदिलाई सान्त्वना दिनुका साथै उग्रसेनलाई राज्यभिषेक गरेको छयालीसौँमा भगवान् कृष्णले उद्धवलाई गोकुल पठाएर यशोदा र नन्दको शोकलाई आदरका साथ नास गरेको सत्चालीसौँमा उद्धवले कृष्णको आज्ञाले गोपिनीहरूलाई सम्झाएर ज्ञानको शिक्षा दिएर मथुरा गएको अठ्चालीसौँमा भगवान् कृष्णले कुब्जलाई रमण गर्नुभयो त्यसपछि अक्रूरको घर गएर उहाँलाई हस्तिनापुर गएर धृतराष्ट्रलाई सम्झाएर पुनः द्धारकातिर लागेको प्रसङ्ग उल्लेख गरिएको छ । दशम स्कन्धको पचासौँ अध्यायबाट उत्तरा भाग प्रारम्भ भएको छ । पचासौँ अध्यायमा जरासन्धलाई जितेर समुद्रमा दुर्गरूप द्धारकाको निर्मार्ण गरेर कृष्णले आफ्ना जनहरूलाई लगेको एकाउन्नौमा कृष्ण भगवान् दगुर्दै द्धारका जानुभएको र त्यसपछि कृष्णले रुक्मिणीले पठाएको प्रेमसन्देश ब्रह्णबाट सुनेको त्रिपन्नौँमा विदर्भ देशमा गएर जनहरूले सत्कार गरिएका कृष्णले शत्रुहरूले हेरिरहेको अवस्थामा जवरजस्तीसँग रुक्मिणीलाई हरण गरेको चौवन्नौँमा कृष्णले सम्पूर्ण राजाहरूलाई जितेर रुक्मीलाई विरुप गराएर द्धारका पुरीमा रुक्मिणीका साथ विवाह गर्नु भएको पचपनौँमा श्रीकृष्णबाट प्रधुम्न जन्मेको र शम्बरासुरले हरण गरिएका प्रधुम्न त्यस शम्वरलाई मारी पत्नीका साथ द्धारका गएको छपन्नौमा स्यामन्तक मणिले कष्णलाई मिथ्या अपवाद गेको र कृष्णले जाम्ववानकी कन्या जाम्ववती तथा सत्राजिन्की कन्या सत्यमामालाई विवाह गरेको सन्ताउन्नैँमा कृष्णले सतधन्वालाई मारी आफ्नो अपशयलाई शुद्ध गर्न अक्रूरबाट मणी प्राप्त गरेको अन्ठाउन्नौँमा कृष्णले कालिन्दी मित्रविन्दा सत्या, भद्रा र लक्ष्मण गरी पाँच पत्नी विवाह गरेको उनन्साठीऔमा भौमासुरलाई मारेर त्यसले हरण गरेका अनेक कन्याहरूलाई कृष्ण प्राप्त गरी स्वर्गबाट कर्ल्पवृक्ष हरण गर्नुभएको साठीऔँमा कृष्णले उपहासद्वारा रुक्मिणीर्लाई रिसाउन हालेको त्यसपछि प्रेमकलाहमा रुक्मिणिलाई शान्त गराएको एकसठीऔँमा कृष्ण भगवान्का छोरा नाति आदि एक करोड सन्तान भएको र अनिरुद्रको विवाहमा बलरामले रुक्मिणीको वध गरेको

वैसठ्ठीऔँमा धेरै जादु भक्त वाणसुरले आफ्नी पत्नी उषाका साथ रमण गरी अनिरुद्रलाई बन्धन गरेको त्रिसठीऔँमा वाणासुर र यादवको युद्धमा वाणासुरका हात काट्ने कृष्णले नृगराजालाई दु:खबाट मुक्त गरी ब्रह्स्व हरण गर्नु दोष हो भन्दै घमन्डी राजाहरूलाई शिक्षा दिएको पैसठ्ठीऔँमा बलराम गोकुलमा गएर गोपिनीहरूका साथ रमण गदै मदले हलाको टुप्पोले यमुनालाई तान्नुभएको छैसठठ्ीऔँमा कृष्ण भगवान् काशी गएर पौण्ड्रक र उसको मित्र काशीराजलाई मारेर सुदक्षिणको वध कर्म गरेको सत्सठ्ठीऔँमा बलरामले रेवत पर्वतमा स्वच्छन्दतापूर्वक गोपिनीहरूका साथ क्रीडा गर्दै द्धिविद नामको बाँदरलाई मारेको अठसट्ठीऔँमा युद्धमा कौरवहरूले सम्बालाई बाँधेपछिउसलाई मुक्तगर्न बलरामले हस्तिनापुरलाई तान्नु भएको उन्सत्तरीऔँमा नारदमुनि प्रत्येक घरमा कृष्णको गाई स्थ्यकर्मलाई देखेर चकित भई त्यहाँबाट कृष्णको स्तुति गर्दै जानु भएको सत्तरीऔँमा कृष्णका दैनिक कर्ममा नारद र दूतको कार्यको सल्लाहको विचार वर्णन गरिएको एकहत्तरौँमा उद्धवको सल्लाहबाटकृष्ण भगवान् हस्तिनापुर गएपछि पाण्डवहरूको ठूलो उत्सव भएको बहत्तरौँमा राजा युधिष्ठिरले आफ्नो कार्य प्रस्तुत गरेपछि भगवान् कृष्णले बलवान जरासन्धलाई भीमसेनद्वारा मराउनु भएको, त्रीहत्तरौँमा कृष्ण भगवान्ले जरासन्धले थुनेका राजाहरूलाई मुक्त गराएर ती सबैलाई आदरसाथ स्वदेश पठाउनु भएको चौहत्तरौँमा राजा युधिष्ठिरले राजसुययज्ञमा कृष्णको अग्रपूजा गर्नुभएको र कृष्णले सुदर्शनचक्रले शिशुपालको शिर काट्नु भएको, पचहत्तरौँमा युधिष्ठिको ऐशवर्यलाई देखेर समामा आफउपहारलाई प्राप्त गरी दुर्योधन फर्किएको छ्यहत्तररौँमा यादव र शान्वके ठूलो युद्धमा शाल्वको मन्त्री धुमानको गदाको आक्रमणले युद्धबाट प्रधुम्न निक्लिएको सतहत्तरौमा अनेक मायामा सिपालु शाल्वलाई कृष्णमन्त्री धुमानको गदाको आक्रमणले युद्धबाट प्रधुम्न निक्लिएको, सतहत्तरौँमा अनेक मायामा सिपालु शालवलाई कृष्ण भगवान्ले मार्नुका साथै सोम विमानलाई पनि ध्वस्त पारेको अठहत्तरौँमा कृष्ण भगवान्ले दन्तबक्त्र र विदूरथलाई मारेर द्धारकापुरीमा रमण गर्नु भएको र त्यसपछि बलरामले सूतलाई मार्नु भएको उनासीऔँमा बलरामले मुनिहरूको प्रतिका निमित्त बल्व राक्षसलाई मारेर तीर्थ स्नानद्वारा सूतको हतयालार्य नाश गर्नु भएको असीऔमा कृष्ण भगवान्ले द्रव्यको इच्छा गर्ने घरमा आएका सुदामालाई पूजा गरेर हर्षकासाथा गुरुकुलको कथा सोध्नु भएको एकासीऔँमा कृष्णले साथी सुदामाले दिएको चिउराको कनिका खाएर सुदामाको आश्रममा इन्द्रलाई पनि दुर्लभ लक्ष्मीकको रचना गर्नुभएको वयासीऔँमा

पाण्डव आदि राजाहरू यदुहरूलाई देखेर कृष्णको कथाहरू भनेको त्रियासीऔँमा कृष्णका पत्नीहरूले आफ्नो आफ्नो विवाहको वृतान्त द्रैपदीलाई क्रमशः वर्णन गरेको, चौरासीऔँमा मुनिहरू आएपछि वसुदेवको यज्ञमा कृष्ण भगवान्ले दाजुलाई विदा गर्नु भएको पचासीऔँमा वसुदेव र देवकीले राम्रोसँग स्तुति गरिएका पुत्र बलराम र कृष्णले पिता वसुदेवलार्य ज्ञान दिनुभएको र माता देवकीलाई मरेका पुत्रहरू ल्याएर दिनु भएको छयासीऔँमा अर्जुनले गर्वबाट बहिनी सुमद्रालाई हरण गरेको र कृष्ण मिथिला गएर राजा र ब्राह्मणलाई आनन्द दिनुभएको सतासीऔमा नारायण भगवान् र नारद मुनिको संवाद वाणीद्वारा देवहरूले निर्गुण परमेशवरको कृष्णको  स्तुति गरेको अठासीऔँमा विष्णुभक्तले मुक्ति प्राप्त गर्ने र अरु देवताका भक्तहरूले धन सम्पति र ऐश्वर्य प्राप्त गरेको उनानब्वेऔँमा ब्रह्म, विष्णु र महेश्वरमा कुन देवता हुन् भन्ने संशय भएपछि भृगुले परीक्षा गरेर विष्णुको श्रेष्ठत्व ऋषिहरूलाई वर्णन गर्नुभएको दसौँ स्कन्धको नब्बेऔँ अर्थात् अन्तिम अध्यायमा कृष्णलीला सङ्क्षेपले वर्णन गरिएको र पृथ्वीमा यदुवंशमा उत्पन्न भएका सन्तानहरू करोडौँ भए भन्ने कुरा उल्लेख गरिएको छ ।[११२] यिनै घटनाहरूको वर्णन सँगै दशम स्कन्ध पनि समाप्त भएको छ ।

एघारौँ स्कन्धको प्रथम अध्याय भगवान् कृष्णले प्रेरणा गरिएका दुर्वासा आदि मुनिहरूले यदुकुमारहरूलाई यदुकुल नाश गर्ने मसुल पैदा होस् भनेर श्राप दिएको प्रसङ्गबाट प्रारम्भ भएको छ । दोस्रो अध्यायमा नारदले निमि राजा र योगेश्वारको संवादद्वारा प्रेमले सोहहने वसुदेवलाई भगवान् धर्महरू बताउनु भएको र तेस्रोमा मायालाई नाश गर्ने उपाय र ब्रह्मका चार कर्महरूको उत्तर त्तषभदेवका पुत्र योगेश्वर मुनिहरूले पृथक् गरेर दिनुभएको कुरा उल्लेख गरिएको छ ।[११३] घटना क्रम अगाडि बढ्दै जाँदा चौथो अध्यायमा मुनिहरूमा श्रेष्ठ योगी जयन्तीपुत्र द्रुमिलले भगवान्का लीलाको उत्तर दिनु भएको पाचौँमा भक्तिशून्य मनुश्यहरूको कुन स्थिति हुन्छ युग गुगमा कुन पूजाविधि हुन्छ ? जस्ता प्रश्नहरको उत्तर छैठौँमा ब्रह्मदि देवताहरूले स्तुति गरेर

---

११२. पूर्ववत् पृ. २१९-२२३ ।

११३. पूर्ववत् पृ. २२४-३१४ ।

गोलोकधाम जान निवेदन गरिएका कृष्णलाई उद्धवले आफूलाई पनि गोलोक लैजान भनी प्रार्थना गरेको सातौँमा उद्धवको ज्ञानप्राप्तिका निमित्त कृष्णले स्वयम् अवधुत दत्तात्रय ब्राह्णको इतिहास बताइएका चौबीस गुरुमध्ये आठ गुरको वर्णन आठौमा दत्तात्रय ब्राह्णले अजगर आदिको कथा यदुलाई भन्नुभएको र कष्णले त्यही वृतान्त कृषलार्य भन्नु भएको नवौमा कुररी बालक, कन्या आदिको वृत्तिद्वारा देखाइएको शिक्षालाई सुनेर यदु प्रसन्न हुनुभयो भनी कृष्णले भन्नु भएको दसौँमा देशको सम्पर्कबाट जीवको संसार मानिएको एघारौँमा बद्ध र मुक्तको लक्षण, साघुको लक्षण र भक्तिको लक्षण कृष्णले उद्धवलाई भनुभएको बाह्रौँमा सज्जन भक्तको सङ्गतको महिमा वर्णन गरिएको र सज्जनको सङ्गतबाट हरिपद मोक्ष प्राप्त गरेको तेह्रौँमा सत्वगुणको वृद्धिद्वारा ज्ञानको वृद्धि हुने कुरा श्रीहंस भगवान्ले सनकादि कुमारहरूलाई ब्रह्मवस्तुको अनुभव ज्ञान बताउनु भएको चौधौँमा भक्तिलाई सर्वश्रेष्ठ मानिएको र त्यसै प्रकारले ध्यानयोग पनि साधनाहरूका साथ वर्णन गरिएको, पन्ध्रौँमा धारणाको आश्रय गर्ने सिद्धिहरू भगवान् गोविन्दको पदप्रतिमा विहानकारी मानिएको सोह्रौमा श्रीकृष्ण भगवान्ले आफ्नो भक्त उद्धवलाई ज्ञान र शक्तिले युक्त सम्पूर्ण विभूतिहरूको वर्णन गर्नुभएको सत्रौँमा श्रीकृष्णले सबै धर्महरू उद्धवलाई बताउँदै ब्रह्मचारी एवम् गुहस्थका निमित्त हाँसले बताएको धर्म बताउनु भएको अठारौँमा वानप्रस्थहरूले नित्य व्रतमा रही र सन्यासीहरूले आशक्तिरहित भई आत्मसात् गर्दै परिमित अन्न भोजन गर्दै विचरण गर्नु पर्ने उन्नाइसौँमा ज्ञान र विज्ञानको लक्षण भक्ति योग र यम नियम आदिको वर्णन विस्तार गरिएको बीसौँमा ज्ञान , भक्ति र कर्म योगका बारेमा जानकारी दिएको एकाइसौँमा कर्म ज्ञान र भक्तिले हीन जुनकामी पुरुषहरू द्रव्य, देश आदि गुण दोषहरूलाई भोग गर्ने बाइसौँमा पुरुष र प्रकृतिको विचार मृत्यु जन्म आदिको वर्णन गरिएको तेइसौँमा दुर्जनको तिरस्कार सहने उपाय र भीक्षुगीतको प्रसङ्गद्वारा बुद्धिले मनलाई वश गर्नुपर्ने चौबीसौँमा ज्ञानद्वारा मनको आज्ञान नाश हुने र ब्रह्मबाट सम्पूर्ण जगत्को सृष्टि हुने पच्चीसौँमा आत्मजन्य सुख सात्विक विषजन्य सुख राजस सुख र अज्ञान दीनताजन्य सुख तामस सुख हो भन्ने कुराको चर्चा गरिएको छ ।[११४] छब्बीसौ अध्यायमा दुष्टको सङ्गतबाट योगविद्यालको

११४. पूर्ववत् पृ. ३१५-३३८ ।

बिनाश हुने र सज्जनहरूको सङ्गतले साधक भक्तले ब्रह्मा निष्ठा भएको मुक्तिलाई प्राप्त गर्ने सत्ताइसौँमा बौदिक, तान्त्रिक र मिश्रका भेदले सबैको कल्याणकारक हरिको पूजाविधि अट्ठाइसौँमा ज्ञानयोगलाई आश्रय गरेर विद्वान्ले अज्ञानलाई नाश गर्ने उन्तीसौँमा भगवान् कृष्णले उद्धवलाई सबै प्राणीहरूमा मेरो भाव गर्दै भक्तियोगको आश्रय गरेर तिमी बद्रीकाआश्रम जाऊ भन्नुभएको तीसौँमा यदुहरू प्रभास गएर परस्परमा युद्ध गरेको र श्रीकृष्णले आफ्नो धाम जान आफ्नो यदुकुलको संहार गर्नुभएको एकतीसौँमा ब्रह्मदि देवता ऋषिमुनिहरूले स्तुति गरिएका कृष्णले शरीर हत्या गर्नु भएको र त्यस समयमा वासुदेव आदि सबै भगवान् कृष्णकै पछि गएको कुरा उल्लेख गरिएको छ ।[११५]

द्धादश स्कन्धको पहिलो अधयायमा कृष्ण भगवान् स्वधाम गएपछि कलियुगमा प्रधोत शिशुनाग आदि राजाहरू हुने र दोस्रोमा घोर कलियुगमा पूर्ण भएपछि कल्कि अवतार हुने कल्कि भगवान्ले दुष्ट जनहरूलाई मारेर फेरी सत्यगुग प्रारम्भ गर्ने कुरा बताइएको छ ।[११६] तस्रो अध्यायमा पृथिवीको गीतद्वारा राज्यको दोषको वर्णन गरिएको र दोषपूर्ण कलियुगा हरिकीर्तनबाट मुक्ति प्राप्त गर्न सकिने कुरा उल्लेख भएको छ । चौथो अध्यायमा नित्य प्रलय, नैमित्तिक प्रलय आयान्तिक प्रलय, प्रकृति प्रलय गरी चार वटा प्रलयहरूको वर्णन गरिएको छ । पाचौँ अध्यायमा देह जन्मन्छ परमात्मा जन्मनुहुन्न त्यसैले मृत्युको भयलाई त्याग गर्न ब्रह्मले परीक्षितलाई उपदेश दिएको छैठौँमा राजा परीक्षितको मुक्ति भएको, परीक्षितका पुत्र जनमेजयबाट सर्पको होम भएको र वेदव्यासले वेदविद्याको विभाग गर्नुभएको प्रसङ्गहरू उल्लेख गरिएको छ ।[११७] सातौँ अध्यायमा अर्थर्ववेद र पुराणको विस्तार, पुराणको लक्षण र श्रीमद् भागवतश्रवणको फल वर्णन गरिएको आठौमा तपस्या गर्ने कामादि पीडित नभएका मार्कण्डेयले मुनि नारायण भगवान्को स्तुति गर्नु भएको नवौँमा लोकको क्रीडाका निमित्त भगवान्को मायालाई देख्ने इच्छा गर्ने मार्कण्डेय मुनिले बालमुकुन्दको पेटभित्र विवलाई देखेर आश्चर्य प्राप्त

---

११५. पूर्ववत् पृ. ३३८-३४३ ।

११६. पूर्ववत् पृ. ३४४-३४५ ।

११७. पूर्ववत् पृ. ३४६-३४९ ।

गर्नुभएको दसौँमा मार्कण्डेयमुनिले त्यहाँ आएका शिवलाई स्तुति गरेर प्रसन्न विशवबाट मानवदुर्लभ वरहरू प्राप्त गर्नूभएको एघारौँमा पूजाका निमित्त विराट पुरुषको वर्णन बाह्रौँमा सबै स्कन्धहरूको अर्थ सङ्क्षेपले निरूपण गरिएको तेह्रौ अध्यायमा सूतले पुराणहरूको सङ्ख्या विसतारपूर्वक भन्नु भएको र भागवत्को दानको महात्म्य बताउनु भएको कुरा उल्लेख गरिएको छ ।

## ४.४ नेपाली साहित्यका क्षेत्रमा ज्ञवालीको योगदान

अर्घाखाँची जिल्लाको ठूलाखर्क गा.वि.स.मा वि.सं. १९८८ मा जन्मिएका खेमराज ज्ञवाली एक कुशल स्रष्टा हुन् । व्याकरण, साहित्यका वेदान्त दर्शनजस्ता ग्रन्थहरूका ज्ञाता ज्ञवालीले नेपाली साहित्यका क्षेत्रमा निरन्तर सेवा गर्दै आइरहेका छन् । जसले गर्दा नेपाली साहित्यको भण्डार अझ फराकिलो बन्न पुगको छ । अधययनका सिलसिलामा श्रीकृष्ण नाथको जननी शीर्षकको कविता रचना गरी साहित्यलेखनतर्फ प्रवेश गरेका ज्ञवालीले थुप्रै फुटकर कविताहरूको साथै नेपालको प्राकृतिक सुन्दरताले भरिपूर्ण मुगु जिल्लामा रहेको राराताल त्यस तालको वरिपरि रहेका वन, जङ्गलजस्ता यावत विषयवस्तुलाई समावेश गरी **राराताल** शीर्षकको मौलिक गीतिकाव्य रचना गरेका छन् । जसले गर्दा रारातालसम्म पुग्न नसकेका मानिसहरूलाई यस कृतिले त्यस ठाउँको बारेमा पूर्ण जानकारी दिन सकेको छ । आफ्नै देश र ठाउँलाई चिनाउन सक्नु ज्ञवालीको महत्वपूर्ण योगदान हो भने माधवप्रसाद घिमिरेबाट प्रारम्भ भएको गीतिकाव्य यात्राले मद्दत गति लिएको अवस्थामा पनि त्यसतर्फ कलम चलाएर गीतिकाव्य यात्रालाई अगाडि बढाउने प्रयासमा लाग्नु पनि उनको महत्वपूर्ण योगदान हो ।

यसैगरी संस्कृतमा रचना गरिएका श्रीमद्भागवत गीता, महापुराणजस्ता कृतिहरूको सरल, सरस तरिकाबाट नेपालीमा अनुवाद गरी अनुवाद साहित्यको परम्परालाई अगाडि बढाउन सक्नु उनको महत्वपूर्ण योगदान हो ।

यसरी लामो समयसम्म अध्यापनका साथै प्रशासनिक क्षेत्रमा सेवारत ज्ञवालीले आफ्नो क्ष्मताले भ्याएसम्म हर तरहबाट राष्ट्रको लागि विकासका कार्यहरू गरिरहेका देखिन्छ ।

प्रशासनिक कार्यभार सम्हालेर पनि साहित्यका क्षेत्रमा समेत कलम चलाउन सक्नु उनको महत्त्वपूर्ण योगदान हो ।

## ४.५ निष्कर्ष

समग्रमा हेर्दा साहित्यकार खेमराज ज्ञवालीद्धारा श्रीमद् भागवत महापुराणको अनुवाद गरी वि.सं. २०६२ सालमा प्रकाशनमा ल्याइएको **श्रीशुकसुधा** पूर्वीय धर्ममा विश्वास मान्ने पाठकका लागि एक महत्त्वपूर्ण कृति हो । यसमा ज्ञवालीले श्रीमद्भागवतमहापुराणको कथावस्तुलाई खिचेर केही आफ्ना मौलिक अवर्तणकाहरूले भरेका छन् । संसारको सृष्टिको विकास, ऋृषिर्वश र राजवंशको वर्णन यस्तै मन्वन्तर र सूर्यवंसी तथा चन्द्रवंशी राजाहरूको जीवन वृतान्तसँग सम्वद्ध सामग्रीहरूका साथै राजा शुकदेवद्धारा परीक्षितलाई सुनाइएका कथाहरूलाई ज्ञवालीले सरल सरस भाषाशैलीका माध्यमबाट अनुवाद गरेका छन् । खासगरी पूर्वीय सभ्यताका बारेमा जान्त खोज्ने तर संस्कृतका जटिल शब्दहरूलाई बुझ्न नसक्ने पाठकहरूका लागि यो कृति निकै उपयोगी बनेको छ ।

# पाँचौं परिच्छेद

## ५.१ उपसंहार

प्रस्तुत परिच्छेदमा शोधपत्रको समग्र मूल्याङ्कन गरिएको छ । यस क्रममा पहिलो परिच्छेदमा शोधपरिचय प्रस्तुत गरिएको छ । जसअन्तर्गत शोधशीर्षक, शोधप्रयोजन, विषयपरिचय समस्याकथन, पूर्वकार्यको विवरण, अध्ययनको औचित्य र महत्त्व, शोधकार्यको क्षेत्र र सीमा, सामग्री सङ्कलन विधि शोधविधि, शोधपत्रको रूपरेखा रहेका छन् ।

दोस्रो परिच्छेदमा साहित्यकार खेमराज ज्ञवालीको जीवनी र व्यक्तित्वका बारेमा अध्ययन गरिएको छ । यस क्रममा साहित्यकार खेमराज ज्ञवालीको वंश परम्परा, बाल्यकाल र शिक्षा-दीक्षा, विवाह तथा दाम्पत्य जीवन, सम्मान तथा पुरस्कारका साथै धार्मिक, सामाजिक आदि व्यक्तित्वका बारेमा जानकारी दिइएको छ ।

तेस्रो परिच्छेदमा साहित्यकार ज्ञवालीको मौलिक कृति **राराताल** नामक गीतिकाव्यको अध्ययन गरिएको छ । यस क्रममा गीतिकाव्यलाई आवश्यक पर्ने विषयवस्तु, शीर्षक, संरचना आदि तत्वलाई आधार मानिएको छ ।

चौथो परिच्छेदमा खेमराज ज्ञवालीद्वारा अनुवाद गरिएको **सजिलो गीता, श्रीशुकसुधा र वेदस्तुति** जस्ता कृतिको विषयवस्तु, संरचना, शीर्षक सार्थकता आदि तत्वका आधारमा अध्ययन गरिएको छ ।

पाँचौ परिच्छेदमा यस शोधपत्रको समग्र मूल्याङ्कन गरिएको छ । जस अन्तर्गत खेमराज ज्ञवालीको बाल्यकाल देखि हालसम्मको अवस्था र उनका संरचनाहरूले नेपाली साहितयमा दिएको योगदान जस्ता कुराहरू समावेस गरिएको छ ।

वि.सं. १९८७ साल कार्तिक १४ गते बिहीबारका दिन अर्घाखाँची जिल्लाको ठूलाखर्क गा.वि.स. वडा नं ७ मा पिता चूडामणी ज्ञवाली र माता खुमाकान्ता ज्ञवालीका जेष्ठ सुपुत्रका

रूपमा साहित्यकार खेमराज ज्ञवालीको जन्म भएको थियो । सभ्य र शिक्षित परिवारमा जन्मिएका ज्ञवालीलाई वाल्यकालमा कुनै पनि दुःख कष्टहरू आइपरेका थिएनन् ।

सबैको माया, सद्भाव र प्रेरणा पाएका ज्ञवालीले पाँच वर्षको उमेरमा आफ्नै पिताबाट अक्षरारम्भ गरेका थिए भने अर्घाखाँची जिल्लाकै खिदिम स्थित हरिहर पाठशालाबाट अध्ययनको औपचारिक यात्रा प्रारम्भ गरेका थिए । सानै उमेरदेखि आफूभन्दा ठूलालाई आदर र सानालाई माया गर्ने अति मिलनसार व्यवहार भएका ज्ञवालीको ब्रतबन्ध सात वर्षको उमेरमा भएको थियो । स्कुलले जीवनका क्रममा आफ्ना साथीहरूसँग कपर्दी, भकुण्डो खेल खेल्न रुचाउने ज्ञवालीले कहिले काहीँ आफ्ना साथीहरूसँग झगडा गरे तापनि तत्कालै उनीहरूसँग मिल्न सक्ने स्वभावका थिए । त्यसैले उनी सबैका प्रियपात्र बनेका थिए । पहिला अध्ययन पूरा गर्ने र त्यसपछि साहित्य रचनातर्फ अर्थात् देश र राष्ट्रको सेवामा समर्पित हुने लक्ष्यका साथ अगाडि बढेका ज्ञवालीले हरिहर पाठशाला वाराणसीबाट मध्यमा, क्विन्स कलेज वाराणसीबाट शास्त्री, वाराणसी संस्कृत विश्वविद्यालयबाट साङ्कर वेदान्तमा आचार्य, विरला संस्कृत महाविद्यालय वाराणसीबाट शास्त्री, वाराणसी संस्कृत विश्वविद्यालयबाट लाइब्रेरी साइन्स, वृन्दावन शुक्राचार्य भागवत विद्यालयबाट श्रीमद्भागवतको विशेष अध्ययन, बाँके विहारी जी की बगैंचा गोपाल मन्दिर संस्थाबाट वैष्णव दीक्षा मन्त्र ग्रहण गरेका ज्ञवालीले नेपाल र विदेशका विभिन्न स्थानहरूमा अध्यापन समेत गराएका थिए ।

जागिरकै सिलसिलामा वि.सं २०२८ सालमा काठमाडौँको भूमिमा प्रवेश गरेका ज्ञवालीले १४ वर्षको उमेरमा अर्घाखाँचीकै खिदिम स्थित भक्तिराम गौतमकी नातिनी तथा खुमानन्द गौतमकी छोरी ज्ञानु गौतमसँग विवाह गरेका थिए । विवाह पश्चात् श्रीमान् श्रीमतीको सल्लाहअनुसार काम गर्ने र भावी सन्ततिहरूलाई उज्ज्वल भविष्य प्रदान गर्ने लक्ष्य लिएर अगाडि बढ्दै जाँदा श्रीमती ज्ञानुका कोखबाट तीन छोरा क्रमशः दामोदर ज्ञवाली, शम्भु ज्ञवाली र गोविन्द ज्ञवालीका साथै छोरी सीता ज्ञवाली र शान्ता ज्ञवालीको जन्म हुन पुग्यो । आफ्ना सन्ततिहरूको जन्म भइसकेपछि तिनलाई उच्च शिक्षा दिलाउनुका साथै सबैको विवाह दान

समेत गरिदिएका ज्ञवालीले सबै परिवार एक आपसमा मिलेर बस्न सकेमा सबैको प्रगति हुने र परिवारमा खुसी छाउने कुरा व्यक्त गरेका छन ।

जागिरे यात्रासँगै काठमाडौंको भूमिमा प्रवेश गरी अस्थायी रूपमा बसोबास गदै आएका ज्ञवाली हाल कीर्तिपुर नगरपालिका वडा नं. ३ ट्याङ्लाफाँट भन्ने स्थानमा स्थायी रूपमा बसोबास गर्दै आएका छन् भने यिनको आर्थिक स्थिति पनि राम्रै देखिन्छ ।

काठमाडौंको प्रदर्शनि मार्गमा रहेको वाल्मीकि विद्यापीठमा २९ वर्षसम्मको दीर्घ सेवा गरी हाल सेवा निवृत भएका ज्ञवाली अध्ययन र जागिरका सिलसिलामा नेपालका दाङ, गुल्मी, अर्घाखाँची, कपिलवस्तु, मुगु लगायतका जिल्लाहरूका साथै भारतका दिल्ली, कलकत्ता, वाराणसी आदि स्थानहरूमा भ्रमण गरेका छन् । जागिरका अलावा सामाजिक काममा पनि सक्रिय रहने ज्ञवालीले विद्यालय निर्माण र प्रजातन्त्रको उदयका लागि विभिनन स्थानहरूमा प्रवचन समेत गरेका छन् । धर्मलाई आस्था र अनुशासनका रूपमा हेर्ने ज्ञवालीले विशेषगरी वैष्णव धर्ममा विश्वास राख्दछन् भने अन्यलाई पनि सम्मान गर्दछन् ।

दिनमा तीन चार पटक चिया पिउन मन पराउने ज्ञवालीले दाल, भात, रोटी, लौका र प्रवरको तरकारीका साथै लप्सीको अचार खाने गर्दछन् । घरायसी कामकाजले होस् या अन्य कुनै कामले बाहिर जाँदा होस् ज्ञवालीले सधैं सफा सुकिला पोषाक लगाउने गर्दछन् । आफूसँग भेटघाट गर्न आउने बन्धुबान्धबहरूलाई मन, वचन र सुमधुर बोलीले स्वागत गर्ने र यथाशक्य जलपान गराई पठाउनु यिनको विशेषता हो ।

लामो जागिरे जीवन र साहित्य यात्रालाई अगाडि बढाउने क्रममा २९ वर्षसम्म उपलाइब्रेरीयन पदमा रही हाल सेवा निवृत भएका ज्ञवालीले साहित्यका क्षेत्रमा फुटकर कविता गीति काव्य र अनुवाद साहित्यमा समेत कलम चलाएका छन् । त्यसैले यिनलाई एक कुशल गीति नाटककार र अनुवादका रूपमा पनि चिन्न सकिन्छ ।

अध्ययनका क्रममा सन् १९४८ सालमा काशी विश्वनाथ भगवानको स्तुति गरी **श्रीकृष्ण नाथको जननी** शीर्षकको कविताबाट साहित्यतर्फ कलम चलाएका ज्ञवालीले वि.सं. २०४७ सालमा **रारताल** नामक गीतिकाव्य प्रकाशन गरेका थिए । प्रकाशनका हिसावले यो काव्य ज्ञवालीको एक मात्र मौलिक र पहिलो रचना मानिएको छ । प्राकृतिक विविधताले भरिपूर्ण नेपालको मुगु जिल्लामा रहेको **रारताल** र त्यस तालको वरिपरि रहेका वन जङ्गलका साथै प्राकृतिक दृश्यलाई विषयवस्तु बनाएर रचना गरिएको यस काव्यमा रारादहको प्राकृतिक छटाको मनोरमपूर्ण तवरले वर्णन गर्नुका साथै यसको महत्त्व उपादेयता र यसको संरक्षण एवम् सम्वधनबाट राष्ट्रलाई पुग्ने फाइदाको साङ्गीतिक वर्णन गरिएको छ ।

यसैगरी ज्ञवालीको दोस्रो रचनाका रूपमा रहेको **सजिलो गीता** कृतिमा पनि आफ्नो कौशलता देखाएका छन् । वेदव्यासद्धारा रचना गरिएको श्रीमद्भागवत गीताको सारलाई नेपालीमा अनुवाद गरेर ज्ञवालीले **सजिलो गीता** कृति निर्माण गरेका छन् । यसको मूल विषयवस्तुका रूपमा धनुर्धारी अर्जुन र भगवान् श्रीकृष्णका बीचमा चलेको संवाद रहेको छ । पूर्णरूपले महाभारतको युद्ध उद्घोष र युद्ध तयारी भइसकेपछि युद्ध मैदानमा अग्रपङ्क्तिमा उत्रिएका योद्धा अर्जुनद्धारा युद्धमा आफ्ना आफन्त र गुरुहरूलाई मात्र देखेपछि विषद गरी गाण्डीव धनु भुइँमा राखेर युद्ध नगर्ने मनस्थिति बनाएका अर्जुन र उनलाई युद्ध धर्ममा तत्पर बनाउने उनकै सारथी श्रीकृष्ण बीचको संवाद नै गीताको मुख्य विषयवस्तु बनेको छ । त्यही विषयवस्तुलाई सरल रूपमा नेपालीमा अनुवाद गरी संस्कृतलाई राम्रोसँग बुझ्न नसक्ने पाठकका लागि सजिलो र उपयोगी बनाइदिएका छन् ।

ज्ञवालीको प्रकाशनका दृष्टिले तेस्रो कृतिका रूपमा रहेको **वेदस्तुति** मा श्रीमद्भागवत महापुराणको एक अंशलाई प्रस्तुत गरिएको छ । अध्ययन गर्नका लागि निकै कठिन तर अति नै आकर्षक मानिने श्रीमद्भागवत महापुराणको दशमा कन्दको सतासीयौँ अध्याय अर्थात् भागवतको सम्पूर्ण सार यसमा रहेको छ । श्रीकृष्णको रासलीलाका साथै ब्रह्मको सृष्टि, स्थिति, प्रलयादी र साक्षात् शेषासयी नारायण स्वरूप श्रीकृष्णको अवतार लीला तथा उनको

जन्मान्तरको प्रसङ्ग नै वेदस्तुतिको विषयवस्तु बनेको छ । वेदका बारेमा जान्न खोज्ने तर संस्कृत बुझ्न नसक्ने पाठकका लागि यस कृतिले महत्त्वपूर्ण भूमिका खेलेको छ ।

ज्ञवालीको **श्रीशुकसुधा** श्रीमद्भागवत् महापुराणको विषयवस्तु अर्थात् सारतत्त्वलाई खिचेर निर्मार्ण गरिएको रचना हो । यसमा मूलतः संसारको सृटि, सृष्टिको विकास ऋषि वंश र राज वंशको वर्णन यस्तै मन्वन्तर र सूर्यवंशी तथा चन्द्रवंशी राजाहरूको जीवन वृतान्तसँग आवद्ध सामग्रीका  साथै सुकदेवद्धारा राजा परीक्षित्लाई सुनाइएका कथाहरू समाविष्ट भएका छन् । वेदव्यासद्धारा रचना गरिएको श्रीमद्भागवत महापुराणको बारेमा जान्न चाहने तर संस्कृतका कठिन शब्दहरूको अर्थ नबुझ्ने पाठकहरूको ध्यानलाई मध्यनजरमा राखेर ज्ञवालीले यस कृतिलाई सरल, सरस भाषामा अनुवाद गरेका छन् । जसले गर्दा संस्कृत भाषा नवुझ्ने पाठकका लागि पनि निकै उपयोगी बन्न पुगेको छ । यस कृतिमा ज्ञवालीले **श्रीमद्भागवत महापुराण**को सारलाई मात्र समावेश नगरी केही आफ्ना मौलिकअवतर्णिकाहरूले भरेका छन् ।

यसरी अर्घाखाँची जिल्लाजस्तो बिकट ठाउँमा जन्मेर पनि विविध वाधा अड्चनसँग सङ्घर्ष गर्दै जागिरे जीवन र साहित्ययात्रा अगाडि बढाउँदै आएका ज्ञवालीले नेपाली साहित्यका फाँटमा सहयोगीको भूमिका खेल्दै आएको कुरा स्पष्ट हुन्छ ।

सम्भावित शोधशीर्षकहरू

१. खेमराज ज्ञवालीको **राराताल** गीतिकाव्यको अध्ययन ।
२. खेमराज ज्ञवालीको अनुवाद साहित्यको अध्ययन ।

# सन्दर्भसूची


**पुस्तक**

उपाध्याय, केशवप्रसाद, **साहित्य प्रकाश**, ललितपुरः, साझा प्रकाशन, २०३० ।

गौतम, मेघराज, **नन्दनहरि व्यक्ति र कृति**, काठमाडौँः, ध्रुव अधिकारी, २०५६ ।

ज्ञवाली, खेमराज, **राराताल,** काठमाडौँः, सीमा छापाखाना, २०४७ ।

" **वेदस्तुति**, काठमाडौँः, विद्यार्थी पुस्तक भण्डार, २०५८ ।

" **सजिलो गीता** काठमाडौँः, प्रशान्ति पुस्तक भण्डार, २०६२ ।

" **श्रीशुकसुधा,** काठमाडौँः, विद्यार्थी पुस्तक भण्डार, २०६३ ।

थापा, हिमाशु, **साहित्य परिचय,** (चौ. स.), ललितपुरः, साझा प्रकाशन, २०५० ।

पोखेल, बालकृष्ण र अन्य, (सम्पा.) **नेपाली बृहत् शब्दकोश,** (पाँ स.) काठमाडौँः, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५२ ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, **नेपाली साहित्यका संक्षिप्त इतिहास,** (पाँ.सं.), ललितपुरः, साझा प्रकाशन, २०५६ ।

वंशावली प्रकाशन समिति, **ज्ञवाली वंशावली**, (दो.सं), काठमाडौँः, ज्ञवाली गुठी समाज, २०५७ ।

**अप्रकाशित शोधग्रन्थ**

आचार्य, नरहरि, **नेपाली साहित्यमा सोमनाथ सिग्देलको योगदान**, अप्र. शोधपत्र, काडमाडौँः, २०३३ ।

गौतम, नारायण, **कवि नरेशजंङ्ग राणाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्र. शोधपत्र, दाङ्ग, २०६३ ।

ढुङ्गाना, सुधाकर, **भुवनहरि सिग्देलको जीवन व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्र. शोधपत्र, काठमाडौँः, २०६१ ।

सुवेदी, भरतमणि, **कवि भूपी शेरचनको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन**, काठमाडौँः, २०३७ ।